# ओखलढुङ्गा जिल्ला कटुञ्जे गा.वि.स.का सुनुवार जातिको सामाजिक एवम् सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा
स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको
प्रयोजनका निमित्त
प्रस्तुत

## शोधपत्र

प्रस्तोता

**ऋषिकेश भट्टराई**
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
२०६५

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिकशास्त्र सङ्काय
## नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग
## कीर्तिपुर

# शोधपत्र मूल्याङ्कन समितिको सिफारिस

ऋषिकेश भट्टराईद्वारा प्रस्तुत ओखलढुङ्गा जिल्ला कटुञ्जे गा.वि.स.का सुनुवार जातिको सामाजिक एवम् सांस्कृतिक अध्ययन विषयको शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त स्वीकृत प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति** **सही**

१. डा. धन वहादुर कुँवर
शोध निर्देशक ..................................

२.
वाह्य निर्देशक ..................................

३. प्रा.डा. दिनेशचन्द्र रेग्मी
विभागीय प्रमुख ..................................

मिति : २०६५/ /

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिकशास्त्र सङ्काय
## नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग
## कीर्तिपुर

### शोधनिर्देशकको सिफारिस पत्र

ऋषिकेश भट्टराईले मेरो निर्देशनमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त ओखलढुङ्गा जिल्ला कटुञ्जे गा.वि.स.का सुनुवार जातिको सामाजिक एवम् सांस्कृतिक अध्ययन  शीर्षकमा यो शोधपत्र तयार गर्नु भएको हो । म निजको कार्यबाट सन्तुष्ट छु । अतः प्रस्तुत शोधपत्र परीक्षण- मूल्याङ्कनका निमित्त सिफारिश गर्दछु ।

))))))))))))))))))

डा.धन वहादुर कुँवर
शोध निर्देशक

मितिः २०६५।    ।

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिकशास्त्र संकायअन्तर्गत नेपाली इतिहास, संस्कृति पुरातत्त्व केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षको आशिंक आवश्यकता परिपूर्ति प्रयोजनको निमित्त प्रस्तुत शोधपत्र ओखलढुङ्गा जिल्ला कटुञ्जे गा.वि.स.का सुनुवार जातिको सामाजिक एवम् सांस्कृतिक अध्ययन नामक शोधपत्र तयार गरी प्रस्तुत गरेको छु ।

विविध जातजातिका अनेकतम सामाजिक, सांस्कृतिक विशेषताहरूले भरिएको नेपालमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूका लागि रुचिपूर्ण छ । नेपालमा रहेका विविध जातजातिहरूको तुलनामा सुनुवार जातिको अध्ययन अनुसन्धानको कार्य ज्यादै कम भएको र यस जातिको वास्तविक सामाजिक, सांस्कृतिक पक्षको धेरथोर जे-जति भए पनि जानकारी हुनेछ भन्ने कुरामा मैले विश्वास लिएको छु ।

यस शोधपत्रको तयारीका क्रममा एक गोष्ठी मार्फत् जानकारी दिने विभागीय प्रमुख डा. दिनेशचन्द्र रेग्मी र अन्य गुरुहरूप्रति म सर्वप्रथम हार्दिक आभार प्रकट गर्दछु । यस शोधपत्र लेखन कार्यमा अफ्नो अमूल्य समय, सल्लाह र सुझाव दिएर शोध निर्देशकको भूमिका निर्वाह गर्नु हुने आदरणीय गुरू सह-प्राध्यापक डा. धनवहादुर कुँवरप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस जातिको अध्ययनको क्रममा आवश्यक पर्ने स्रोत, सामग्री जुटाई सक्दो प्रयास गर्ने श्री खडोस सुनुवार, श्री शम्भुप्रसाद दाहाल, श्री गङ्गा सुनुवार, श्री तुलसी भट्टराई, सुश्री अनुसुया भट्टराईप्रति हार्दिक धन्यवाद टक्र्याउँदछु । अध्ययनको क्रममा सहयोग गर्ने स्थानीय सुनुवारहरूलाई धन्यवाद दिन चाहन्छु । साथै कम्प्यूटर प्रिन्ट गर्न सहयोग गर्ने श्री चूडामणि बराल र श्री गोविन्द थापाप्रति धन्यवाद दिन चाहन्छु ।

शोधार्थी,

)))))))))))))))
ऋषिकेश भट्टराई

मितिः २०६५।४।

# विषयसूची


| शीर्षक | पृष्ठ |
|---|---|
| कृतज्ञता ज्ञापन | |
| नक्सा | |
| अध्याय एक : परिचय | १-१० |
| १.१ अध्ययनको परिचय | १ |
| १.२ अध्ययनको उद्देश्य | ३ |
| १.३ अध्ययनको समस्या | ४ |
| १.४ पूर्व साहित्य समीक्षा | ४ |
| १.५ अध्ययनको महत्त्व | ६ |
| १.६ अध्ययनको क्षेत्र | ७ |
| १.७ अध्ययनको विधि | ८ |
| १.७.१ अध्ययनको संरचना | ८ |
| १.७.२ नमुना छनौट | ९ |
| १.७.३ तथ्याङ्क सङ्कलनमा अपनाइएका विधिहरू | १० |
| १.८ अध्ययनको सङ्गठन | १० |
| अध्याय - दुई : अध्ययन क्षेत्रको परिचय | ११-२७ |
| २.१ ओखलढुङ्गा जिल्लाको सङ्क्षिप्त परिचय | ११ |
| २.१.१ ओखलढुङ्गाका महत्त्वपूर्ण धार्मिक स्थलहरू | १३ |
| २.२ कटुञ्जे गा.वि.स.को परिचय | २० |
| २.२.१ कटुञ्जे गा.वि.स. नामकरण रहनुको पृष्ठभूमि | २० |
| २.२.२ कटुञ्जे गाउँ विकास समितिको भौगोलिक अवस्थिति | २० |
| २.२.३ जनसङ्ख्याको स्थिति | २१ |
| २.२.४ धार्मिक स्थिति | २२ |
| २.२.५ स्वास्थ्य एवम् शैक्षिक अवस्था | २३ |
| २.२.६ कटुञ्जे गा.वि.स.का महत्त्वपूर्ण पर्यटकीय स्थलहरू | २५ |

अध्याय- तीनः सुनुवार जातिको परिचय २८-४४

३.१ नेपालका किराँतहरू र तिनका शाखाहरू २८

३.२ नेपालका जनजाति र सुनुवार जाति ३०

३.३ सुनुवार जातिको उत्पत्ति र मूल थलो ३२

३.४ सुनुवार जातिका थरहरू ३४

३.५ ओखलढुङ्गा जिल्लामा सुनुवार जातिका मानिसहरूको आधिपत्य भएका क्षेत्रहरू ३६

३.६ सुनुवार जातिसँग सम्बन्धित संघ-संस्थाहरू ३७

३.७ सुनुवार जातिको भाषा र साहित्य ३९

३.८ सारांश ४३

अध्याय- चारः सुनुवार जातिको सामाजिक तथा सांस्कृतिक अध्ययन ४५-६१

४.१ सुनुवार जातिको सामाजिक अवस्था ४५

४.२ शारीरिक बनावट ४५

४.३ घरको बनावट ४६

४.४ परिवारको सङ्ख्या र नाता सम्बन्ध ४७

४.५ खानपिन र भाँडावर्तन ४८

४.६ समाजमा महिलाको स्थान ४८

४.७ भेषभूषा र गर-गहनाहरू ४९

४.८ युवा र वृद्धाहरूको अवस्था ५०

४.९ सुनुवार जातिमा प्रचलित महत्त्वपूर्ण संस्कारहरू ५०

४.९.१ जन्म संस्कार ५०

४.९.२ नामकरण ५१

४.९.३ अन्न प्राशन (भात ख्वाइ) ५२

४.९.४ छेवर (कपाल काट्ने) ५२

४.९.५ विवाह संस्कार विधि ५३

४.९.६ मृत्यु संस्कारसम्बन्धी विधि ५५
४.१० सुनुवार जातिमा मनाइने महत्त्वपूर्ण चाडपर्वहरू ५७
४.१०.१ चण्डी पर्व ५७
४.१०.२ मसेरानी पर्व ५८
४.१०.३ दशैं ५९
४.१०.४ तिहार ६०
४.१०.५ कृष्णाष्टमी ६०
४.१०.६ सारांश ६१

अध्याय-पाँच : सुनुवार जातिको धार्मिक र आर्थिक अवस्था ६२-७४
५.१ सुनुवार जातिमा गरिने पूजा र विधिहरू ६२
५.१.१ गोठ धूप पूजा ६२
५.१.२ चण्डीपूजा ६३
५.१.३ गिल र छेगु पूजा ६५
५.१.४ काँष र सुरोम पूजा ६६
५.१.५ सेद र वासुराजा पूजा ६६
५.१.६ अग्नि र देवपूजा ६७
५.१.७ कोरा पूजा ६७
५.२ सुनुवार जातिको आर्थिक अवस्था ६८
५.२.१ कृषि ६८
५.२.२ पशुपालन ७०
५.२.३ नोकरी/सरकारी सेवा ७१
५.२.४ ज्यालामजदुरी ७२
५.२.५ अन्य ७२
५.२.६ सारांश ७४

अध्याय- छ : सुनुवार जातिमा देखिएको परिवर्तित स्थिति ७५-८१
६.१ बसांई सराइ ७५
६.२ पुरोहितको समस्या हुनु ७६
६.३ अन्य जातिसँगको सम्बन्ध ७७
६.४ आधुनिकीकरण र शिक्षा ७७
६.५ परिवर्तनको प्रभाव परेका क्षेत्रहरू ७८
६.५.१ खानपिन ७८
६.५.२ पोशाक ७८
६.५.३ स्वास्थ्य ७९
६.५.४ थर लेख्ने ७९
६.५.५ धार्मिक क्षेत्र ७९
६.५.६ राजनीति ८०
६.५.७ बस्ती बस्ने ८०
६.५.८ पुरोहित मान्ने ८०
६.६ सारांश ८०

अध्याय-सात : सारांश, निष्कर्ष र सुझावहरू ८२-८७
७.१ सारांश ८२
७.२ निष्कर्ष ८४
७.३ सुझावहरू ८५
सन्दर्भ सामग्री ८८
परिशिष्ट ९०
चित्रफलक ९३

# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको परिचय :

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र सार्वभौमसत्ता सम्पन्न राज्य हो । यो दुई विशाल राष्ट्र चीन र भारतको बीचमा रहेको भूपरिवेष्ठित राज्य हो । पृथ्वीनारायण शाहले यस देशलाई दुई ढुङ्गाबीचको तरुलको रूपमा दाँजेका थिए ।

साझा चौतारीको रूपमा अफ्नो अलग्गै धार्मिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक विशेषता बोकेर एशियाको मध्य भागमा अवस्थित नेपालले विश्व मानचित्रमा सानो ठाउँ ओगटे तापनि यसको आफ्नो बेग्लै पहिचान आदिकालदेखि रहिआएको छ । बनौटका दृष्टिले उत्तरी सीमानामा गगनचुम्बी हिमालहरू, दक्षिणमा समतल मैदान र उत्तर दक्षिण मध्ये भागमा पहाडी श्रृङ्खला, भञ्ज्याङ्ग, खोच, उपत्यका, टार रहेका छन् । नेपाल परापूर्वकालदेखि ऋषिमुनिहरूको तपोभूमि र वीरहरूको वीरताले भरिएको आकर्षक केन्द्रको रूपमा रही आएको छ । नेपाल विविध जातजाति, धर्म, संस्कृति, भाषा, रहनसहन र रीतिरिवाजले गर्दा विश्वसामु एक आकर्षक स्थल बन्न पुगेको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा देशमा श्रीपेचकै रूपमा रहेको छ ।

नेपाल पृथ्वीको उत्तरी गोलार्धमा सवैभन्दा ठूलो महादेश एशियाको मध्य भागमा अवस्थित छ । यसको भौगोलिक स्थिति २६ डिग्री २२  मिनेट देखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेटदेखि ८८ डिग्री १२ मिनेट पूर्व देशान्तरसम्म फैलिएको छ । नेपालको १,४७,१८१ वर्ग कि.मि. छ । नेपालले विश्वको ०.०३ प्रतिशत र एशिया महादेशको ०.३ प्रतिशत भू-भाग ओगटेको छ । नेपालको समय निर्धारण गौरीशंकर हिमालको नजिक भएर जाने ८६$^{0}$१५ पूर्वी देशान्तरलाई आधार मानी तयार गरिएको छ ।

नेपालको पूर्व, पश्चिम र दक्षिणमा भारतका बंगाल, बिहार तथा उत्तर प्रदेश राज्यहरू पर्दछन् । त्यस्तै उत्तरतर्फ जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ । यसरी चारै तिरका सीमाना भू-स्थलबाट छुट्टिएकोले नेपाललाई एक भू-परिवेष्ठित राज्य मानिन्छ ।

नेपाल भौगोलिक विविधतायुक्त मुलुक हो । यहाँ हिमाल, पहाड, तराई, उपत्यका, भञ्ज्याङ्ग, टार, वनजङ्गल, नदीनाला प्रशस्त रहेका छन् । सर्वोच्च शिखर सगरमाथा (८८४८ मि.) देखि सवभन्दा होचो भाग झापाको केचनाकलन ७० मि. सम्मका स्थानहरू यहाँ रहेका छन् ।

नेपालका ७५ जिल्लाहरूमध्ये एक हो ओखलढुङ्गा । यहाँ रहेका ५६ गा.वि.स.हरूमध्ये कटुञ्जे एक हो । यस गा.वि.स.को पूर्वमा सोलुङ्ग र मोलुङ्ग खोला, दक्षिणमा च्यानम खोला, उत्तरमा हर्कपुर गा.वि.स. र पश्चिममा विलन्दू र फूलबारी गा.वि.स.हरू पर्दछन् । कटुञ्जे गा.वि.स.मा क्षेत्री, बाहुन, दमाई, कामी, सुनुवार, नेवार, तामाङ्ग आदि विविध जातिहरूको बसोबास रहेको छ ।

प्राचीनकालदेखि विभिन्न जात, भाषा एवम् संस्कृतिले पनि नेपाल सम्पन्न मानिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ ले पनि नेपाललाई एक बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक राज्यको रूपमा  उल्लेख गरेको छ । नेपालमा विभिन्न मूलका जातिहरू बसोबास गरेका छन् । जस्तै– खसमूल, तिब्बती बर्मेली आदि । नेपालमा  बस्ने विभिन्न जातिका मानिसहरूमा तिब्बती बर्मेली मूलका मानिसहरूका पनि प्रशस्तै छन् । जसको शारीरिक बनौट, थेप्चो नाक, गालाका हड्डी  उठेका, चिम्सा आँखा प्रमुख विशेषता हुन् ।

जातजातिबारे नेपालमा पहिले सटिक अधिकारिक विवेचना तत्कालीन सरकारले २०५३ पौष ३० गते प्रो सन्तबहादुर गुरुङको संयोजकत्त्वमा गठन गरेको जनजाति उत्थान प्रतिष्ठान कार्यदलले गरेको छ । उक्त कार्यदलले जनजातिलाई यसरी परिभाषित गरेको छ–[ज]

[ज] नवराज अधिकारी, (सं.) "नेपालका आदिवासी र जनजाति",  अन्तराष्ट्रिय मञ्च, वर्ष २०, अङ्क १२, वि.सं. २०६१ असोज, , पृ. ३७ ।

- जसको आफ्नै छुट्टै सामूहिक सांस्कृतिक पहिचान छ ।
- जसको परम्परागत धर्म, भाषा, रितिरिवाज र संस्कृति छ ।
- जसको आफ्नै भौगोलिक क्षेत्र छ ।
- जसको लिखित र अलिखित इतिहास छ ।
- जुन समुदाय भित्र 'हामी भावना' छ ।
- जो नेपालको आदिबासी हो ।
- जसले आफूलाई जनजाति भन्दछन् ।

यसरी जनजातिहरूको आफ्नै पहिचान देखिन्छ । नेपालमा हालसम्म ५९ जनजातिको पहिचान भइसकेको छ ।[६]

यसप्रकार नेपालको सानो भू-बनौटमा विभिन्न थरीका जात जातिहरू बसोबास गरेको पाइन्छ । भौगोलिक बनावटले नेपालमा बसोबास गर्ने विभिन्न जातिको सामाजिक, सांस्कृतिक क्षेत्रमा पनि फरकपन देखिन्छ ।

## १.२ अध्ययनको उद्देश्यः

नेपाल एक विकासोन्मुख देश भएकाले, यसका लागि यहाँ हरेक जनजातिको सामाजिक एवम् सांस्कृतिक विकास हुनु जरुरी देखिन्छ । कटुञ्जेका सुनुवारहरूले पनि आफ्नो पहिचान एवम् संस्कृति संरक्षणका लागि क्रियाशील रहनु आवश्यक छ । यसका जातिका बारेमा निम्न लिखित कुराहरू जान्नु अध्ययनको उद्देश्य रहेको छ–

(१) उत्पत्ति सम्बन्धी कुरा थाहा पाउनु,

(२) यस जातिको सामाजिक एवम् सांस्कृतिक पक्षको अध्ययन गर्नु,

[६] सूचना विभाग, नेपाल अधिराज्यको सङ्क्षिप्त परिचय, काठमाडौं : श्री ५ को सरकार, सूचना तथा संचार मन्त्रालय, वि.सं. २०६१, पृ. ५९ ।

(३) सुनुवार जातिको धार्मिक र आर्थिक पक्षको अध्ययन गर्नु,

(४) परिवर्तनका कारणहरू (शिक्षा, बसाइँ-सराइ, आधुनिकीकरण, अन्य जातिको सम्पर्क) बारे अध्ययन गर्नु ।

## १.३ अध्ययनको समस्या :

नेपालमा हालसम्म जानकारीमा आएका विभिन्न जातजातिहरूमा जनजातिहरूको सङ्ख्या ५९ रहेको छ । यति धेरै जनजातिहरूको नेपाल भने अनुरूप अध्ययन गर्न सकिएको छैन । विभिन्न जनजातिको आफ्नो अलग्गै धर्म, भेषभूषा, परम्परा भएको पाइन्छ । यसरी धेरै सङ्ख्यामा रहेका जनजातिहरूको अध्ययन हुन सकिरहेको छैन जुन आजसम्मको एउटा प्रमुख समस्या हो । नेपालमा रहेका विभिन्न जनजातिहरूमध्ये सुनुवार एक जाति हो । यो जाति पूर्वी नेपालको ओखलढुङ्गा, रामेछाप, लिखु, सुनकोशी नदी किनारमा बसोबास गर्दछन् । तर यहाँका यस जातिको बारेमा विस्तृत अध्ययन भएको छैन ।

ओखलढुङ्गा जिल्लाको कटुञ्जे भन्ने ठाउँमा बसोबास गर्ने सुनुवारहरूमा आफ्नो संस्कृतिको साथै त्यहीँ बस्ने ब्राह्मण, क्षेत्रीलगायत अन्य जातिको संस्कृति मान्दछन् । यसरी आफ्नो छुट्टै संस्कृतिको संरक्षण गर्न पनि कमै मात्र लागेको देखिन्छ ।

यस जातिका सम्बन्धमा निम्नअनुसार समस्या देखिएका छन्–

(क) धर्म परिवर्तन गरिनुको कारण,

(ख) थर परिवर्तन गर्न खोज्नु अर्थात् थर परिवर्तन हुँदै जानु,

(ग) यस जातिका बारेमा विस्तृत रूपमा प्रकाशमा नआउनु,

(घ) अन्य जातिको संस्कृति अनुसरण गर्नु ।

## १.४ पूर्व साहित्य समीक्षाः

नेपाल एक बहुजातीय राष्ट्र हो । यहाँ विभिन्न भाषा, धर्म, संस्कृति, रीतिरिवाज भएका जातजातिहरूको बसोबास रहेको छ । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न ठाउँमा विभिन्न जातिको बसोबास रहेको छ । तर सबै

ठाउँमा सबै जातजातिको समान सङ्ख्या छैन । कुनै स्थानमा केही जातजातिहरू नै नभएको पाइन्छ । नेपालमा बसोबास गर्ने सुनुवार जातिलाई नै हेर्ने हो भने पनि यो जाति रामेछाप, ओखलढुङ्गामा बढी बसोबास गरेको देखिन्छ । हिजोआज बसाईं-सराईले अन्यत्र पनि केही सङ्ख्यामा रहेका छन् ।

नेपालमा जातजातिहरूको अध्ययन गर्ने विभिन्न विद्वान्हरूले यस जातिका सम्बन्धमा विस्तृत अध्ययन गरेको देखिँदैन । नेपालमा परम्परागत खेती किसानकै काम गरेर यो जातिले पनि जीवन निर्वाह गरेको देखिन्छ । खेती गर्ने क्रममा यिनीहरूले मकै, कोदो, आलु, गहुँ, जौको खेती गर्ने गर्दछन्  भने घरायसी पेशामा तानमा विभिन्न सामान जस्तै गुन्द्री बुन्ने, रुमाल बुन्ने गर्दछन् । त्यस्तै चोयाबाट पनि विभिन्न सर-सामान बनाउँदछन् । चोया र यसबाट निर्मित सामग्रीमा सुनुवारहरू अग्रस्थानमा छन् (डोरबहादुर विष्ट, १९९८) ।

## मधुसूदन पाण्डे - नेपालका जनजातिहरूः

नेपालमा जनजातिहरूको परिचयात्मक जानकारी मधुसुदन पाण्डेले “पैरवी प्रकाशन” बाट प्रकाशित “नेपालका जनजातिहरू” नामक वि.सं. २०६४ मा प्रकाशित पुस्तकमा सुनुवार जातिका सम्बन्धमा मुख्य बसोबास स्थल, पेशा, संस्कृति, एवम् धर्मको बारेमा अति सङ्क्षिप्त रूपमा उल्लेख गर्नु भएको छ तर यिनीहरूको पूजा एवम् चाडपर्व लगायत थुप्रै विषय यहाँ समेटिएका छैनन् तसर्थ विस्तृत अध्ययनका लागि अपुग देखिन्छ । सुनवार जातिको भाषा, धर्म, मूलथलो, जनसङ्ख्या, भेषभूषाका बारेमा सङ्क्षिप्त जानकारी यस पुस्तकमा दिइएको छ तर यिनै कुराहरूलाई अझ व्यापक रूपमा जान्न र बढोत्तरी गर्न थप अध्ययन आवश्यक हुन आउँछ । यहाँ अन्य जातिका बारेमा पनि सङ्क्षिप्त परिचय दिइएको कारण कुनै एक जातिको भने विस्तृत रूपमा दिएको देखिंदैन ।

## हाम्रो समाज एक अध्ययन–  जनकलाल शर्मा

साझा प्रकाशन, तेस्रो संस्करण २०५८ मा प्रकाशित जनकलाल शर्माको “हाम्रो समाज एक अध्ययन” ग्रन्थमा पनि विभिन्न जातजातिका साथै सुनुवार जातिको पनि परिचय दिनु भएको छ । तर शर्माले यस जातिको पेशालाई बढी महत्त्व

दिनु भएको देखिन्छ । उहाँले यस जातिलाई किराँत समूह राई, लिम्बू जस्तै एउटा थर भएको उल्लेख गर्नु भएको छ । यस ग्रन्थबाट यस जातिको सामाजिक, आर्थिक, सांस्कृतिक पक्षको सङ्क्षिप्त मात्र जानकारी पाइन्छ । यस पुस्तकमा शर्माले सुनुवारहरूको उत्पत्तिका सम्बन्धमा पनि सङ्क्षिप्त उल्लेख गरेका छन् । तर उक्त जातिका बारेमा देखिने समस्या, विकास क्रममा देखिएका कुरामा गहन अध्ययन हुन भने सकेको छैन ।

### सबै जातको फूलबारी – डोरवहादुर विष्ट

सबै जातको फूलबारी, साझा प्रकाशन, सातौं संस्करण २०५५ मा डोरवहादुर विष्टले "हामी सुनुवार र जिरेल" मा सुनवारलाई मगरको एक हाँगो भनी उल्लेख गरेका छन् तर यस सम्बन्धमा प्रष्ट भने गरेका छैनन् । यसर्थ यस सम्बन्धमा हालसम्म अन्योल नै देखिन्छ । यहाँ विष्टले जिरेल दाजुभाइ भएका, सुनुवारहरू आर्थिक विपन्नताका कारणले अन्य मुलुकमा गई सेनामा भर्ती हुने गरेका, परम्परागत व्यावसाय नै गर्ने र पूर्वी तराईको सिम्रौनगढबाट अन्यत्र फैलिएका भन्ने कुरा उल्लेख छ । संस्कारमा विवाह संस्कारको र रहनसहनमा भेषभूषाको सङ्क्षिप्त उल्लेख गरेका छन् (पृष्ठ ४८- ५०) ।

### नेपाली जनजीवन - नगेन्द्र शर्मा

साझा प्रकाशन, २०५८ मा प्रकाशित "नेपाली जनजीवन" पुस्तकमा नगेन्द्र शर्माले विभिन्न जनजातिका साथै सुनुवारको उल्लेख गरेका छन् । उक्त पुस्तकमा शर्माले यस जातिको पेशा, रहनसहन, लवाईखवाई, चाडपर्वका बारेमा छोटो जानकारी दिएका छन् । किराँत जाति एक समूहका रूपमा यस जातिलाई उल्लेख गरेका छन् तर विस्तृत विवरण भने पाउन सकिँदैन । २००७ मा संस्करित (पृष्ठ १३४-१३५) मा पनि पेशा, रहनसहन, बसोबास क्षेत्रकै बारेमा चर्चा गरेका छन् ।

## १.५ अध्ययनको महत्व

नेपालको विकासका लागि यस देशमा रहेका विभिन्न जातिहरूहको ऐतिहासिक, सांस्कृतिक, सामाजिक, आर्थिक र शैक्षिक स्थितिकाबारेमा सत्यतथ्य तथ्याङ्क आवश्यक पर्दछ । देशको विकास भन्नु नै त्यस देशका जनजातिको विकास भन्ने हुन्छ । जब


देशमा विकासका लागि योजनाहरू तर्जुमा गरिन्छन्, तब सबै मानव विकासका लागि हुन्छ । यही क्रममा कटुञ्जेमा रहेका सुनुवार जातिको पनि देश विकासमा पहुँच पुग्न सकोस् भन्ने उद्देश्यले अध्ययन जरुरी छ । यहाँका सुनुवारहरूको अध्ययनबाट तिनीहरूका शैक्षिक संस्कृतिका बारेमा जानकारी प्राप्त गर्नु, विकासमा अघिल्तिर ल्याउनु खोज्नु र सांस्कृतिक एवम् सामाजिक पक्षमा जानकारी लिनु अध्ययनको महत्त्व हो । कटुञ्जेमा रहेका सुनुवारहरूको अन्य जातिले गर्ने क्रियाकलापभन्दा कुन कुरा फरक छ भनी जान्नु सुनुवारहरूको सामाजिक, सांस्कृतिक एवम् आर्थिक अवस्थाको जानकारी प्राप्त गर्नु अध्ययनको उद्देश्य हो जसले यस सम्बन्धमा थप अध्ययन गर्ने शोधकर्ताहरुलाई टेवा पुग्ने छ ।

## १.६ अध्ययनको क्षेत्र:

यो अध्ययन पूर्वी नेपालको ओखलढुङ्गा जिल्लाको कटुञ्जेमा रहेका सुनवारहरू बसोबास केन्द्रमा भएको छ । यहाँ यिनीहरूको आफ्नो वस्ती भएकोले अध्ययन क्षेत्र कटुञ्जेका विभिन्न वडामा रहेका वस्तीमा आधारित भई गरिएको छ । कटुञ्जेका हरेक वडाका सुनुवार जातिको वस्ती क्षेत्रलाई नै अध्ययन क्षेत्र मानिएको छ । भौगोलिक रूपमा पूर्वमा सोलुङ्ग, मोलुङ्गखोला, उत्तरमा हर्कपुर र विलन्दु गा.वि.स. दक्षिणमा च्यानम खोलाका बीचमा अवस्थित यस कटुञ्जेका सुनुवारहरूको र सीमानाका केही सम्बन्धित क्षेत्रको अध्ययन यहाँ गरिएको छ । यस गा.वि.स.का वडा नं. १, २, ३, ४, ७ लगायत अन्य क्षेत्रलाई पनि अध्ययन क्षेत्रमा समेटिएको छ, किनकि यस गा.वि.स.का अन्य बासिन्दासँग पनि नजिक भएको कारण र छिमेकीका रूपमा अन्य जातिहरू भएकाले अन्य क्षेत्र समेटिएको छ । उक्त स्थानका सुनुवारहरुको सामाजिक एवम् सांस्कृतिक अध्ययन गराउन नसकिएको अवस्थाहरूमा द्वितीयक स्रोतहरूको प्रयोग गरिएको छ ।

सीमा विहीन भएमा अध्ययन सम्भव हुँदैन । यहाँ पूर्वमा नदीले सीमाना छुट्याएको क्षेत्र सोलुङ्ग, मोलुङ्ग खोलादेखि निकट र उत्तरमा हर्कपुर क्षेत्रभित्र नपुगी सीमा क्षेत्रमा सम्बन्धित कुरालाई मात्र अध्ययन गर्ने र दक्षिणमा च्यानम खोला, पश्चिममा फूलवारी, विलन्दु, फेदीगुठ गा.वि.स. नै सीमा छुट्याइएको क्षेत्रभित्र

अध्ययन गरिएको छ । साथै प्राथमिक स्रोत उपलब्ध हुन नसकेको अवस्थामा द्वितीय स्रोतको प्रयोग गरिएको छ । यसमा गरिने अध्ययनको अवधारणात्मक ढाँचा तल प्रस्तुत छ–




## १.७ अध्ययन विधिः

जुनसुकै विषयवस्तुका बारेमा जान्न, बुझ्न र अनुसन्धान गर्न अर्थात् अध्ययनका लागि अपनाउने विधि अध्ययन विधि हो ।

### १.७.१ अध्ययनको संरचनाः

यो अध्ययन जातिका बारेमा सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था समेटेर गरेको अध्ययन हो । यस अध्ययनका लागि वर्णनात्मक संरचना नै तयार

गरिएको छ । मूलतः गुणात्मक तथ्यहरूमा आधारित भई विवरणात्मक शैलमिा सुनवार जातिको विस्तृत अध्ययन गरिएको छ । अध्ययन गरिएका कुरालाई सहज ढङ्गले बुझ्न सकिने गरी छरितो एवम् मीठो संरचना बनाइएको छ ।

### १.७.२ नमुना छनौटः

अध्ययनको सहजताका लागि सम्पूर्ण पक्षलाई समेट्ने गरी नमुना छनौट गरिएको छ । ओखलढुङ्गाको कटुञ्जेमा रहेका जम्मा ९७ घरसङ्ख्या मध्ये ३० वटा घर सङ्ख्या नमुना छनौटका लागि लिइएको छ । नमुना छनौटमा प्रत्येक वडाबाट छुट्टाछुट्टै घरसङ्ख्या लिइएको छ । नमुना छनौटमा सम्पन्न, विपन्न, सबै पक्षलाई समेटिएको छ । यसरी लिएको नमुनाबाट खान पुग्ने, नपुग्ने, शिक्षित, अशिक्षित, बालक, वृद्ध, खेतीपातीको अवस्थालाई तालिकामा देखाउने उद्देश्यले नमुना छनौट गरिएको छ । एक ठाउँमा भएका घर परिवारहरू मध्ये अति नजिकका घरपरिवारबाट १-२ वटा र पातलो क्षेत्रबाट र अन्य जातिसँग सम्पर्क भएका बस्तीबाट नमुना लिइएको छ । जसले सबै क्षेत्रको समेटिएर उपर्युक्त अध्ययन हुन सकोस् भन्ने लक्ष्य राखिएको छ ।

### १.७.३ तथ्याङ्क सङ्कलनमा अपनाइएका विधिहरूः

तथ्याङ्क सङ्कलन गर्दा २ किसिमका विधि अपनाइएको छ । ती हुन्–

(क) प्राथमिक विधि

(ख) द्वितीयक विधि

(क) प्राथमिक विधिः

यस विधिबाट तथ्याङ्क सङ्कलन गर्दा अध्ययन क्षेत्रको भ्रमण नै गरिएको छ । साथै घरधुरी सर्वेक्षण मुख्य सूचनादाता, स्थानीय विद्यालयका शिक्षक, गा.वि.स. सचिवबाट छलफल गरी, तस्वीर लिई, आवश्यक तथ्याङ्क लिएर प्राथमिक विधि प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । साथै सुनुवार जातिका बृद्ध, बालक र आईमाई सबैसँग प्रश्नावली बनाई प्राथमिक तथ्याङ्क लिइएको छ । अन्तर्वार्ता विधि नै प्राथमिक स्रोतका लागि अपनाइएको विधि हो ।

(ख) द्वितीयक स्रोत :

द्वितीयक स्रोतमा पुस्तकालयबाट प्रकाशित र अप्रकाशित पुस्तकहरू रहेका छन् । खासगरी पत्र-पत्रिका, गा.वि.स.को पार्श्व चित्र, तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्कहरू, विभिन्न विद्वान्हरूका ग्रन्थहरू द्वितीय स्रोतमा लिइएका छन् । सुनुवार सेवा समाजबाट प्रकाशित पत्रिकामा उल्लेखित कुराहरू द्वितीय स्रोतका रूपमा लिइएका छन् ।

## १.९ अध्ययनको सङ्गठनः

अध्ययनलाई सिलसिलेवार ढङ्गबाट अघि बढाउन र प्राप्त तथ्याङ्कलाई सही उपयोग गर्न मिल्ने गरी निम्न अध्यायमा वर्गीकरण गरिएको छ–

(१) अध्याय - एक : अध्ययनको परिचय

(२) अध्याय - दुई : अध्ययन क्षेत्रको परिचय

(३) अध्याय - तीन : सुनुवार जातिको परिचय

(४) अध्याय - चार : सुनुवार जातिको सामाजिक एवम् सांस्कृतिक अध्ययन

(५) अध्याय - पाँच : सुनुवार जातिको धार्मिक र आर्थिक अवस्था

(६) अध्याय - छ : सुनुवार जातिमा देखिएको परिवर्तित स्थिति

(७) अध्याय - सात : सारांश, निष्कर्ष र सुझाव

# अध्याय - दुई

# अध्ययन क्षेत्रको परिचय

## २.१ ओखलढुङ्गा जिल्लाको सङ्क्षिप्त परिचयः

नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा रहेको एक पहाडी जिल्ला हो ओखलढुङ्गा । यो जिल्ला सगरमाथा अञ्चलमा पर्दछ ।

यस जिल्लाको नामकरणका सम्बन्धमा विभिन्न भनाइ रहेको पाइन्छ । ऐतिहासिक दृष्टिकोणबाट हेर्दा यो जिल्ला मल्लकालीन राजा लक्ष्मीनरसिंह मल्लले आफ्नो राज्य विस्तारका क्रममा पूर्व पहाडतिर सेना पठाएको र ती सेनाले आफ्नो जीवनरक्षाका लागि किराँतीहरूसँग धान खोसी त्यस धानलाई एउटा ठूलो ढुङ्गाको ओखल बनाई कुटी भात पकाएर खाएकोले जिल्लाको नाम नै ओखलढुङ्गा रहन गएको हो भन्ने विश्वास पाइन्छ । जसको प्रमाणस्वरूप त्यसबेलादेखि त्यो ओखल जस्तो ढुङ्गोलाई बचाउँदै हाल पर्खाल लगाएर संरक्षण गरिएको छ ।

भौगोलिक अवस्थितिका दृष्टिमा यस जिल्लाको पूर्वमा खोटाङ्ग, पश्चिममा रामेछाप, उत्तरमा सोलुखुम्बु र दक्षिणमा उदयपुर तथा सिन्धुली जिल्लाहरू रहेका छन् । उत्तरी अक्षांश २७°६ु देखि २७°३२ु र पूर्वी देशान्तर ८६°४ु भित्र अवस्थित छ । यस जिल्लाको जम्मा क्षेत्रफल १०७४ वर्ग कि.मि. छ भने समुद्र सतहबाट ३५० मीटरदेखि ३६०६ मीटर सम्मको उचाईमा रहेको छ । यहाँको हावापानी उष्ण र ठण्डा समशितोष्ण रहेको छ । यहाँको तापक्रम औषत २५°८ देखि ४०° सेल्सियससम्म पुग्दछ । यस जिल्लामा पतझर किसिमको वनजङ्गल रहेको छ । यहाँ बहुमूल्य जडीबुटीहरू जस्तै– टिमुर, रिठ्ठा, चिराइतो, पाँचऔंले, अल्लो, कटुस, पाखनबेत जस्ता जडीबुटीहरू पनि पाइन्छन् ।

यस जिल्लाको पूर्व-पश्चिम र दक्षिणपट्टि नदीले सीमानाको काम गरेका छन् । पूर्वमा दूधकोशी नदी, पश्चिममा लिखु र दक्षिणमा सुनकोशी नदी रहेको छ । यस जिल्लामा रहेको सबैभन्दा ठूलो खोला मोलुङ्ग हो भने अन्यमा ढोट्ने, सोलुङ्ग, लिपे,

सेर्ना, फेदीखोला, सिस्नेखोला, पाल्ले, च्यानम, पोक्तिङ्ग आदि रहेका छन् । यहाँ धेरै झरना पनि रहेका छन, जसमध्ये रातमाटे, पोकली र सेप्ली यस जिल्लाका प्रसिद्ध झरना हुन् ।

ओखलढुङ्गा जिल्ला भौगोलिक रूपमा विविधता रहेको जिल्ला हो । जुन जिल्ला हिमाल, पहाड, उपत्यका, टार, वेसी, खोँच, भञ्ज्याङ्गबाट भरीपूर्ण छ । यो जिल्ला समुन्द्र सतहबाट ३५० मीटरको उचाईदेखि ३५०६ मीटरको उचाईसम्म अवस्थित छ ।

यस जिल्लामा विभिन्न जातिहरूको बसोबास रहेको पाइन्छ । यहाँका जातिहरूमा राई, मगर, सुनुवार, शेर्पा, दमाई, कामी, सार्की, नेवार, रहेका छन् ।

यहाँ रहेका प्रसिद्ध स्थानहरूमा ओखलढुङ्गा, रुम्जाटार, ककनी फूलबारी, वरुणेश्वर, खिजी चण्डेश्वरी, जरायटार, तीनतले डाँडा, माने भञ्ज्याङ्ग, खानी भञ्ज्याङ्ग, चुप्लु भञ्ज्याङ्ग, नारायणस्थान, जलपादेवी भगवती, जलजले महादेवस्थान, कुन्तादेवी, सेतीदेवी, रानीवन पर्दछन् ।[घ]

वि.सं. २०५८ सालमा लिइएको जनगणना अनुसार यस जिल्लाको कुल जनसङ्ख्या १,५६,७०२ रहेको छ । जसमा महिलाहरूको सङ्ख्या ८१,३४१ र पुरुषहरूको सङ्ख्या ७५,३६१ रहेको छ । पाँच वर्ष मुनिको जनसङ्ख्या १९,५५४, ७५ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या २,८२१ रहेको छ । कुल घर परिवार सङ्ख्या ३०,१२१, औसत परिवार सदस्य सङ्ख्या ५.२० र जनघनत्त्व प्रति वर्ग कि.मि. १४६ जना रहेको छ ।[ढ]

धर्मको दृष्टिकोणबाट हेर्दा हिन्दू धर्म मान्ने ७३.८६%, बौद्ध धर्म मान्ने १४.९७% र किराँत, क्रिश्चियन, मुस्लिम र अन्य धर्म मान्ने सङ्ख्या क्रमशः १०.४२%, ०.३८%, ०.०२% र ०.३६% रहेका छन् ।[छ]

त्यस्तै प्रमुख पाँच जातजातिहरूको जनसङ्ख्या पनि क्रमशः क्षेत्री २४.५६, बाहुन ११.८८, राई ११.९३, मगर १०.३७ र तामाङ ९.१७ प्रतिशत रहेका छन् ।[ट]

---

[घ] महेश, कोर्मोचा, “ओखलढुङ्गा : पर्यटन विकासको सङ्क्षिप्त जानकारी”, कोइचबु वर्ष ७, अङ्क १, काठमाडौं : सुनुवार सेवा समाज, वि.सं. २०५५, पृ. ६२ ।

[ढ] केन्द्रीय तथ्याङ्क विभाग, ओखलढुङ्गा जिल्ला एक चिनारी, काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६१ असार, पृ. १२ ।

[छ] ऐजन ।

### २.१.१ ओखलढुङ्गाका महत्वपूर्ण धार्मिक स्थलहरू :

(क) ककनी:

पूर्वाञ्चल जिल्लाको ओखलढुङ्गा स्थित कटुञ्जे गा.वि.स. वडा नं. ४ मा रहेको एउटा महत्त्वपूर्ण एवम् पवित्र तीर्थस्थल हो ककनी । कटुञ्जे गा.वि.स. को वडा नं. ४ पनि ककनी नामले नै प्रसिद्ध छ । भौगोलिक रूपमा विकट यस स्थान कटुञ्जेको माथिल्लो भागमा पर्दछ । घना जङ्गलको बीचमा एवम् छाँगाको नजिक यस स्थलको भ्रमण गर्न पनि गाह्रो पर्दछ । यो स्थान ओखलढुङ्गा जिल्ला सदरमुकामदेखि करिव ७ कोश पश्चिममा पर्दछ । यस स्थलको वरिपरि गुराँसको अत्यन्त रमाइलो जङ्गल छ । ओखलढुङ्गाको प्रसिद्ध डाँडा तीनतलेको नजिकमा पर्ने यस स्थानको नजिकमा एउटा अति नै रमणीय डाँडो रहेको छ । जुन स्थानबाट ओखलढुङ्गा जिल्लाको कटुञ्जे, हर्कपुर, विलन्दु, वरुणेश्वर, विकुटार, कुन्तादेवी, फूलबारीलगायतका थुप्रै गा.वि.स. हरू देख्न सकिन्छ । यहाँको भौगोलिक बनावट विकट भएकाले सोचे अनुरूप विकास हुन सकेको छैन ।

यस स्थानबाट देखिने नजिकको ठाउँ कोसभञ्ज्याङ्ग हो । यस भञ्ज्याङ्गमा क्षेत्री र सुनुवारहरूको बसोबास रहेको पाइन्छ । कोश भञ्ज्याङ्ग कटुञ्जे गा.वि.स. को एउटा प्रमुख नाका हो जहाँबाट पश्चिममा पर्ने अन्य गा.वि.स.मा जान सकिन्छ । यसको वरिपरि जाँते, गोपे स्थान पर्दछन् । यी स्थानमा पनि मानिसहरूको बसोबास भएको पाइन्छ ।

ककनीमा प्रसिद्ध चम्पादेवीको पूजा अर्चना गरिन्छ । यस स्थानमा रहेकी चम्फादेवीको नजिकमा एउटा ठूलो अत्यन्त आकर्षक छाँगो छ । जसको दृश्यावलोकनबाट यहाँ आउने तीर्थयात्रीलाई मनोमोहक तुल्याउँछ । प्रत्येक वर्ष यस स्थानमा वर्षको दुई पटक मेला लाग्दछ । ऋषितर्पणीको दिन (जनै पूर्णिमा) मा धामीहरूको मेला र तिहारको लक्ष्मीपूजादेखि पूर्णिमासम्म १५ दिने मेला लाग्दछ ।[ठ] जनै पूर्णिमाको दिन यस स्थानमा क्षेत्री, बाहुनहरू अर्थात् तागाधारीहरू जनै लगाउन

---

[ट] ऐजन ।

[ठ] सूचना विभाग, मेचीदेखि महाकाली भाग १, काठमाडौं : सूचना विभाग, वि.सं. २०३१, पृ. ७२४ ।

यस ठाउँमा जाने गर्दछन् । जनै पूर्णिमामा यहाँ जनै लगाउन जानेहरूले देवीको स्थान नजिकै रहेको छाँगोमा नुहाएर पवित्र भएर जनै लगाउँदछन् । यसै दिन ककनीका सुनुवार र तामाङ जातिका मानिसहरू पनि धोती फेरी पवित्र वस्त्र लगाएर ढ्याङ्ग्रो बजाउँदै उकालो चढ्दै चम्पादेवीको स्थानमा गई नाचगान गर्ने र देवीको पूजा उपासना गरी फर्कने गर्दछन् ।

यस स्थानमा लक्ष्मीपूजादेखि पूर्णिमासम्म पनि मेला लाग्दछ । यस मेलामा जिल्लाका विभिन्न भागहरूबाट र छिमेकी जिल्ला खोटाङ, सोलुखुम्बु, रामेछाप, उदयपुर, सिन्धुलीबाट पनि मेला भर्न अर्थात् दर्शन गर्न दर्शनार्थीहरू आउने गर्दछन् । यातायातको सुविधा नभएको कारणले पैदल यात्रा गर्नु पर्ने हुँदा र यस स्थानमा होटलवासलगायतका अन्य सुविधाको पनि अभाव रहेकोले दर्शनार्थीहरू खाजा सामल बोकेर आउने गर्दछन् । एक दिन भोकै बसी भोलीपल्ट नजिकैको छाँगोमा नुहाएर सफा भई देवीको दर्शन गर्ने परम्परा रहेको छ । यहाँ एउटा के जनविश्वास रहेको छ भने यस स्थलमा दर्शन गर्ने यात्रीहरूको भीड बढेमा पानीको छाँगो स्वयं ठूलो हुने र यात्रीहरूको सङ्ख्या घट्दै गएमा छाँगो सानो रहने भनाइ त्यहाँका स्थानीय बृद्धाहरूको रहेको छ । यस सम्बन्धमा आधिकारीक धारणा भने सार्वजनिक भएको छैन । यहाँको वरिपरिको वातावरण अत्यन्त सफा रहेकोले केही टाढाबाट दर्शन गर्न जानेहरू (केटाकेटी र बृद्धाहरू) भने कहिलेकाहीँ बाटैबाट फर्कन्छन् । यस ठाउँको नजिक रहेको डाँडो जसलाई स्थानीय स्तरमा रमाइलो डाँडा भनिन्छ । त्यस ठाउँमा मेला अवधिभर भने सानोतिनो पसल एवम् होटल पनि राख्ने गरिन्छ तर त्यो त्यति सुविधा र भरपर्दो हुँदैन ।

यस ठाउँको एउटा महत्त्वपूर्ण विशेषता के छ भने अन्यत्र जस्तो दलित एवम् अछूत मानिने मानिसहरूलाई प्रवेश नदिने जस्तो परम्परा छैन । सबै जाति, लिङ्ग र वर्णका मानिसहरूलाई दर्शन गर्न खुला हुन्छ । यहाँ छिमेकी गा.वि.स. च्यानमबाट त्रिशुल बेच्न कामीहरू आउने गर्दछन् । स-साना त्रिशूलहरू किनेर भक्तजनहरूले फूलपातीमा मिसाई चढाउने चलन पनि छ । कामीहरूले मेलाभर त्रिशूल बेचेर राम्रो आर्थिक आर्जन पनि गर्दछन् । रु.१ मा चारवटा सम्म अत्यन्त स-साना त्रिशूलहरूको

किनबेच हुन्छ । यस समयमा यहाँ तामाका त्रिशूलले ठूलो बजार पाउने र न्यून आय स्तर भएका कामीहरूले राम्रो आम्दानी पनि गर्ने गर्दछन् । यी साना-साना त्रिशूल फूलपातीमा मिसाएर राख्ने अर्थात् चढाउने प्रचलन छ । यसरी चढाइएको फूलपाती देवीको स्थानबाट त्रिशूल छानेर पाती एवम् प्रसादको रूपमा पनि लिने चलन छ । यसरी पाती एवम् प्रसाद लिंदा झुक्किएर त्रिशूल घरै ल्याई पुऱ्याइएमा त्यसै वर्ष र सो वर्ष नभ्याएमा पुनः अर्को वर्ष दर्शन गर्न गई दोब्बर त्रिशूल खरिद गरी चढाउनु पर्ने विश्वास पनि छ । यस स्थानमा नजिकबाट तीर्थ गर्न जानेहरू दही, नाम्ला, डोरी, हसिया, कोक्रो बोकेर जाने गर्दछ भने टाढाबाट जानेहरू स्थानीय सुनुवारहरूद्वारा बनाइएका कोक्रा, डोका, नाम्ला एवम् डोरी किनेर चढाउने गर्दछन् । यसरी यी सामानहरू खरीद गरी चढाउनुको छुट्टा-छुट्टै महत्त्व रहेको छ, जुन तल प्रस्तुत गरिएको छ–

दहीः

देवीको स्थानमा दही चढाउने प्रचलन यहाँ व्यापक रहेको छ । देवीस्थानमा दही लगेर चढाउनाले लैना गाईवस्तु नटुट्ने र सधैँ गोरसले भरिपूर्ण हुने विश्वास रहेको छ । दही चढाउन लाँदा लैना गाई वस्तु नहुनेले किनेर पनि चढाउने गर्दछन् । तर किन्ने, बेच्ने प्रचलन भन्दा माग्ने प्रवृत्ति बढी छ । चढाउन लगेको दही बाँकी रहे दर्शन गरी सकेर नजिकैको डाँडोमा बसी सबै मिली बाँडचुड गरेर खाने गर्दछन् । खाली भाँडो घर लैजान हुँदैन भन्ने मान्यताले दहीको भाँडोमा जल लैजाने एवम् भर्ने चलन छ । त्यो जल घर लगेपछि वस्तुको थलामा, बालीनालीमा एवम् अन्नपातमा छर्कने चलन छ, जसलाई स्थानीय स्तरमा सुनपानी भन्ने गरिन्छ ।

नाम्लाः

यस स्थानमा चढाइने अर्को महत्त्वपूर्ण वस्तु नाम्लो हो । गरिब एवम् कम आय आर्जन हुनेले भारी बोकेर आफ्नो जीविका निर्वाह गर्नु पर्ने हुँदा यस स्थानमा नाम्लो चढाउनाले वर्षभरि नै खाली नभई भारी बोक्न पाइने र आफ्ना लालाबालाको पालनपोषण गर्न सकिने भनाइ छ । यसरी चढाइने नाम्ला नरम चोयाबाट

सुनुवारहरूले बनेका हुने गर्दछन् । यो प्रचलन विगत केही वर्षदेखि कम हुँदै गएको छ । प्लाष्टिकको नाम्ला एवम् डोरीको बढ्दो प्रचलनले यसमा कमी आएको हो ।

कोक्राः

सन्तान नहुनेहरूको सन्तान प्राप्ति हुने विश्वासले गर्दा यस देवीको स्थानमा स्थानीय सुनुवार जातिहरूद्वारा बनेका बाँस एवम् निगालाका अत्यन्त राम्रा कोक्राहरू यहाँ चढाइने गरिन्छ । सन्तान नभएका विवाहित जोडीहरूले जतिसुकै महँगो भए पनि कोक्रा किनेर चढाउने प्रचलन यहाँ रहेको छ । यसरी चढाइएका कोक्राहरू अन्य तीर्थयात्रीहरूले चढाएको ठाउँबाटै बोकेर हिँड्दछन् । यस स्थानमा कोक्रा बिक्री गर्न सुनुवारहरू मेलाको केही दिन अघिदेखि नै त्यस स्थानमा जाने गर्दछन् ।

दाम्ला एवम् डोरीः

दाम्ला एवम् डोरी पनि यस स्थानमा चढाइने प्रचलन व्यापक रहेको छ । गोठ रित्ता हुनेहरूले र पशुपालन व्यावसायबाट भने अनुरूप फाइदा लिन नसक्नेहरूले विश्वासका साथ दाम्ला एवम् डोरी चढाउने प्रचलन छ ।

यसरी चढाइने दाम्ला, डोरी, कोक्रा, नाम्लाहरू बन्ने र बिक्री वितरण गर्ने कार्य त्यहाँका सुनुवारहरूको हो । उनीहरूले चोयाबाट एक दिनमा नै प्रशस्त यी सामानहरू बनाउने गर्दछन् । यी सामग्री निर्माण गर्नमा सिद्धहस्त यी जातिहरूले यस स्थानमा लाग्ने चम्पादेवीको मेलाबाट राम्रो आम्दानी गरेको पाइन्छ ।

यहाँ अर्को के विश्वास पनि रहेको छ भने बोली प्रष्ट रूपमा आउन नसकेका बालबालिकाहरूलाई पनि यस ठाउँमा लगेर देवीको दर्शन गराइन्छ । यसरी देवीको दर्शन बालबालिकालाई गराउँदा बोली फुट्छ र बाठा हुन्छन् भन्ने किम्बदन्ती रहेको छ । यहाँ मेला सुरु हुने दिनदेखि नै ब्राह्मणहरूद्वारा सप्तशती चण्डीको पाठ पनि गरिन्छ । आफ्ना मनोकाङ्क्षा पूरा होऊन् र सफलता मिलोस् भन्ने उद्देश्यले केही दर्शनार्थीहरू घरैबाट सम्पूर्ण पूजा सामग्री बोकेर गई ब्राह्मणद्वारा चण्डी पाठ पनि गराउने गर्दछन् । यस समयमा ब्राह्मणहरूले पनि राम्रो आम्दानी गर्ने गर्दछन् । यसरी पूजा पाठ गराउनेहरूको सङ्ख्या अत्यधिक रहेको हुन्छ ।

यस स्थानमा र यसको केही वरपरसम्म ठूली एकादशीमा ठूलो मेला एवम् बजार लाग्दछ । ठूली एकादशीको दिन यहाँ फूल साँघु तार्नेहरूको भीड लाग्ने गर्दछ । त्यस दिनको फूलसाँघुले वरिपरिको गुराँसे वन पूरै ढकमक्क देखिन्छ । ठूली एकादशीको दिन केही तल रहेको कोश भञ्ज्याङ्गमा ठूलो बजार लाग्छ । त्यहाँ फर्सी, सखरखण्ड, तरुल, सुन्तलाको ठूलो व्यापार हुने गर्दछ । यस दिन सम्पूर्ण गाउँका बासिन्दाहरू र छिमेकी जिल्लाका तीर्थयात्रीहरू समेतको उल्लेखनीय उपस्थिती हुन्छ ।

ओखलढुङ्गा कटुञ्जेमा यस स्थानको निकै ठूलो स्थान रहेको र परापूर्वकालदेखि नै प्रसिद्ध धार्मिक स्थलको रूपमा ककनीको चम्पादेवीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकोले यसको विकास र विस्तार गरेर सम्पूर्ण राज्यभर र विदेशमा समेत यस स्थानको प्रचार-प्रसार गरी एउटा महत्त्वपूर्ण पर्यटक गन्तव्यको रूपमा समेत विकास गर्नु जरुरी देखिन्छ ।

(ख) कुशादेवीः

कटुञ्जे गा.वि.स.मा रहेको अर्को महत्त्वपूर्ण धार्मिक आस्थाको केन्द्रको रूपमा कुशादेवीलाई चिनिन्छ । कुशादेवीको सानो मन्दिर यस कटुञ्जेको वडा नं. ८ मा पर्दछ । एउटा ठूलो सिमलको रुखको फेदमा यो मन्दिर रहेको छ । वस्तीको बीचमा रहेको यो मन्दिर दुर्गम स्थानमा नभई सबैभन्दा सुगम स्थलको मानिन्छ । यस मन्दिर क्षेत्रको भौगोलिक स्वरूप भिरालो छ अर्थात् पाखो बारी रहेको छ । मन्दिर ढुङ्गा, माटोले निर्माण गरिएको छ भने छाना जस्ताको छ । मन्दिरमा कुनै मूर्ति नभई साधारण शिला मात्र रहेको छ । यस मन्दिरको तल्लो भागमा सार्कीको सानो वस्ती छ भने माथिल्लोभ ागमा बाहुनको बस्ती रहेको छ ।

यस मन्दिरमा हरेक हप्ताको आइतबार व्रत बस्ने व्रतालुहरू दर्शन गर्न जाने गर्दछन् । यस मन्दिरमा प्रत्येक वर्ष चैत, वैशाख महिनामा बोका, परेवाको बलि दिने पनि परम्परा छ । बलि खाने देवीको रूपमा यी देवीलाई चिनिएकाले शक्तिकी देवीका रूपमा पनि चिनिन्छ । यस स्थानमा पूजा गर्ने पुजारी हालसम्म बास्तोला थरकै मानिएको छ ।

कुशादेवीको नामबाट स्थानीय स्तरमा नजिकै कुशादेवी प्रा.वि. विद्यालय पनि स्थापना भई सञ्चालनमा रहेको पाइन्छ (वि.सं. २०४०) । यस देवीको स्थानमा विशेष गरी स्थानीय स्तरकै मानिसहरूको जमघट हुने गर्दछ । दैवी शक्तिसित सन्तुलन राख्ने प्रयास स्वरूप यस स्थानमा पूजापाठ र बलि दिने परम्परा परापूर्वकालदेखि चलिआएको छ ।

(ग) संसारी देवी:

यो स्थान कटुञ्जे गा.वि.स. वडा नं. ८ मा पर्दछ । यहाँको भौगोलिक स्वरूप भने सानो डाँडो रहेको छ, जसको नजिकै एउटा सानो जङ्गल पनि रहेको छ । सन्तलाको सानो यस जङ्गलको छेउमा रहेका २ वटा ठूला-ठूला चिलाउनेको फेदमा चारैतिर ढुङ्गा, माटोको पर्खाल लगाई घेरिएको २ वटा आस्थाको केन्द्रहरू रहेका छन् । यसरी घेरिएको पर्खालभित्र स-साना शिलाहरू राखिएका छन् । यो छुट्टै स्थान एक अर्कामा नजिकै रहेका छन्, यिनीहरूको दूरी लगभग २० मिटर जति रहेको छ । यी दुवै स्थानमा प्रत्येक वर्ष वैशाख महिनाको अन्तिम आइतबार र शनिबार बोका, परेवाहरूको बलि दिई पूजा गर्ने परम्परा रहेको छ । यी स्थानमा आइतबार पूजा गर्नेलाई आइतबारे र शनिबार पूजा गर्नेलाई शनिबारे पूजा पनि भनिन्छ । यस स्थानमा कहिले र किन पूजा गर्न शुरु गरियो भन्ने सम्बन्धमा स्पष्ट हुन सकिएको देखिदैन । त्यहाँका एक स्थानीय व्यक्ति (तुलाराम पराजुली, वर्ष ५८) का अनुसार प्राकृतिक भयबाट मुक्त हुन र खेतीपातीबाट किसानहरू आर्जित हुनु नपरोस भनेर पूजा एवम् बलि दिने परम्परा रहेको बताउँछन् । वैशाखको महिना सुख्खा हुने भएकोले सवैतिर उजाड एवम् हाहाकार हुने भएको, वर्षामा यहाँ हरियाली चलाओस, खेतीपाती सप्रियोस् भनेर पनि यहाँ पूजा गर्ने गरिएको पाइन्छ । स्थानीय स्तरका वृद्धाहरूको अनुसार धेरै पहिलेदेखि नै यस स्थानमा पूजा एवम् बलिको परम्परा रहेको बताउँछन् । तर कोही कसैले पनि स्पष्ट रूपमा बताउन भने सकेको पाइदैन ।

यस स्थानको एउटा विशेषता फुर्सदको समयमा देवी देवतालाई खुशी पार्न पूजा अर्चना गर्ने गरेको पनि पाइन्छ । सबै जातजाति, भाषाभाषी एवम् वर्गका मानिसहरूको सहभागितामा यस स्थानमा पूजा गर्ने गरिन्छ । यहाँ पूजा गर्ने पुजारी

भने प्रत्येक वर्ष फेरिरहन्छ अर्थात् निश्चित थर सबै जातिको पुजारी भनेको रहेको पाइँदैन । यस स्थानमा अन्यत्रकाभन्दा यसै गा.वि.स.का मानिसहरूको उपस्थिति हुन्छ । यहाँ पूजा गर्ने परम्परा अन्यत्रको भन्दा केही फरक पाइन्छ । बलि दिनको लागि चाहिने बोको एउटा सामूहिक रूपमा किनेर बलि दिइन्छ भने अरु प्रत्येक परिवार पिच्छे नै छुट्टाछुट्टै बोका एवम् परेवा बलि दिने गरिन्छ । सामूहिक रूपमा बलि दिइएको बोका एवम् परेवाको मासु भने दामासाही रूपले प्रसाद स्वरूप प्रत्येक घर परिवारलाई विलोको रूपमा बाँड्ने प्रचलन पनि छ । यसरी स्थानीय स्तरमा गरिने यस स्थानको महत्त्व आजसम्म पनि उत्तिकै महत्त्वका साथ गर्ने गरिएको छ ।

(घ) जलजले महादेवस्थानः

यो स्थान कटुञ्जे गा.वि.स. को नजिकैको हर्कपुर गा.वि.स. मा पर्दछ । हर्कपुर गा.वि.स. वडा नं. ३ मा पर्ने जलजले भन्ने खेतको मध्य भागमा यो मन्दिर रहेको छ (चि.सं.१) । यस मन्दिरको नजिकै सोलुङ्ग, मोलुङ्ग खोलाहरू दुईतर्फ बगेका छन् । यस मन्दिरको नजिकै एउटा हल्लुडेको ठूलो रुख पनि छ । पहाडी क्षेत्रको सुगम स्थानमा रहेको यो मन्दिरमा वरिपरिका गा.वि.स. बाट आएका मानिसबाट प्रत्येक वर्ष शिवरात्रि र बालाचर्तुदशीका दिन भव्य मेला लाग्दछ । यो मन्दिर हर्कपुर गा.वि.स.मा पर्ने भए तापनि वस्ती रहेको स्थानबाट कटुञ्जेको नजिक रहेको छ । शिवरात्रिको अघिल्लो रातदेखि नै यस स्थानमा ठूलो भीडभाड लाग्छ । यहाँ रहेको पुरानो शिबलिङ्ग अन्यत्रको भन्दा भद्दा रहेको छ (चि.सं.२) । शिवरात्रिमा नजिकैको नदी सोलुङ्ग, मोलुङ्गमा स्नान गरी ब्रतालुहरू दर्शन गर्ने गर्दछन् । शिवरात्रीको अघिल्लो दिन र शिबरात्रिकै दिन ठूलो बजार पनि लाग्ने छ । त्यस्तै बालाचर्तुदर्शीको दिन पनि यहाँ मेला लाग्दछ । बालाचतुर्दशीको अघिल्लो दिन र शिवरात्रिकै दिन ठूलो बजार पनि लाग्ने गर्दछ । त्यस्तै बालाचतुर्दशीको दिन पनि यहाँ मेला लाग्दछ । बालाचतुर्दशीको अघिल्लो दिन ब्रतालुहरू रातभरि आगो बालेर जागा रहने गर्दछन् र भोलिपल्ट विहान खोलामा नुहाएर विभिन्न किसिमका मिश्रित अन्नहरू (सत्बीज) छर्ने गर्दछन् । सत्बिज खास गरी मृतकको सम्झनामा छर्ने गरिन्छ । घरमा मृत्यु भएका आफन्त परिवारले रातभरि मन्दिरमा दियो बाली भोलिपल्ट स्नान गरी सत्बीज छर्ने गर्दछन् ।

यसरी सत्बीज छर्ने कार्य जुनसुकै जातिका मानिसले गर्दछन् । बालाचतुर्दशीको रातमा यहाँ वरिपरिका ब्राह्मणहरूद्वारा बालन खेलेर रमाइलो पनि गर्दछन् । बालन खेलेको हेर्न सर्वसाधारणको त्यस दिन ठूलो भीड लाग्छ । यस स्थानको वर्ष ७५ का ज्ञानेन्द्र भट्टराईका अनुसार– मन्दिरमा वि.सं. २०१३ सालमा तत्कालीन राजा महेन्द्रबाट पनि दर्शन भएको थियो भन्ने पाइन्छ ।

## २.२ कटुञ्जे गा.वि.स. को परिचयः

### २.२.१ कटुञ्जे गा.वि.स. नामरकण रहनुको पृष्ठभूमिः

ओखलढुङ्गा जिल्लामा रहेका ५६ वटा गा.वि.स.हरूमध्ये कटुञ्जे एक हो । यस गा.वि.स.को नामकरणको सम्बन्धमा विभिन्न भनाइ रहेको पाइन्छ–

(क) प्राचीन समयमा 'कटे' भन्ने राईले राज्य गरेको स्थान भएकोले यस स्थानलाई कटुञ्जे भनिएको हो भन्ने भनाइ रहेको छ ।

(ख) यस क्षेत्रमा कटुसको प्रशस्त रुखहरू भएको र यहाँ सुनुवार जातिको मानिसले पितृ बुझाउन सात दिनसम्म कटुसको पातमा भात, मासु, खीर र सातु राखी चढाउने प्रचलन भएको साथै कटुस पर्याप्त मात्रामा हुने भएकोले यस स्थानको नाम कटुञ्जे रहन गएको हो भन्ने किंबदन्ति रहेको छ ।

### २.२.२ कटुञ्जे गाउँ विकास समितिको भौगोलिक अवस्थितिः

यो गा.वि.स. भौगोलिक रूपमा विकट गा.वि.स. मानिन्छ । यहाँ ओखलढुङ्गा जिल्लाकै सबैभन्दा अग्लो तीनतले डाँडादेखि अन्य थुप्रै साना ठूला डाँडा एवम् टाकुराहरू रहेका छन् । यहाँ प्रशस्त खोल्सा, भञ्ज्याङ्ग, पाखा, पखेराहरू, खोँच, खोल्सा रहेका छन् । यसको छिमेकी अन्य गा.वि.स. हरूमा हर्कपुर, च्यानम, विलन्दु, कुन्तादेवी रहेका छन् । भिरालो स्वरूपको भू-धरातल रहेको यस गा.वि.स. पाखायुक्त बस्तीले भरिएको छ । जिल्ला सदरमुकाम ओखलढुङ्गाबाट ३ कोस पश्चिममा यो गा.वि.स. रहेको छ । नौ वटा वडामा विभाजित रहेको यस गा.वि.स.को वडागत स्थानीय नाम देहाय बमोजिम रहेको छः–

वडा नं.१ - भैसे गौडा र सीमपानी,

वडा नं. २ - तेस्रे, चित्रे र डाँडा टोल

वडा नं. ३ -   जाँते र माझटोल

वडा नं. ४-   केर्वेटार, महभीर र दयाराम टोल

वडा नं. ५ -   गुरुङ टोल

वडा नं. ६ -   तल्लो टोल र माथिल्लो टोल

वडा नं. ७ -   पैँयाबोट, ह्याकुले (सुनुवार) टोल, गिरी टोल

वडा नं. ८ -   पाखाखेत, बाविया, निबुवाबोट र सार्की टोल

वडा नं. ९ -   धाराको टोल र कमलपोखरी

कटुञ्जे गाउँ विकास समितिको स्थानीय स्तरबाट टोल विभाजन र नामकरण यस किसिमले गरिएको छ ।

## २.२.३ जनसङ्ख्याको स्थिति:

यस गा.वि.स. को जम्मा जनसङ्ख्या ४४४७ रहेको छ । जम्मा जनसङ्ख्यामा २२८३ महिलाहरू रहेका छन् भने २१७३ जना पुरुषहरू रहेका छन् । पुरुषहरूको तुलनामा महिलाहरूको सङ्ख्या ११० ले बढी रहेको देखिन्छ । यस गा.वि.स. मा रहेका जातिहरूको विवरण र जनसङ्ख्या देहाय बमोजिम छ ।

| क्र.सं. | जातिहरू | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | क्षेत्री | १,२२६ | २७.५६ |
| २. | बाहुन | १,१४६ | २५.७७ |
| ३. | तामाङ | ६७१ | १५.०८ |
| ४. | सुनुवार | ५८२ | १३.०८ |
| ५. | सार्की | १३२ | २.९६ |
| ६. | नेवार | १५४ | ३.४६ |
| ७. | सन्न्यासी/गिरी | १३० | २.९२ |
| ८. | भुजेल | १९४ | ४.३६ |
| ९. | कामी | ८५ | १.९१ |
| १०. | दमाई | ८२ | १.८४ |
| ११. | गुरुङ | ४७ | १.०५ |

यहाँ सबैभन्दा बढी क्षेत्री, बाहुनको जनसङ्ख्या रहेको छ भने दमाई, गुरुङको सङ्ख्या तुलनात्मक रूपमा निकै कम देखिन्छ । यस गा.वि.स.मा विभिन्न जातजातिहरूको बसोबास रहेको पाइन्छ ।[ड]

## २.२.४ धार्मिक स्थिति:

धर्मको अवस्थालाई हेर्दा यहाँ हिन्दू धर्म मान्नेको सङ्ख्या बढी छ । जम्मा सङ्ख्याको ३६९० हिन्दू धर्माबलम्बीहरू छन् भने ७४७ बौद्ध धर्म मान्ने, ९ किराँत र थाहा हुन नसकेको धर्म मान्नेको सङ्ख्या १ रहेको छ । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।[ढ]

| क्र.सं. | धर्म | जम्मा जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दू | ३६९० | ८२.९८ |
| २. | बौद्ध | ७४७ | १६.७९ |
| ३. | किराँत | ९ | ०.२० |
| ४. | थाहा हुन नसकेको | १ | ०.०२ |
| | जम्मा: | ४४४७ | १०० |

धर्मका दृष्टिले सवभन्दा बढी हिन्दू धर्म मान्ने रहेका छन् । केही प्रतिशत मात्र मानिसले आफ्नो छुट्टै धर्म मानेको देखिन्छ ।

## २.२.५ स्वास्थ्य एवम् शैक्षिक अवस्था:

कटुञ्जेमा रहेका विभिन्न मानिसहरूको स्वास्थ्यको अवस्था त्यति सन्तोषजनक देखिदैन । यस गा.वि.स.मा एउटा मात्र स्वास्थ्य चौकी रहेको छ, तर भने अनुरूप स्वास्थ्य सेवा समयमै उपलब्ध हुन सक्दैन । यहाँका मानिसहरू पनि परम्परागत विश्वास धामी, झाँक्रीबाट उपचार नभएपछि अन्तिम अवस्थामा मात्र स्वास्थ्य संस्थामा जाने गर्दछन् । विरामी भई उपचार गर्नको लागि डोकोमा बोकेर घण्टौँ टाढा जिल्ला अस्पतालमा जानु पर्ने हुन्छ । यसर्थ स्वास्थ्यका दृष्टिकोणबाट यहाँका

[ड] गा.वि.स. कार्यालय, कटुञ्जे, गा.वि.स.को पार्श्वचित्र (भिलेज प्रोफाईल), कटुञ्जे गा.वि.स. २०५९, पृ. ७-९ ।

[ढ] ऐजन ।

बासिन्दाले भौगोलिक विकटताका कारणले र त्यहाँ भएको स्वास्थ्य संस्थाको भरपर्दो सुविधा नभएका कारण असहज परिस्थिति भोग्न बाध्य छन् ।

शैक्षिक अवस्थामा यस गा.वि.स.का लगभग हरेक वडाहरूमा प्राथगमिक तहसम्मका विद्यालयहरू रहेका छन् भने एउटा मात्र माध्यमिक विद्यालय रहेको छ (चि.सं. ३) । विद्यालयहरूको सुविधा भए तापनि सबै समुदायका मानिसले भने उचित एवम् पूरा शिक्षा कमैले मात्र लिएको पाइन्छ । यहाँ रहेका सरकारी र निजी विद्यालयहरू यस प्रकार छन्–

(१) श्री कटुञ्जे माध्यमिक विद्यालय, कटुञ्जे,
(२) श्री भीमसेन प्रा.वि., घलेपाटी,
(३) श्री कुशादेवी प्रा.वि., कटुञ्जे, चौतारा डाँडा,
(४) श्री चम्पादेवी प्रा.वि., कटुञ्जे,
(५) श्री सुमित्रादेवी प्रा.वि., सुर्केनागी,
(६) श्री कालिका प्रा.वि., कोसभञ्ज्याङ्ग,
(७) श्री गंगादेवी प्रा.वि., बाविया,
(८) श्री शिवालय प्रा.वि., ह्याकुले ।

यसप्रकार यस गा.वि.स.मा रहेका शैक्षिक संस्थाले शैक्षिक क्षेत्रमा सहयोग पुऱ्याएको भए तापनि हालसम्म निरक्षरताकै सङ्ख्या बढी रहेको छ ।

शैक्षिक योग्यताको आधारमा जनसङ्ख्या

| शैक्षिक योग्यता | वडा नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| निरक्षर | ३४३ | २२२ | २४६ | ३६४ | २५९ | ३१२ | २२५ | ५०३ | १५६ | २७३० |
| साधारण लेखपढ | १९३ | १९५ | ८३ | १२२ | १७५ | १९४ | २६२ | ३२२ | १४७ | १६९३ |
| आई.ए. वा सो सरह | - | २ | - | - | ९ | ११ | २ | ३४ | १७ | ७५ |
| बी.ए.वा सो सरह | - | १ | - | १ | १ | ५ | १ | १९ | ३ | ३१ |
| बी.ए.वा सो भन्दा माथि | १ | - | - | - | १ | ३ | १ | १० | - | १५ |

स्रोतः गा.वि.स.को कार्यालय, कटुञ्जे ।

विभिन्न पेशा, व्यावसाय गरेर कुनै पनि क्षेत्रका मानिसहरूले आफ्नो जीवन निर्वाह गरेका हुन्छन् । आर्थिक अवस्था सक्षम, सुदृढ भए अन्य क्षेत्रको विकासमा पनि सजिलो हुन्छ । आर्थिक क्षेत्रको विकास हुन नसके अन्य क्षेत्रको विकासमा पनि प्रतिकूल प्रभाव पर्दछ । तर सबै क्षेत्रमा आर्थिक स्थिति मजबुत हुँदैन त्यसलाई विभिन्न पक्षहरूले प्रभाव पार्दछ । जस्तै– भौगोलिक, यातायात, सिंचाई, शिक्षा आदि । कटुञ्जे गा.वि.स. को आर्थिक अवस्थालाई हेर्दा यहाँ खेती किसान गरेर आर्थिक अभाव टार्ने गरेको पाइन्छ । कृषि, पशुपालन, नोकरी र अन्य पेशा व्यावसाय गरेर आर्थिक क्रियाकलापको माध्यम बनाएको पाइन्छ । यस गा.वि.स.को आर्थिक अवस्थालाई जीवन निर्वाहको आधारमा निम्न तालिका अनुसार हेर्न सकिन्छ–

जीवनस्तरको आधारमा घरधूरी सङ्ख्या

| खान पुग्ने समय | वडा नं. | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| ०-३ महिना खान पुग्ने | ३९ | २६ | ७४ | ९२ | ३६ | १८ | २१ | ५८ | १३ | ३७७ |
| ३-६ महिना खान पुग्ने | ३६ | ४१ | १३ | ३८ | २६ | २५ | ३९ | २९ | ८ | २५५ |
| ६-९ महिना खान पुग्ने | ९ | ९ | ५ | ३० | ५ | ३ | १९ | १८ | १२ | ११० |
| १ वर्षसम्म खान पुग्ने | १३ | ४ | २ | ६ | १३ | २४ | ३० | ५८ | ३१ | १८१ |
| जम्मा : | ९७ | ८० | ९४ | १६६ | ८० | ७० | १०९ | १६३ | ६४ | ९२३ |

स्रोतः गा.वि.स.को कार्यालय, कटुञ्जे ।

यस गा.वि.स. मा आफ्नो जीवन निर्वाह गर्नका लागि यहाँका मानिसहरूले कृषि, पशुपालन, नोकरी र अन्य जातिगत पेशा-व्यावसाय गरेको भए तापनि आर्थिक समस्या सुल्झाउन निकै मुश्किल रहेको देखिन्छ । कृषिमा धान, मकै, कोदो, आलु, साग, विभिन्न फलफूलहरू लगाइन्छन् भने पशुपालनमा गाई, भैंसी, भेडा, बाख्रा,

सुंगुर, कुखुरा, परेवा, लगायतका विभिन्न पशुपंक्षी पालन गरेको पाइन्छ । नोकरीमा निजामती, सैनिक, शिक्षण नगण्यत अन्य नोकरीमा संलग्न रहेको पाइन्छ ।

## २.२.६ कटुञ्जे गा.वि.स.का महत्वपूर्ण पर्यटकीय स्थलहरू :

कटुञ्जे गा.वि.स.मा धार्मिक एवम् पर्यटकीय दृष्टिकोणले केही स्थानहरू अग्रपङ्क्तिमा रहेका छन् । तर ती स्थानहरूको पहिचान, विकास र विस्तार गराउन भने सकिएको छैन । ती स्थानको सङ्क्षिप्त जानकारी तल प्रस्तुत गरिएको छ :

(क) ककनी :

यो स्थान कटुञ्जे गा.वि.स.को वडा नं. ४ मा अवस्थित छ । यहाँ, चम्पादेवीको पूजा अर्चना गरिन्छ । भौगोलिक रूपले यो स्थान पहाडको उच्च स्थानमा रहेको छ । धेरै पहिलेदेखि नै स्थानीय स्तरबाट यस स्थानमा पूजा गर्ने गरिन्थ्यो भन्ने भनाइ छ । भौगोलिक विकटता भए पनि त्यस स्थानमा पुगेपछि देखिने दृश्य भने एकदम मनमोहक छ । लालिगुराँसको हरियाली वन, चम्पादेवी स्थान नजिकै रहेको झरना, डाँफे, मृग जस्ता जनावरहरूले यस स्थानको सौन्दर्य बढाएको पाइन्छ । यस स्थानको थप विकास, विस्तार र जानकारी गराउनु आवश्यक देखिन्छ ।

(ख) बाविया:

पारिलो घामको दृश्यले अत्यन्त न्यानो स्थान र मनमोहक स्थानको रूपमा परिचित छ बाविया । क्षेत्री, बाहुनको बसोबास रहेको यो गाउँ भौगोलिक रूपमा भिरालो र सानो छ । यहाँ बावियो नामको खर घाँस प्रशस्त पाइने भएकोले पनि यस स्थानको नाम बाविया राखिएको हो भन्ने भनाइ छ (७५ वर्षीय ज्ञानेन्द्र भट्टराईसँगको छलफल) । पर्यटकीय दृष्टिकोणले यो ठाउँ अत्यन्त महत्त्वपूर्ण छ, जुन गाउँको माथिल्लो भागबाट वरिपरिका रमाइलो गाउँको दृश्य र जिल्ला सदरमुकामको पनि सहजै अवलोकन गर्न सकिन्छ ।

(ग) संसारी डाँडा :

यो स्थान कटुञ्जेको वडा नं. ८ मा पर्दछ । यो भौगोलिक रूपमा सानो डाँडो छ । शक्तिको रूपमा बलि स्वरूप पूजा गरिने आइतबारे र शनिबारेको रूपमा

पाठापाठीको बैशाख महिनाको अन्तिम आइतबार र शनिबार पूजा गरिन्छ । यस स्थानको वरिपरि साल, चिलाउने र सल्लाको रमाइलो वन रहेको छ ।

(घ) कुशादेवी :

कटुञ्जे गा.वि.स. मा रहेको एउटा महत्त्वपूर्ण स्थान कुशादेवी हो । जुन कटुञ्जे गा.वि.स.को वडा नं. ८ को मध्ये वस्तीमा पर्दछ । यसै देवीको नामबाट स्थानीय स्तरमा रहेको एउटा विद्यालयको नाम कुशादेवी प्रा.वि. राखिएको छ । बलि सहित पूजा गरिने यस देवीस्थानमा ब्रतालुहरू पनि दर्शन गर्न जाने गर्दछन् । वस्तीको बीचमा र अन्य स्थानभन्दा भौगोलिक रूपमा सुगम यस स्थानमा पर्यटन प्रवर्द्धन र विकास गर्न सजिलो छ तर पनि हालसम्म उक्त स्थानको सम्भावित पर्यटकीय अवस्थामा विकास हुन सकेको छैन ।

(ङ) कोसभञ्ज्याङ्ः

यो अत्यन्त रमणीय, खुल्ला र उच्च स्थानमा रहेको भञ्ज्याङ्ग हो, जुन कटुञ्जे गा.वि.स.को. माथिल्लो भागमा पर्दछ । जहाँबाट छिमेकी जिल्ला लगायत अन्य थुप्रै गाउँहरूको र हिमालको अवलोकन गर्न सकिन्छ । भौगोलिक रूपमा बसेका हरिया डाँडाले यसको महत्त्व निकै छ । वर्ष ७५ का ज्ञानेन्द्र भट्टराईका अनुसार– वि.सं. २०१३ सालमा स्व. श्री ५ महेन्द्रले पनि ओखलढुङ्गाको भ्रमण गर्ने क्रममा यस भञ्ज्याङ्गमा बसेर दही खाएको चर्चा पाइन्छ । यसको वरिपरि धूपी सल्लाको अत्यन्त रमणीय दृश्य पनि देख्न सकिन्छ । यसको नजिकै दाह्रे गौंडा र चिसापानी स्थान रहेको छ, जहाँ पुग्ने मानिसहरू प्राकृतिक मनोरमतामा भुल्ने गर्दछन् ।

# अध्याय - तीन
# सुनुवार जातिको परिचय

## ३.१ नेपालका किराँतहरू र तिनका शाखाहरू

नेपालको प्राचीन जाति वा वंश किराँतहरू पनि हुन् । नेपालमा किराँतहरूभन्दा अगाडि गोपाल वंशका शासकहरूले नेपालमा शासन गरेको वंशावलीहरूमा उल्लेख पाइन्छ । गोपालपछि महिषपाल र त्यसपछि किराँतहरूले नेपालमा राज्य गरेको विभिन्न वंशावलीहरूमा उल्लेख छ । विभिन्न सङ्ख्याका किराँती राजाहरूले नेपालमा राज्य गरेको वर्णन पाइन्छ । रामायण, महाभारत कालदेखि नै यस जातिको नेपालको सर्वप्राचीन जाति भनेर पनि उल्लेख गरिएको पाइन्छ ।

ईशाको ११ औं शताब्दीसम्म कांगडा उपत्यकाको वैजनाथहरूलाई 'किरग्राम' भनिन्थ्यो । 'किर' अर्थात् सुंगुरको पछिलाग्ने, शिकार खेल्ने, पाल्ने अर्थात् तिनीहरूको शिकार गरेर जीविका चलाउनेलाई संस्कृत वाङ्मयमा 'किराँत' जातिलाई 'किरअडी' अर्थात् किराँत भनेका छन् ।[ञण]

किराँतहरूको मूलथलो नेपालको पूर्वी भाग हो । किराँतहरूको बाहुल्य पनि आजसम्म पूर्वी नेपालमा नै छ । यिनीहरू बसोबास गरेको भूमिलाई किराँत प्रदेश भनिन्छ । किराँत प्रदेशलाई मुख्य ३ भागमा बाँडिएको छ । (क) वल्लो किराँत, (ख) माझ किराँत, र (ग) पल्लो किराँत ।[ञञ] सुनुवारहरू भने वल्लो किराँतमा पर्दछन् ।

नेपालमा किराँतहरूको अनेक शाखाहरू रहेका छन् । राई, लिम्बू, सुनुवार, जिरेल र हायू पर्दछन् । सुनुवार जातिको पूर्खा सम्बन्धी एउटा किंबदन्ति अनुसार किराँत जातिका ५ वंशजमध्ये जेठोमा जिरेल, माहिलोमा सुनुवार, साहिलोमा राई, काहिलोमा लिम्बू र कान्छोमा हायू पर्दछ भनी उल्लेख गरिएको पाइन्छ । यिनीहरूको सङ्क्षिप्त परिचय तल प्रस्तुत गरिएको छ ।

---

[ञण] जनकलाल शर्मा, हाम्रो समाज एक अध्ययन, काठमाडौं : साझा प्रकाशन, वि.सं. २०५८, पृ. २५१ ।
[ञञ] ऐजन, पृ. २५४ ।

(क) राई :

किराँत वंशको एउटा महत्त्वपूर्ण जाति राई हो । यो जातिको नेपालको खोटाङ, धनकुटा, इलाम, भोजपुर, संखुवासभा र ओखलढुङ्गा जिल्लामा बाक्लै बस्ती रहेको पाइन्छ । यिनीहरूको आफ्नै राई भाषा छ । राईहरूका विभिन्न थरहरू रहेका छन् । थर अनुसार भाषा पनि फरक-फरक पाइन्छ । खेती, पशुपालन र नोकरी नै राई जातिको प्रमुख पेशा मानिन्छन् ।

(ख) लिम्बू:

लिम्बूहरू धनकुटा, ताप्लेजुङ्ग, इलाम, पाँचथरमा बढी बसोबास गरेको पाइन्छ । यसलाई पनि किराँत जातिकै उक प्रमुख शाखा मानिएको छ । लिम्बू भाषालाई छ थरे लिम्बू र याक्थुम्वा गरी दुई भाषिकामा वर्गीकरण गरिएको छ । वि.सं. २०५८ सालको जनगणना अनुसार यो भाषा बोल्ने प्रतिशत १.४७% रहेका छन् ।[ज्ञद] लिम्बू भाषा श्रीजङ्गा लिपिमा लेखिन्छ ।

(ग) जिरेल:

दोलखा जिल्लाको जिरी आसपासमा यो जातिको बसोबास रहेको छ । यो जाति अहिले रामेछाप, सिन्धुलीलगायतका अन्य जिल्लामा पनि पाइन्छ । यस जातिलाई सुनुवारहरूका थर अन्तर्गत पनि लिएको पाइन्छ । कृषि, पशुपालन यस जातिको प्रमुख व्यावसाय हो । यो जातिलाई जिर्पा पनि भनिन्छ ।

(घ) सुनुवार :

किराँत जातिको एक प्रमुख हाँगा हो सुनुवार जाति । यो जाति रामेछाप, ओखलढुङ्गा, लिखु, सुनकोशी, नदी किनारा र दोलखामा बसोबास गर्दछन् । यस जातिका आफ्नै थुप्रै थर रहेका छन् । साथै भाषा पनि आफ्नै सुनुवार भाषा छ । आफ्नै छुट्टै संस्कार र पहिचान यस जातिमा रहेको छ ।

(ङ) हायू :

---

[ज्ञद] सूचना विभाग, नेपाल अधिराज्यको सङ्क्षिप्त परिचय, काठमाडौं : सूचना विभाग, वि.सं. २०६१, पृ. ६३ ।

किराँत जातिको ५ शाखामध्ये अन्तिम शाखाको रूपमा हायूलाई लिइन्छ । सुनुवार भाषामा हायूको अर्थ कान्छो भाइ हुन्छ, जो ऊ तल रहेको छ अर्थात् रामेछाप, ओखलढुङ्गामा बस्ने सुनुवार जातिले सिन्धुलीलाई तल रहेको ठानी, ऊ तल बसेको छ भनी बताउने गर्दछन् । हुन पनि यस जातिको मुख्य बसोबास स्थल सिन्धुलीको खुर्कोट र दुम्जामा रहेको पाइन्छ ।

## ३.२ नेपालका जनजाति र सुनुवार जातिः

नेपालमा हालसम्म ५९ वटा जनजातिहरूको पहिचान भई सकेको छ । नेपालमा रहेका हरेक जनजातिहरूको धर्म, भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकास गर्नका लागि एकिन विवरण हुनु जरुरी पनि देखिन्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म जनजातिहरू छरिएर रहेका छन् । जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानले देहायका विशेषतायुक्त जातिलाई जनजातिका रूपमा समेटेको छः[ज्ञघ]

- जसको आफ्नो छुट्टै सामूहिक सांस्कृतिक पहिचान छ ।
- जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति छ ।
- जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ ।
- जसको लिखित र अलिखित इतिहास छ ।
- जुन समुदायभित्र हामीको भावना छ ।
- जो नेपालको आदिवासी हो ।
- जसले आफूलाई जनजाति भन्दछ ।

अहिलेसम्म नेपालमा सवैभन्दा धेरै सङ्ख्या नेवार जातिको रहेको छ । त्यस्तै अन्य जनजातिहरूमा राई, सुनुवार, गुरुङ, मगर, थारु रहेका छन् ।

नेपालमा रहेको विभिन्न जनजातिहरूमध्ये सुनुवार पनि एक अल्पसंख्यक जाति हो । जनजाति महासंघले जनजातिहरूलाई लोपोन्मूख, सीमान्तकृत र सुविधा वञ्चित गरी बर्गीकरण पनि गरेको छ । नेपालमा भएको राष्ट्रिय जनगणना २०५८ अनुसार जनजातिहरू निम्न रहेका छन्ः[ज्ञढ]

---

[ज्ञघ] नवराज अधिकारी, पूर्ववत् (पा.टि.नं.१), पृ.३७ ।
[ज्ञढ] ऐजन, पृ. ४० ।

(१) वनकरिया, (२) कुसुण्डा, (३) राउटे, (४) राजी, (५) सुरेल, (६) हायु, (७) किसान, (८) लेप्चा, (९) मेचे, (१०) कुसवडिया, (११) यात्री, (१२) दनुवार, (१३) माझी, (१४) सियार, (१५) ल्होमी, (१६) धानुक, (१८) चेपाङ, (१९) बोटे, (२०) सन्थाल, (२१) झाँगड, (२२) बरामू, (२३) सुनुवार, (२४) थारु, (२५) तामाङ, (२६) भुजेल, (२७) कुमाल, (२८) राजवंशी, (२९) गनगाईं, (३०) धिमाल, (३१) भोटे, (३२) दराई, (३३) ताजपुरिया, (३४) पहरी, (३५) तोप्केगोला, (३६) डोल्पो, (३७) फ्री, (३८) मुगाल, (३९) लर्के, (४०) ल्होपा, (४१) दुरा, (४२) बलुङ, (४३) छैरोत्न, (४४) ताङबे, (४५) तिनगाउँले थकाली, (४६) मार्फाली, (४७) गुरुङ, (४८) मगर, (४९) राई, (५०) लिम्बू, (५१) शेर्पा, (५२) याक्खा, (५३) छन्त्याल, (५४) जिरेल, (५५) ब्यासी, (५६) ह्योल्मो, (५७) चिम्तन, (५८) ठिन्तन, र (५९) दरै ।

यसप्रकार नेपालमा ५९ जनजाति रहेको प्रष्ट भएको छ । नेपालका विभिन्न जातिहरूमध्ये सुनुवार पनि किराँत वंशी जाति हो । यो जाति नेपालको पूर्वी भागमा बसोबास गरेको पाइन्छ । यो जाति परम्परागत रूपमा देशप्रति बफादार तथा कर्तव्यनिष्ठ रहेको देखिन्छ । वफादारीताका कारण यसलाई मुखिया पद मिलेको हो । जसले मुखिया थर पनि लेख्ने गर्दछन् । यिनीहरू ओखलढुङ्गा, रामेछाप र दोलखा जिल्लाका अधिकांश गाउँमा घनावस्तीका रूपमा रहेका छन् । सुनुवार जातिको इष्ट देवी चण्डी भगवती हुन् । यस जातिको पवित्र रङ्ग सेतो, फूल टोटला र हतियार धनुष बाण हो ।[ज्ञछ]

यो जातिको मानिसहरूको आकृति हेर्दा थेप्चो नाक, चिम्सा आँखा, बाटुलो अनुहार, थोरै मात्रामा दारीजुँघा भएका, नरम, मिजासिला, साहसिला, आँटिला तथा परिश्रमी हुन्छन् । यी यस जातिका शारीरिक एवम् स्वभावगत विशेषताहरू हुन् ।

[ज्ञछ] तेजवहादुर मुखिया, “सुनुवार जाति एक परिचय”, कोंइचबु वर्ष ३, अङ्क १, काठमाडौं : सुनवार सेवा समाज, वि.सं. २०४९, पृ. २७ ।

## ३.३ सुनवार जातिको उत्पत्ति र मूलथलोः

सुनवार जातिको उत्पत्तिका सम्बन्धमा विभिन्न विद्वान्हरूले विभिन्न मत व्यक्त गरेका छन् । सुनुवार वंशावलीमा पनि सुनुवार जातिको उत्पत्तिसम्बन्धी छुट्टै व्याख्या रहेको पाइन्छ ।

सुनुवारहरूको उत्पत्तिको बारेमा डोरवहादुर विष्टले यस जातिलाई मगरहरूको एक हाँगा हो भनेर उल्लेख गरेका छन् । जुन जाति पूर्वी तराईंको सिमरौनगढबाट विभिन्न ठाउँमा गई बसेका हुन् भनी चर्चा गरेका छन् ।[३८]

विष्टको यस माथिको भनाइमा सुनुवारलाई मगरकै एक हाँगा भनेका छन् तर के कारणले र के कुराहरू मिल्दाजुल्दा भएकोले मगरका हाँगासँग तुलना गरेका हुन् भन्ने कुरा भने प्रष्ट हुन सकेको छैन ।

त्यस्तै, वि.सं. २०१० सालमा रामवहादुर सुनुवारद्वारा लिखित सुनुवार जातिको वंशावलीमा यस जातिको उत्पत्ति सम्बन्धमा यस प्रकारको भनाइ छ :

सर्वप्रथम भारत खण्डको मुक्ति क्षेत्रमा सुनुवारको जन्म भएको हो । त्यस ठाउँमा सूर्य मण्डलका राजा बस्दथे, उनका ५ वटी रानीहरू थिए । उनका ५ वटी छोरीहरू मात्र थिए र छोरा थिएनन् । जसमध्ये कान्छी छोरी भिमादेवीले आमाहरूले छोरा नपाई दुःख मानेकोमा उनी सूर्य भक्त भईन । जवान भएपछि रजस्वला भयो र गङ्गामा नुहाई फर्कंदा सर्वप्रथम सूर्यको छायाँ तिनमा पऱ्यो र उनी बेहोस् भईन् । होस आएपछि उनी गर्भवती भएको थाहा पाईन् । ७-८ महिनापछि उनको गर्भ रहेको कुरा थाहा पाई सोधपुछ गर्दा उनले केही भनिन् र इज्जत जाने भयो भनी राजाले मन्त्री बोलाई उनीलाई जङ्गलमा छोडी दिए । पाले, पहराका साथ वनको एउटा गुफामा सुरक्षा पनि दिइयो । वि.सं. ७७३ साल माघ २५ गते श्रीपञ्चमीका दिन उनले एउटा शिशुको जन्म दिईन्, उक्त कुरा दरबारमा पनि पुग्यो । त्यसपछि रानीहरू खुशी भई छोरा छैनन्, छोरीलाई दरबार ल्याउन आदेश दिए । दरबारमा ल्याएपछि सोधपुछ गर्दा छोरीले घटना बताईन् र पछि ज्योतिष हेराउँदा सूर्यपुत्र भएको पक्का हुन गयो ।

---

[३८] डोरवहादुर विष्ट, सबै जातको फूलबारी, काठमाडौं : साझा प्रकाशन, वि.सं. २०३०, पृ. ४८ ।

ज्योतिष हेराउँदा रक्षक धनुषधारी सूर्यवंशी किराँत 'कर्मस्या' गोत्र, सुनुवार जात, सुन्दरवीर नाम राखे । उनीलाई २१ वर्ष भएपछि काजीको पद राजाबाट प्राप्त भयो र तिनकै सन्तान सुनुवार भए ।

किराँत राज्य हरण पश्चात किराँतीहरू आफ्नो इष्टदेवी चण्डी भगवती र सुन ढुक्कुर लिई पूर्वी नेपाल तर्फ लागे । पूर्वी नेपालको विभिन्न भागमा छरिएर बसी राज्य गरे । केही राजा रजौटाले सुनकोशीवारतिर बस्ती बसाले यसरी सुनकोशीवारतिर बसोबास गर्दै आउँदा ठाउँको नामबाट सुनकोशीवार सोबाट सुन, वार र सुनवारबाट सुनुवार भएको हो भन्ने उल्लेख छ ।[ज्ञठ] तर गोत्रका सम्बन्धमा सुनुवारहरू सूर्यगोत्री भएको र कतै कर्मस्थागोत्र भन्ने उल्लेख पनि पाइन्छ । यिनीहरूको गोत्र सम्बन्धमा भने प्रष्ट हुन सकिएको छैन । सूर्यवंशी भएकोले गोत्र पनि सूर्य नै भनिएको हो कि भन्ने अनुमान छ ।

प्राचीन कालमा 'सु' वनझाँक्री र सुनझाँक्री (बोन, पोन), (सुन, सोन) को अस्तित्त्व हिमाल वरिपरि थियो । कालान्तरमा बोनपोनको अपभ्रंश भई पुन मगर बने, सुनसोनको अपभ्रंश भई सुनुवार बने भन्ने भनाइ छ ।[ज्ञड] यसरी हेर्दा मगर जातिको उत्पत्ति भएको सङ्केत पाइए पनि पुन मगर र सुनुवार एउटै वंशका हुन् भन्ने आधार पाईंदैन ।

सुनुवार भनिनुको अर्थ दूधकोशीदेखि पश्चिम सुनकोशीदेखि वार भित्र बसोबास एवम् उक्त क्षेत्रभित्र आफ्नो किपटिया अधिपत्य रहने किराँत भएकोले सुनकोशीवार भएर सुनुवार हुन गएको इतिहासविद्को मत रहेको छ ।[ज्ञढ]

नगेन्द्र राज शर्माले सूर्यवंशकै एक हाँगाको रूपमा सुनुवारहरूको उत्पत्ति भएको हो भनी उल्लेख गरेका छन् ।[द्दण]

---

[ज्ञठ] लोकप्रिय सुनुवार, "सुनुवार जातिको सङ्क्षिप्त परिचय", कोंइचबू वर्ष , अङ्क १, काठमाडौं : सुनुवार सेवा समाज, वि.सं. २०५१, पृ. ३६ ।

[ज्ञड] समीर मुखिया (सं.), "सुनुवारको सम्बन्ध", चेतना वर्ष १, अङ्क २, काठमाडौं : सुनुवार विद्यार्थी समाज, वि.सं. २०५८, पृष्ठ ३६ ।

[ज्ञढ] राजकुमार सुनवार, "सुनुवार जातिको एक चर्चा", कोंइचबू वर्ष ७, अङ्क १, काठमाडौं : सुनुवार सेवामा समाज, वि.सं. २०५५, पृ. ११ ।

[द्दण] नगेन्द्र राज शर्मा, नेपाली जनजाति, काठमाडौं : साझा प्रकाशन, वि.सं. २०५८, पृ. १२५ ।

यी आधारहरूबाट सुनुवारहरूको उत्पत्ति सूर्यवंशी र सुनकोशीवार वस्ने हुनाले सुनुवार भएको सङ्केत पाईन्छ ।

### ३.४ सुनुवारहरूका थरहरू :

सुनुवारहरूका थरका सम्बन्धमा विभिन्न विद्वान्हरूको एक मत नै पाईन्छ । तर उपथरका सम्बन्धमा भने विविध मत रहेको देखिन्छ । सुनुवारहरूका थर मुख्य पाँच प्रकारका रहेका छन् । यी मुख्य पाँच थरका सम्बन्धमा छोटो जानकारी हुनु जरुरी देखिन्छ ।

(१) बाह्रथरे सुनुवारः

यस थरका सुनुवारहरूको आफ्नै मातृभाषा छ । थर १२ वटा भएकोले नै बाह्रथरे भनिएको हो । बाह्रथरे सुनुवारलाई मारपाचे पनि भनिन्छ । सुनुवार भाषाबाट 'के गर्ने भन्दा' मारपाचे भनिने भएकोले १२ थरेलाई 'मारपाचे' भनिएको हो ।

(२) दश थरे :

दशथरे सुनुवारको आफ्नो मातृभाषा हुँदैन । मुख्य थर १० वटा रहेका छन् । यिनीहरू बाह्र थरेबाटै छुट्टिएर गएका हुन् । यिनीहरू सुनकोशी, तामाकोशी, लिखु क्षेत्रमा बसोबास गर्दछन् ।

(३) जिरेल :

जिरेलहरू बाह्रथरेबाट नै छुट्टिएका र जिरीमा गई बसेकाले जिरेल भनिएको हो भनी लोकप्रिय सुनुवारले बताउनु भएको छ । डोरवहादुर विष्टले जिरेललाई शेर्पा र सुनुवारको मिश्रित सन्तान मानेका छन् ।

(४) सुरेल :

सुरेल पनि बाह्र थरेबाटै छुट्टिएका हुन् । यिनीहरू सुरीखरीतिर बसाइँ गएकोले सुरेल भनिएको हो । यिनीहरूको १२ थरेसँग ७५ प्रतिशत भाषा मिल्छ । मुख्य बसोबास क्षेत्र दोलखा हो ।

(५) हायूः

हायूका सम्बन्धमा महेश कोर्मचाले सुनुवारी भाषामा हायूको अर्थ ‘ऊ तल’ हुन्छ र हायू सबभन्दा कान्छो भएकोले तल सिन्धुली खुर्कोट दुम्जाक्षेत्रमा बसोबास गर्दछन । ‘हरि’ को अर्थ माथि हुन्छ । अरु थरका सुनुवार, राई आदि ओखलढुङ्गा, रामेछाप, दोलखाका माथिल्लो क्षेत्रमा बसोबास गरेका छन् ।

यसरी बाह्रथरे र दश थरे सुनुवारहरूमा मुख्य थर पाँचवटा रहेका छन् भने

| क.सं. | सुनुवारहरूको उपथर | क.सं. | सुनुवारहरूको उपथर |
|---|---|---|---|
| १. | नोबलिचा | १६. | रापचा |
| २. | राहचे | १७. | मुलिचा |
| ३. | युलिचा | १८. | ङावचा |
| ४. | हलोछा | १९. | मुकुच |
| ५. | जिजिचा | २०. | लिनुच |
| ६. | चाडे | २१. | कातिच |
| ७. | ब्राचे | २२. | ब्रोम्लिच |
| ८. | दुर्विचा | २३. | क्यावच |
| ९. | वामन | २४. | एलोछा |
| १०. | याता | २५. | भुपूजा |
| ११. | कनिचा | २६. | तुर्पितो |
| १२. | भैती | २७. | देत्पाचा |
| १३. | दगौचा | २८. | बामन |
| १४. | किजे | २९. | देवलिङ्गा |
| १५. | कोर्मोचा | | |

सुनुवारहरूका अन्य थुप्रै उपथर पनि रहेका छन्, जुन यसप्रकार तल प्रस्तुत गरिएको छ :

स्रोतः स्थलगत अध्ययन, २०६५ ।

## ३.५ ओखलढुङ्गा जिल्लामा सुनुवार जातिका मानिसहरूको आधिपत्य भएका क्षेत्रहरू:

ओखलढुङ्गा जिल्लामा जम्मा ५६ वटा गा.वि.स. हरू रहेका छन् । यी विभिन्न गा.वि.स.हरूमा विभिन्न जातका मानिसहरूको बसोबास रहेको पाइन्छ । दलित, जनजाति, आदिबासी सबै खालको बसोबासले भरिपूर्ण छ, ओखलढुङ्गा । तर विभिन्न जातिका मानिसहरूको सबै ठाउँमा वर्चश्व भने रहेको छैन । केही गा.वि.स. हरूमा निश्चित जाति विशेषको बाहुल्यता रहेको पाइन्छ । ओखलढुङ्गा जिल्लाका निम्न १६ वटा गा.वि.स.मा सुनुवार जाति रहेका छन् । ती निम्न छन् :

| क.सं. | सुनुवार वस्ती रहेको गा.वि.स. | क.सं. | सुनुवार वस्ती रहेको गा.वि.स. |
|---|---|---|---|
| १. | भुसिङ्गा | ९. | हर्कपुर |
| २. | रावादोलु | १०. | कटुञ्जे |
| ३. | खिजीकाती | ११. | पोकली |
| ४. | खिजीफलाटे | १२. | यसम |
| ५. | खिजी चण्डेश्वरी | १३. | पलापु |
| ६. | रगनी | १४. | सिस्नेरी |
| ७. | श्रीचौर | १५. | पात्ले |
| ८. | प्राप्चा | १६. | ओखलढुङ्गा |

यी गा.वि.स. हरूमा सुनुवारहरूको बढी बसोबास भएको छ भने छिटपुट बसाई सरेर अन्य गा.वि.स. मा पनि गएका छन् ।


## ३.६ सुनुवार जातिसँग सम्बन्धित संघ-संस्थाहरू

नेपालका विभिन्न भागमा बसोबास गरेका जातिहरूले प्राचीनकालदेखि मान्दै आएका भाषा, संस्कृति र जातीय परम्पराको संरक्षण र सम्वर्द्धन गर्न विभिन्न किसिमका संघ संस्थाहरू खोलेको पाइन्छ । त्यस्तै सुनुवार जातिहरूले पनि आफ्नो भाषा, संस्कृति, कलालाई जीवन्त राख्न विभिन्न संघ-संस्थाहरूको स्थापना गरेका छन्।

(क) सुनुवार सेवा समाज :

सुनुवार सेवा समाजको स्थापना वि.सं. २०४४ सालमा गरिएको हो । सुनुवारहरूको आफ्नो संगठित संस्थाको रूपमा यो संस्था रहेको छ । सम्पूर्ण सुनुवारहरू बीच आपसी सम्बन्ध स्थापित गरी मातृभाषा, संस्कृति, सीपको जगेर्ना गर्नु, जीवनस्तर सुधारमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु, विभिन्न आपत-विपतमा सेवा पुऱ्याउनु यस संस्थाको उद्देश्य रहेको छ । यो संस्था हाल काठमाडौंको कोटेश्वरमा रहेको छ ।

पिछडिएको समुदाय सुनुवार जातिको भाषा, संस्कृति, कला र प्रतिभाको संरक्षण र सम्वर्द्धन गरी देशको अमूल्य सम्पदाको संरक्षण गर्नु जस्ता अति आवश्यकीय कार्यलाई सुनुवार सेवा समाजले मुल विषय बनाएको छ । गाउँ घरमा यसले मुख्य सेवा पुऱ्याउनका लागि नेपाल भरि १३ जिल्लामा जम्मा २ क्षेत्रीय र ३८ गाउँ समितिहरू गठन गरिएका छन्, ती यस प्रकार उल्लेख गरिएको छ :



(ख) सुनुवार महिला समाजः

पुरुष र नारी भनेका एक रथका दुई पाङ्ग्रा हुन् । अतः परिवार होस् वा संस्था यसको सर्वाङ्गीण विकासका लागि दुबैको उत्तिकै भूमिका रहेको हुन्छ । यसै तथ्यलाई हृदयंगम गरी वि.सं. २०५६ सालमा सुनुवार महिला समाजको स्थापना गरिएको थियो । सुनवार महिलालाई आफ्नो जाति, धर्म, संस्कृति, भेषभूषा जस्ता जातीय पहिचानमा अभिप्रेरित गर्न र सबै सुनुवार दिदीबहिनीहरूबीच सद्भाव कायम राखी अघि बढ्ने उद्देश्यले सुनुवार महिला समाजको स्थापना गरिएको हो । जसले सुनुवार दिदीबहिनीबीच सद्भाव राख्न र आपसी समस्यालाई सुल्झाउन पनि सहयोग गरेको देखिन्छ । जहाँ महिलाहरूको सामूहिक समस्यालाई पनि समावेश गरिएको हुन्छ ।

(ग) सुनुवार विद्यार्थी समाजः

सुनुवार विद्यार्थी समाजलाई सुनुवार सेवा समाजकै एउटा अभिन्न अङ्गको रूपमा लिइएको छ । शैक्षिक जागरण र चेतनालाई हरेक सुनुवार वस्तीमा पुऱ्याउने उद्देश्यले यस संस्थाको स्थापना गरिएको हो । सिङ्गापुर पुलिस फोर्समा कार्यरत सुनुवार दाजुभाइको सहयोगबाट वि.सं. २०५७ सालमा सुनुवार विद्यार्थी समाजको स्थापना गरिएको हो । यस समाजबाट शिक्षा, पुस्तकालय, मातृभाषा जगर्ने, संस्कृति संरक्षण र जातीय चिनारी दिने कार्यमा ठूलो भूमिका खेलेको छ । शैक्षिक क्षेत्रमा पहुँच पुग्न नसकेका युवाहरूलाई शैक्षिक दृष्टिकोणबाट सक्षम बनाई जातिगत आधारमा भएका भेदभावपूर्ण व्यवहार र संस्कृतिलाई अन्त्य गर्न पनि सुनुवार विद्यार्थी समाजको ठूलो भूमिका छ । जसले उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूलाई आर्थिक सहायता दिन र उचित राय, परामर्श दिन पनि ठूलो भूमिका खेलेको छ । सुनुवार विद्यार्थी एक भई अघि बढ्न पनि यसले सहयोग पुऱ्याएको छ ।

## ३.७ सुनुवार जातिको भाषा र साहित्यः

नेपालमा खास गरी चार भाषा परिवारका भाषाहरू बोलिन्छन् । नेपालमा सबैभन्दा बढी बोलिने भाषा नेपाली हो । जुन भाषा ४८.९८% (२०५८) बोलिन्छ । यो भाषा भारोपेली भाषा परिवारभित्र पर्दछ । त्यसपछि नेपालमा बढी बोलिने भाषा भोट-

बर्मेली भाषा परिवारको भाषा नै हो । यो भाषा परिवारभित्र निम्न भाषाहरू बोल्ने गरिन्छ । तथ्याङ्क विभाग २०५८ को जनगणना अनुसार यसप्रकार छः

| क.सं. | भाषा | प्रतिशत |
|---|---|---|
| १. | तामाङ भाषा | ५.२२ |
| २. | नेवारी भाषा | ३.६६ |
| ३. | मगर भाषा | ३.४१ |
| ४. | राई भाषा | २.०२ |
| ५. | गुरुङ भाषा | १.५० |
| ६. | लिम्बू भाषा | १.४८ |
| ७. | शेर्पा भाषा | ०.५८ |
| ८. | हायू भाषा | ०.०१ |
| ९. | जिरेल भाषा | ०.०२ |
| १०. | दुरा भाषा | ०.०२ |
| ११. | सुनुवारी भाषा | ०.१२ |

यसप्रकार नेपालमा भोटबर्मेली भाषा परिवार भित्र पर्ने माथि उल्लेखित मातृ भाषाका अतिरिक्त यी जातिहरूले नेपाली भाषा पनि बोल्ने गर्दछन् ।

टिकाराम मुलिचाका अनुसार आ-आफ्नै मातृ भाषा बोल्ने विभिन्न जातिहरू मध्ये सिन्धुली, उदयपुर, रामेछाप, ओखलढुङ्गामा बस्ने सुनुवार आफ्नै सुनुवारी भाषा बोल्दछन् । उनका अनुसार सुनुवार जातिले बोल्ने भाषा पूर्वेली शेर्पा भाषासँग पनि मिल्दछ र राई भाषासँग लगभग २५% मिल्दछ भनेका छन् ।

सुनुवारी भाषाको इतिहास टिकाराम मुलिचाका अनुसार धेरै लामो भए तापनि मातृभाषाको रूपमा मौखिक रूपमा मात्र प्रयोग भएको र लेखन कार्य भने सुरु भएको छैन । लिपि धेरै पछि मात्र लेख्नसुरु भएको छ । नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धी हकको व्यवस्था गरिएको छ । जहाँ, प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा

शिक्षा पाउने हक हुनेछ भन्ने उल्लेख छ । यसबाट पनि राज्यले मातृभाषामा ध्यान दिएको देखिन्छ तर लेख्य रूपमा मातृभाषा पुस्तकहरूको रचना भने भएको छैन ।

सुनुवारी भाषामा अहिलेसम्म "सुनुवार भाषा बोलीचाली" र त्रिबोली शब्दकोष प्रकाशन भईसकेका छन् । तर अन्य ग्रन्थहरू भने हालसम्म प्रकाशन भएको पाइँदैन । प्रकाशन भएका विभिन्न लेख, रचना नेपाली भाषामा नै लेखिएका छन् ।

(क) सुनुवारहरूको भाषामा सुनुवार भाषाको कोष तयार गरिएको छ । सुनुवारी भाषा र नेपाली भाषामा प्रयोग भएका केही शब्दहरू यहाँ उल्लेख गर्ने प्रयास गरिएको छः–

| सुनुवारी भाषा | नेपाली भाषा |
|---|---|
| गो | म |
| गे | तिमी |
| इन्के | तपाईंको |
| आँकली | मलाई |
| इँन्कली | तपाईहरूलाई |
| मे | उ |
| मर | के |
| तेके | कहाँ |
| खमे | भात |
| रिब्दो | रक्सी |
| जचा | खानु |
| गो बी योअ्नुङ | म भैंसी पाल्छु |
| गे वेचिव् पने | तपाईं शिकार खेल्नुहोस् |
| मेके | त्यहाँ |
| तेको | कुन |
| बाअत् | छ |
| सु सु | को को |
| हो ङा | हो र ? |

यसप्रकारले सुनुवार भाषाको प्रारम्भिक विकास भएको पाइन्छ । पूर्ण रूपमा सुनुवार भाषाबाट ग्रन्थ लेख्ने कार्यमा पनि यस सुनुवार भाषा बोलीचालीका शब्दले मद्दत पुऱ्याउने देखिन्छ ।

(ख) सुनुवारी शब्दकोशमा भएको नमुना[द्दज्ञ]

| नेपाली | अंग्रेजी | सुनुवारी |
|---|---|---|
| कलम | एभल | ब्लेतिक् ९दभितत्प० |
| कलश | ल्बचचयध लभअप | नेरष्युरोक ९लभकथगचयप० |
| कलह | त्तगबचचभा | जिचाखेचा ९वक्षअजबपजभअजब |
| कला | बल बचत | नाम्सी ९लककभ० |

(ग) अङ्कलाई सुनुवारी भाषामा यसरी बोलिन्छ :

| सुनुवारी भाषा | नेपाली भाषा |
|---|---|
| सुम | ० |
| का | १ |
| निषि | २ |
| साँ | ३ |
| ले | ४ |
| ङ | ५ |
| रक (खक) | ६ |
| चनी | ७ |
| ससी | ८ |
| याँ | ९ |
| गौ | १० |

[द्दज्ञ] लोकप्रिय सुनुवार, त्रिबोली शब्दकोश, काठमाडौं :सुनुवार सेवा समाज, वि.सं. २०६०, पृ. ४९ ।

ओखलढुङ्गाको कटुञ्जे गा.वि.स. मा पनि सुनुवार भाषा बोल्नेको सङ्ख्या धेरै छ । पुराना-बूढापाकाहरू घरपरिवार र सुनुवार जातिका अरु मान्छेसँग सुनुवार भाषा बोल्दछन् । तर अहिले आएर युवा वर्ग भने नेपाली भाषा नै बढी बोल्ने गर्दछन् भने अरु जातिहरूसँग बोल्दा भने बुढादेखि युवा सवै नै नेपाली भाषा बोलेको पाइन्छ ।

(घ) सुनुवार भाषा व्यापक हुन नसक्नुका कारण :

कुनै पनि राष्ट्रमा रहेका जातिहरूका भाषाहरू अघि बढ्न नसक्नुका धेरै कारणहरू हुन सक्छन् । त्यस्तै नेपालको सुनवार भाषा पनि त्यति सहज ढङ्गले अघि बढेको देखिँदैन । लाल बहादुर रापचाका भनाइ अनुसार पहिले पहिले सुनुवार भाषालाई हेंलाको दृष्टिले हेर्ने गरिएको पाइन्थ्यो ।[६६] तत्कालीन राजाहरूले समेत यस भाषालाई होच्याएर र नराम्रो दृष्टिले हेरेको पाइन्थ्यो । त्यसकारणले पनि सुनुवार भाषा राष्ट्रिय स्तरमा व्यापक हुन नसकेको देखिन्छ । जहाँसम्म एक मात्र “गोरखा भाषा” ले अरु सबै भाषालाई अर्धचन्द्र (गलहत्ती) लगाउन, त्यहाँसम्म “गोरखा भाषा” को उन्नति हुन्छ भन्नु र “मुख्य भाषा कहिन योग्य छ” भन्नु केवल मनोलड्डू मात्र हो ।” यसरी आदिवासी/जनजाति र उनीहरूको भाषाप्रति राणाकाल (१९०३-२००७), प्रजातन्त्रकाल (२००७- २०१७) र पञ्चायत काल (२०१७- २०४६) सम्मका सवै नीति नियमहरू कालै बनेकोले पनि सुनुवार भाषा व्यापक बन्न सकेको छैन ।

## ३.८ सारांशः

पूर्वी नेपालका ओखलढुङ्गा, रामेछाप र दोलखा जिल्लाहरूमा रहेका सुनुवारहरू सुरुमा अर्थात् उत्पत्ति समयदेखि नै त्यस समयमा गएका होइनन् । नेपालमा विभिन्न वंशहरूको शासन चलिरहेको थियो र पछि बाहिरबाट आएका अन्य जातिहरूले केन्द्रमा आई शक्ति हातमा लिन खोज्दा पराजित भएर कमजोर पक्ष केन्द्रबाट विभिन्न ठाउँमा गई बसेको देखिन्छ । नेपालमा पनि किराँतवंशी राजाहरूले शासन गरेको र

[६६] लाल वहादुर सुनुवार, “किराँत कइँच भाषाको आवश्यकता र लापका कारणहरू”, जेम्लाहास, वर्ष १, अङ्क १, काठमाडौं : सुनुवार सेवा समाज, वि.सं. २०६३, पृ. ६७ ।

पछि भारतबाट आएका लिच्छविहरूको आक्रमणबाट भागेर सिम्रौनगढ हुँदै पूर्वी नेपालको ओखलढुङ्गा रामेछाप पुगेको देखिन्छ । त्यस्ते सुनुवार वंशावली र केही विद्वान्का अनुसार यो जाति किराँतवंशको एक मूल हाँगाको रूपमा उत्पत्ति भई विकास भएको देखिन्छ । पेशा व्यावसाय गर्ने सिलसिलामा पनि विभिन्न क्षेत्रमा गई बस्ने गरेको पाइन्छ ।

यस जातिको आफ्नै भाषा छ, जसलाई सुनुवारी भाषा भनिन्छ । यो भाषा भोटवर्मेली भाषा परिवार अन्तर्गत पर्दछ । ओखलढुङ्गा र रामेछापमा बस्नेहरूले र बाह्रथरे सुनुवारहरूले बढी आफ्नै मातृभाषा बोल्दछन् । बूढापाकाहरू आफ्नै भाषा बोल्दछन् भने युवा वर्गहरूले नेपाली भाषा बोल्ने गरेको पाइन्छ ।

सुनुवार जातिका थर सम्बन्धमा प्रकाशित एउटा पत्रिका र नगेन्द्र शर्माद्वारा लिखित पुस्तक नेपाली जनजीवनमा सुनुवारहरूका मुख्य चार थर रहेको पाइन्छ । तर उपथर भने ७० भन्दा माथि रहेका छन् । यो जाति ओखलढुङ्गा जिल्लामा निकै रहेका छन् । यस जिल्लाको १६ गा.वि.स.मा यस जातिको बाहुल्यता रहेको छ ।

यो जातिको संस्कृति, विश्वास, कला, लगायतका विविध पक्षको संरक्षण र सम्वर्द्धन गर्न विभिन्न संघ, सस्थाहरूको पनि केन्द्रदेखि गाउँसम्म स्थापना गरिएको छ । जसले आफ्नो भाषा, संस्कृति, शिक्षा, जनचेतना अभिवृद्धि गर्नमा ठूलो सहयोग पुऱ्याएको पाइन्छ । महिलाहरूको हकहित गर्न र महिलाहरू एक भई साझा समस्या समाधान गर्न महिला सेवा समाजको पनि स्थापना भएको छ । जसले सुनुवार महिलाहरूको लागि निकै ठूलो योगदान पुऱ्याएको छ । सम्पूर्ण सुनुवार बन्धुत्त्वको सम्बन्ध सुदृढ गर्न र मौलिक परम्परालाई कायम राख्न, विभिन्न चेतनामूलक कार्यहरू गर्नका लागि सुनुवार सेवा समाजको स्थापना भएको छ ।

# अध्याय - चार
# सुनुवार जातिको सामाजिक तथा सांस्कृतिक अध्ययन

नेपालमा बसोबास गर्ने विभिन्न जनजातिहरूमध्ये एक सुनुवार हुन् । यो जातिको पहिलेको मुख्य थलो पूर्वी नेपालका पहाडी जिल्लाहरू र सुनकोशी तथा लिखु नदीका किनार भए पनि वर्तमान अवस्थामा बसाइँ-सराइ र यातायात लगायतका अन्य सुविधाहरूले नेपालका विभिन्न जिल्लाहरूमा छरिएर बसेको पाइन्छ ।

## ४.१ सुनुवार जातिको सामाजिक अवस्थाः

यस जातिको आफ्नै छुट्टै किसिमको समाज रहेको छ । अन्य जातिको समाजमा जस्तै यस जातिको समाजमा पनि विभिन्न जातजातिहरू–राई, दमाई, कामी, सार्की, क्षेत्री, बाहुन, आदि बसेको पाइन्छ । यिनीहरूको समाजमा संयुक्त परिवार, एकल परिवार दुबै रहेका हुन्छन् । तर संयुक्त परिवार प्रथा नै यस जातिमा बढी रहेको पाइन्छ । वर्तमान समयमा शिक्षा, यातायात लगायतका विभिन्न कुराहरूले प्रभाव पारी एकल परिवार पनि बसेको देखिन्छ । यस जातिको समाजमा विभिन्न थरका सुनुवारहरू बसेको देखिन्छ । उदाहरणको लागि ओखलढुङ्गा जिल्लाको कटुञ्जे गा.वि.स.मा रापचा, ङवचा, विजे र सुनुवार थरहरूको बसोबास पाइन्छ । समाजमा आमा, बुबा, दाजु-भाइ, काका-काकी, हजुरबा-हजुरआमा, दिदी-बहिनी रहेका हुन्छन् । यस जातिको समाजमा व्यापक अन्धविश्वास रहेको छ । महिला र पुरुषको भूमिका उत्तिकै रहेको हुन्छ । शैक्षिक स्तर हिजोको समाजमा एकदम कमजोर थियो भने अहिले क्रमशः बढ्दै गएको पाइन्छ । यो जातिको हिजोको समाज शिकार खेल्ने गर्दथ्यो भने पछि पशुपालन, कृषि र विभिन्न नोकरीमा संलग्न रहेको देखिन्छ । सरल, सहज, स्वभाविक, यथार्थता सुनुवार समाजमा पाइने विशेषता नै हुन् ।

## ४.२ शारीरिक बनावट

सुनवारहरूलाई किराँत वंशको शाखाको रूपमा चिनिन्छ । यिनीहरूको शारीरिक बनावट मङ्गोलहरूसँग मेलखाने हुन्छ । सुनुवारहरू मझौला कदको शारीरिक बनौट भएका, मंगोलीयन अनुहारका, थेप्चो नाक, आँखीभौं कम भएको, गहुँ गोरो वर्णको,

बलिष्ठ र छोटा हातखुट्टा भएका हुन्छन् । दाह्रीजुँघा पनि पातला हुन्छन् । हात पाखुरा छोटा मोटा, भुक्क परेका हुन्छन् ।

## ४.३ घरको बनावटः

घरहरूको बनावट आर्थिक अवस्थासँग सम्बन्धित रहेका छन् । लाहुरे एवम् सम्पन्न सुनुवारहरूको घरको बनावट ठूला एवम् परिपक्क छन् भने सामान्य वर्गकाहरूको सामान्य किसिमका छन् । ढुङ्गा, माटोको नै प्रयोग गरेर घरहरू निर्माण गरिएका हुन्छन् । एक तले, दुई तले सम्मका घरहरू नै बढी हुन्छन् । ढुङ्गा, माटोको नै प्रयोग गरेर घरहरू निर्माण गरिएका हुन्छन् । एक तले, दुई तले सम्मका घरहरू नै बढी हुन्छन् । ढुङ्गा एवम् माटोले निर्माण गरिएका घरहरू २-३ तले भन्दा अग्ला बनाइएका पाईदैनन् । वरिपरि अरु जातिहरूको जस्तै नै काठ, ढुङ्गा, माटोले बनाइएका अधिकांश एक तले घरहरू प्रशस्त पाइन्छन् । घरहरू टीन, खर र ढुङ्गाले छाएका छन् । आर्थिक रूपले विपन्न सुनुवारहरूको एउटै घर हुन्छ । जसको तल्लो तलामा वस्तुभाउ बाँध्ने गरिन्छ, जहाँ काठ, दाउरा पनि राखिन्छ भने माथिल्लो तलामा बसोबास गर्ने गरिन्छ ।

घरका छानाको विवरण

| घरको छानाको किसिम | घर सङ्ख्या | प्रतिशत |
|---|---|---|
| टिनको छाना (जस्ता) | ३ | १० |
| खरको छाना | २१ | ७० |
| ढुङ्गाको छाना | ६ | २९ |
| जम्माः | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०६५ ।

माथिको तालिकामा अधिकांश घरहरू खरले छाएका (७०%) देखिन्छन् भने ढुङ्गा र टीनको छाना भएका घरहरू कमै मात्र देखिन्छन् । सम्पन्न सुनुवारहरूले मात्र टीन एवम् ढुङ्गाको प्रयोग गरी बनाएको पाइन्छ । वर्तमान समयमा विदेश गई कमाएर आएका सुनुवारहरूको घर भव्य छ भने कम आय भएको अति सामान्य छन् ।

## ४.४ परिवारको सङ्ख्या र नाता सम्बन्धः

यस जातिको पारिवारिक संरचना आफ्नै किसिमको छ । संयुक्त परिवार नै यस समुदायमा बढी पाइन्छ । त्यसकारण परिवारमा २-३ पुस्ता सम्मका मानिहरू रहेका हुन्छन् । स्थलगत अध्ययनमा हजुरबा-हजुरआमा, काका-काकी, आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी, दाजु-भाउज्यु, नाति-नातिना मिलेर नै परिवार बनेको हुन्छ । एउटा परिवारमा ९-१० जनादेखि १५ जनासम्म पहिले बसोबास गर्दथे तर हाल ९-१० जनासम्म बस्ने गर्दछन् । एकल परिवार सङ्ख्या ज्यादै थोरै रहेको पाइन्छ । एक दुई घरमात्र पछि आएर एकल परिवार बस्न थालेको पाइन्छ ।

सुनुवारहरूको समाजमा अन्य समाजमा झैँ नातेदारहरूको स्थान महत्त्वपूर्ण रहेको हुन्छ । वैवाहिक नातेदारहरू, मित लगाएर बनाउने नातेदार यस समुदायमा पनि रहेको छ । मावली, माइतीको नातेदार यस जातिमा महत्त्वपूर्ण रहेको हुन्छ । आफ्नो दाजुभाइ बीचको नातेदार पनि उत्तिकै महत्त्व मानिन्छ । मामा, माइजू, मावली पट्टिका हजुरबा (बेरबजे), हजुरमामा (बेर किकिम)  सानीआमा, ठूलीआमा, ससुराली पक्षका नातेदार सासू-ससुरा, साला, जेठान, जेठीसासूबीच पनि अत्यन्त राम्रो सम्बन्ध रहेको पाइन्छ । घरपट्टिका र  मावली पट्टिका हजुबा-हजुरआमा,  मामा-माइजू, दिदी-बहनी, काका-काकी, दिदी-भिनाजु, बहिनी जुवाई, भान्जा-भान्जी, फुपू-फुपाजु, लगायतका नातेदारहरू यस समयदायमा रहेका छन् । यस जातिमा मितको नाता अत्यन्त महत्त्वपूर्ण मानिन्छ । आमालाई आम्, बावुलाई 'बड' भन्ने गरिन्छ ।

परिवार सङ्ख्याको विवरण

| परिवारका सदस्य सङ्ख्या | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ९-१० सदस्य सङ्ख्या भएका | २६ | ८६.६७ |
| २-४ सदस्य सङ्ख्या भएका | ४ | १३.३३ |
| जम्माः | ३० | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०६५ ।

माथि दिइएको तालिकामा संयुक्त परिवार प्रथा नै बढी छ । पहिले पहिले पूरै संयुक्त परिवारको रूपमा रहेको हुन्थ्यो भने पछि एकाध एकल परिवारको रूपमा बसोबास गरेका पाइन्छन् (चि.सं.४) । जुन कुरा माथिको तालिकाबाट पनि प्रष्ट हुन्छ । जहाँ (८६.६७%) परिवार संयुक्त छन् भने (१३.३३%) घरपरिवार मात्र एकल पाइन्छ ।

## ४.५ खानपिन (जचातूचा) र भाँडावर्तनः

यस जातिको खानपिन अन्य नेपाली खानपिनसँग मिल्दो जुल्दो नै छ । हुन त केही खानपिन जाति विशेष फरक पनि हुन्छन् । तर यस जातिमा अन्य जातिको भन्दा बिल्कुलै नयाँ किसिमको खाना भने पाइँदैन । यो जातिले माछा, मासु, जाँड, रक्सी, मद्यपान, धुमपान अत्यधिक गर्दछन् । शिकार यस जातिमा प्रायः दैनिक जस्तै हुन्छ । जाँड रक्सी उनीहरूको मर्दादेखि पर्दासम्म नभई नहुने चीज हो । यस किसिमको खानाका अतिरिक्त दाल, भात, ढिँडो, सुंगुर, कुखुराको मासु, दही, मही, रोटी, मकै, भट्मास, रायोको साग प्रमुख खानामा पर्दछन् । यिनीहरूको खानपिनलाई 'जचातूचा' भनिन्छ ।

भाँडावर्तनहरू अन्य जातिका सरह नै हुन्छन् । चोया एवम् काठका भाँडा वर्तन (सोली, डोका, थुन्से, भुने, दराज, सन्दुस, कन्तुर) रहेका हुन्छन् भने अन्य भाँडावर्तनमा थाल, कचौरा, बटुका, गाग्री, कराई कसुडी, आम्खोरा, भड्डु, तसला, गिलास, डाडू, पिन्यू, कर्कौली, रहेका हुन्छन् । जाँड तयार गर्ने छुट्टै भाँडा हुन्छन् । सिलवरका ठूला भाँडा जाँड तयार गर्न प्रयोग गरिन्छ । पित्तलका थाल, कचौरा आफ्ना पाहुना आउँदा प्रयोग गर्ने गरिन्छ ।

## ४.६ समाजमा महिलाको स्थानः

सुनुवार समाजमा महिलाहरूको स्थान महत्त्वपूर्ण रहेको हुन्छ । प्रारम्भिक समयदेखि नै सुनुवार समाज पितृसत्तात्मक भए पनि महिलाको पनि स्थान महत्त्वपूर्ण नै मानिन्छ । यस समुदायमा पुरुषले घर बाहिरको बन्दोवस्त मिलाउने काम बढी गर्दछन् । आफ्नो घर परिवारलाई लालनपालन गर्ने मुख्य दायित्त्व पुरुषको भए पनि घरभित्रका दैनिक कार्यहरू चुलो चौका देखि केटाकेटीहरूको दैनिक रेखदेख, तुल्याई

बनाई खुवाउने अभिभारा भने महिलाहरूमाथि नै हुन्छ । पहिले-पहिले घर धन्दामा नै र वस्तुभाउको हेरविचारमा नै महिलाहरूको अधिकांश समय वित्थ्यो भने केही थोरै महिलाहरू तान बुन्ने र हातले कपडा बुन्ने गर्दथे । तर अहिले आएर बाल बच्चालाई विद्यालय पठाउने समेत कार्य गर्न थालेका छन् । घर परिवार एवम् समाज धान्नका लागि यस समुदायमा महिलाको आधाभन्दा बढी नै योगदान रहेको देखिन्छ । समाजमा छोरी, बुहारी र आमाको भूमिका कै रूपमा महिलाहरूको अवस्था विद्यमान छ । शैक्षिक दृष्टिले यस समुदायका महिलाहरू धेरै नै पछाडि परेका छन् । पहिले-पहिले महिला शिक्षा यस समाजमा थिएन पछि मात्र केही महिलाहरू पढ्लेख गर्न थालेका देखिन्छन् ।

## ४.७ भेषभूषा र गर-गहनाहरू

सुनुवारहरूको आफ्नै किसिमको भेषभूषा एवम् गरगहनाहरू छन् । यस समुदायका भेषभूषाहरूले आफ्नै मौलिकपनलाई उजागर गरेको पाइन्छ । पुरुषहरूको भेषभूषामा दौरा, सुरुवाल, भोटो, टोपी, जाली रुमाल, पटुका, पटुकामा खुकुरी भिर्ने प्रचलन पाइन्छ । युवाहरूमा भन्दा बूढापाकाहरूमा पटुकामा खुकुरी भिर्ने प्रचलन बढी छ । त्यस्तै महिलाहरू गुन्यू, चोलो, पटुका, मजेत्रो, ब्लाउज, धोती, टाउकोमा मजेत्रो कस्ने गर्दछन् । कपडाहरू खास गरी कालो, निलो र हरियो मन पराउँदछन् ।

गरगहनाहरू यस समुदायमा महिलाहरू नै बढी लगाउँछन् । पुरुषहरू नगन्य रूपमा मात्र लगाउँदछन् । गरगहना पनि आर्थिक हैसियत अनुरूप नै लगाउँदछन् । सुनुवार महिलाहरू सुनचाँदीका गरगहना नै लगाउँछन् । सुनुवार महिलाहरूको नाक छेडेको हुन्छ । नाकमा प्रायः सबैको काँडे तीनहारे, चारसुरे विउँ लगाउँदछन् (चि.सं. ५) । जसको केन्द्रमा पत्थर हालेको कलात्मक बुट्टा हुन्छ । सुनको ढुङ्ग्री, माछाकारको लोस्पा, पातआकारको पाते बुलाकी पनि लगाउँदछन् । गलामा नौगेडी पनि लगाउँदछन् । नाकमा रातो र हरियो पत्थर लगाएको कलात्मक बुलाकी लगाउँछन् । कानमा हुने खानेले २ तोलादेखि माथिको च्याप्टे सुन लगाउँदछन् । गलामा सुनुवार महिलाहरू कम्पनी, आठन्नी र चारअन्नी रेजी माला पनि लगाउँदछन् । शिरमा शिरफूल र खुट्टामा पाउजु, कल्ली पहिरन्छन् । विवाहिता महिलाहरू हरियो पोते,

सुनको सिक्री, तिलहरी लगाउँदछन् (चि.सं. ५) । तर बहुमूल्य गरगहना विशेष चाडपर्वहरूमा मात्र लगाउँदछन् । अघिपछी सामान्य र थोरै गरगहना लगाउँदछन् ।

## ४.८ युवा र बृद्धाहरूको अवस्थाः

यस समाजमा युवाहरूको आफ्नै किसिमको महत्त्व रहेको छ । जव राम्ररी हातखुट्टा लाग्ने हुन्छन् तब युवाहरू पढ्दै भए पढाई छोडेर नै सेना, प्रहरीमा भर्ती हुन सकेनन् भने विदेशमा एवम् स्वदेशकै पनि विभिन्न ठाउँमा रोजगारका लागि जाने गर्दछन् । अधिकांश सुनुवार युवाहरू स्वदेश तथा विदेशमा सेनामा भर्ती हुने गर्दछन् । यस समुदायमा सेना, प्रहरीबाट राम्रो आम्दानी प्राप्त गर्ने गर्दछन् । अन्य किसिमको जागिर यिनीहरूलाई त्यति मतलव पनि हुँदैन । बृटिश लाहुरे खान जाने भन्ने मानसिकता केटाकेटीदेखि नै बनाएका हुन्छन् ।

वृद्धाहरूको यस समुदायमा घरैमा बसेर हातका सानातिना शीपमूलक कामहरू गर्दछन् । जस्तो डोको, नाम्लो, थुन्से, डेली, भकारी, भुने बुन्ने काम गर्दछन् । यस्ता कार्य पनि गर्न नसक्ने भए पछि घरको हेरविचार गर्ने बालबच्चा हेर्ने, वस्तुभाउलाई ठीक पारेको घास, पानी दिने गर्दछन् । पुरुष वृद्धहरू हुक्का तानेर दलानमा सुतेर मात्र बस्ने पनि गर्दछन् । बूढाबुढीलाई घरको हेरविचार गर्न छोडेर काम गर्न सक्ने काममा जाने गर्दछन् ।

## ४.९ सुनुवार जातिमा प्रचलित महत्वपूर्ण संस्कारहरू :

सुनुवार जाति किराँत वंश अन्तर्गतको एक शाखा हो । जसका आफ्नै परम्परादेखिका संस्कारहरू रहेका छन् । जसको सङ्क्षिप्त परिचय तल प्रस्तुत गरिने छ।

### ४.९.१ जन्म संस्कार :

नेपालका अन्य विभिन्न जातजातिहरूमा झैँ सुनुवार जातिमा पनि शिशुको जन्मलाई एक विशेष घटनाको रूपमा लिइन्छ । अन्य जातिमा महिला गर्भवती भएको समयदेखि नै शिशुको सफल जन्मका लागि भगवान्सँग १० औंला जोडी बालक सञ्चै (सकुशल) जन्मियोस् भन्ने कामनाका साथ देवीदेवतासँग भाकल राख्ने गरिन्छ ।

गर्भमा रहेको बच्चाको नाममा विशेष किसिमले कोदोको जिर्मा जाँड पकाई गाग्रोमा हाली विर्को बन्द गरी, लिपी, प्याकगरी राखिन्छ, जसलाई 'दकपाईचा' भनिन्छ । यो जुठो नहाली, नचाखी राख्नु पर्दछ । सुत्केरीलाई खुवाउन कुखुरा पनि पहिलेको भन्दा बढी पालिन्छ । गर्भवती महिलालाई आंशिक रूपमा अशुद्ध मानिन्छ र धार्मिक कार्य (देवकार्य) को लागि अयोग्य ठानिन्छ । जब पूर्ण मास पुगी प्रशव व्यथा सुरु हुन्छ तव सुत्केरीलाई जाँडको गाग्रो खोली छानेर जोर डबकामा टोटला अर्थात् गाग्राको घ्यांङ चढाई नासो, झाँक्री, नासो, झाँक्री नभए बूढापाकाद्वारा पूजा गरिन्छ । बालकको शीघ्र जन्म र सु-स्वास्थ्यको कामना गरिन्छ । जब बालकको जन्म हुन्छ, सालनाल काटी, नुहाई धुवाई सफा गरी न्वारान नहुञ्जेलसम्म अलग्गै सफा र सुरक्षित स्थानमा राखिन्छ ।

### ४.९.२ नामकरण (सुपुरो):

अन्य जाति सरह नै यस जातिमा पनि नामकरण (न्वारान) को महत्त्व ज्यादै नै रहेको हुन्छ । न्वारान संस्कार जाति अनुसार फरक-फरक दिनमा गर्ने गरिन्छ । यस संस्कारलाई नाम राख्ने संस्कार भनेर पनि चिनिन्छ । सुनुवार जातिमा नवजात शिशु छोरी भए विजोडी दिन छोरा भए जोडी दिनमा नामकरण (न्वारान) कर्म गरिन्छ, जसलाई 'सुपुरो' भनिन्छ । सुतक परेको ठानेर सुतक बार्ने गरिन्छ, सुतक अवधि भर घरपरिवार र टोल छिमेकमा अशुद्ध ठानिन्छ । सुतक परेको घरको आगो समेत माग्न हुँदैन । न्वारान कार्यमा बच्चालाई घाउ, खटिरा, रोगब्याधी नलागोस् भनी भलायोको पात, कुरिलो जस्ता वनस्पतिको आगो बाली सुत्केरी र बच्चालाई सफा सुग्घर पारी ३ पटक उक्त आगो नाग्न लगाइन्छ । तर यो कर्म नासोद्वारा गरिने न्वारानमा गरिन्छ । ब्राह्मण पुरोहितद्वारा गरिने कर्ममा अग्नीस्थापना विधिद्वारा होम हाली उक्त होम हालेको रापले सेक्ने गरिन्छ । हैसियत अनुसार खसी, सुंगुर, भाले काटी नजिकको आफन्त, छरछिमेक, दाजुभाइलाई न्वारान भोज (सपुरोलो) खुवाइन्छ । न्वारान कर्ममा नाम राख्दा खास गरी बार, तिथि, नक्षेत्र, जस्ता कुरालाई ख्याल गरी राखिन्छ । मान्यजन, ठूलाबडा, शुभेच्छुकहरूद्वारा शुभाशीर्वाद दिइन्छ । पुजारी नासोद्वारा पिदार (

पूजा) पनि गरिन्छ । अन्त्यमा बच्चालाई सूर्यनारायणको दर्शन गराइन्छ । यसरी न्वारान संस्कार सकेपछि शुद्ध ठानिन्छ ।

### ४.९.३ अन्न प्राशन (भात ख्वाई):

नवजात शिशुलाई जन्मेपछि प्रथम पटक खाना खुवाउन सिकाइने संस्कार अन्नप्रशासन संस्कार हो । जब बालक जन्मेपछि उसलाई आफ्नो आमाको दूध अपर्याप्त हुन्छ त्यसपछि यो संस्कार गर्ने गरिन्छ । हुन त यो संस्कार हाम्रो समाजमा बालक ५-६ महिनाको भएपछि आयोजना गरिन्छ । यसरी गरिने संस्कारको समय समाज र जाति विशेषमा भर पर्दछ । सुनुवार समाजमा यो संस्कार बालक जन्मेको छैटौं महिनामा गर्ने गरिन्छ । यो संस्कारमा सुनुवारहरू पुरोहित बोलाएर र नबोलाई दुबै ढङ्गले गर्ने गर्दछन् । यस संस्कारमा मामाको स्थान महत्त्वपूर्ण हुन्छ । मामाले पहिलो पटक नरम दाल, भात, डबल सुन, चाँदीको पैसाले खुवाउने गर्दछन् । त्यसपछि मात्र आफ्ना आफन्त र नातेदारहरूले खाने गर्दछन् । वर्ष ५२ की शिवमाया सुनुवारका अनुसार–कटुञ्जेमा रहेका सुनुवारहरू यो संस्कार पुरोहित नबोलाई आफ्नै नातेदारबाट सम्पन्न गराउँदछन् ।

### ४.९.४ छेवर (कपाल काट्ने):

बालक पाँच, छ वर्षको भएपछि केश काट्ने संस्कार नै छेवर हो । सुनुवार समाजमा यो संस्कार गर्न पुरोहितको आवश्यकता पर्दैन । केबल पुरोहित अर्थात् नासोले दिइएको साइतमा घरका ज्येष्ठ मानिसले गाईको गोठ, तुलसीको मठ अर्थात् अन्य पवित्र स्थानमा बच्चालाई राखेर केश काट्ने गरिन्छ । यसरी केश काट्दा बच्चाले झगडा नगरोस् भन्ने उद्देश्यले बालकलाई नयाँ कपडा, मीठो खानाको आश्वासन दिइन्छ र देखाइने गरिन्छ । कपाल काटी सकेपछि उक्त कुरा दिइन्छ । यसरी काटेको कपाल दिदीबहिनीले पवित्र स्थानमा सेलाउने गर्दछन् । यस संस्कारमा आफन्त, दाजुभाइ, नातेदार, इष्टमित्र बोलाई मीठो मसिनो खान दिइन्छ । छेवर संस्कारमा जाँडको अत्यधिक प्रयोग हुन्छ ।

### ४.९.५ विवाह संस्कार विधिः

जब छोरा-छोरी पूर्ण किशोर अवस्थामा प्रवेश गर्दछन् त्यस अवस्थादेखि अभिभावकबाट विवाहको कुरो चलाइन्छ । जातीय संस्कार अनुसार वरको आफन्तबाट कन्याको खोजी हुन्छ । नातेदारहरूबाट मगनीको व्यवस्था गरिन्छ । विवाहमा रीत बुझाउनु पर्ने अनौठो संस्कार छ । कन्या मगनीमा टुङ्गो भएपछि कन्या पक्षको भाइ ख्वाउन वर पक्षबाट बोको, कुखुरा, जाँड, रक्सी, नून, भुटुन, तेल, बेसार, मसला यावत सामग्री ल्याइन्छ र काटी पकाई तुल्याई केटा पक्षकाले पूजाको लागि दिनु पर्छ। जाँडको विर्को (दफ) उघारी दिनु पर्छ र केटी पक्षकाले जाँड छान्छन् । कन्या पक्षको पनि कुटुम्बलाई पुग्ने जाँड-रक्सी निकालिन्छ । केटा पक्षका गाग्रोमा जाँड, रक्सी, ठेकी दही, मासु राखिन्छ र केटी पक्षको जाँड रक्सी जोर-जोर पारी सजाइ राखिन्छ ।

यसरी दुवै पक्षबाट सामग्री तयार भएपछि पुजारी (नासो) र निम्तालु दाजुभाइ, कुटुम्ब पक्षका मानिसहरू बसी पूजा सुरु गरिन्छ । दुबै पक्षकाले केटा र केटीको कूल धानी, मूलधानी, गोत्र पित्र, वर, बधुको नाम पुकारी आजको दिनदेखि एक दियौँ, दुई दियौँ, तीन दियौँ भनी बाचा गरी छोरी दिई दुबै पक्षको सुस्वास्थ्य, दीर्घायु, सफल दाम्पत्यको शुभकामना व्यक्त गरिन्छ । यस कार्यक्रमलाई ठेकी जाँड (कोकोर प्याम) खुवाउने भनिन्छ ।

ढोगभेटमा केटा केटीका बाबु-आमा बीच सम्धी ढोग ३-३ पटक गरिन्छ । खसीको फिला १ मोहोर दाम ठहरमा राखी एक गाग्रो जाँड, एक ठेकी दही राखी सहायक मुलघर अर्थात् सइपट्टे (करसिंगे) लाई सम्धी ढोग गरी दिइन्छ । सइपट्टेले जन्तीलाई एक छाक ख्वाउने समेत व्यवस्था गर्नुपर्छ । केटी पक्षबाट उक्त सामग्री जिम्मा लिई भाइलाई ख्वाउँछन् । केटी पक्षबाट निकालिएको जाँड, रक्सी, मासु, केटा पक्षका कुटुम्वलाई ख्वाउँछन् । यसरी विवाहको पहिलो चरण पूरा हुन्छ ।

आमाको दश धारा दूध कटनीको लागि दूधौली  खसी, रोटी, रक्सी तथा सो मा चाहिने अन्य सामग्री सेट मिलाई रीत बुझाउनु पर्छ । मूल घरको जाति, कुलीथानी, मूलीथानी,  जाति, मूल घरको लागि खसी काटी, जाँड, रक्सी, रोटी आदि सामग्री तयार पारी राकदेले बनाई (पिदार) पूजामा  उल्लेख गरिएको सबै देवदेवीलाई चढाई

दुई पक्षका प्रतिनिधि बसी पुजारी डाकी बूढापाका, सम्धीबाट, मान्यजन बसी पूजा गरिन्छ । दुबै दुलाहा-दुलही (ग्याम्ले-ग्याम्ली) लाई शुभआशिष दिई पूजा कर्म सकी पुजारीले गाग्रोको जाँड मूल थाममा टाँसी ढोगेर पूजाको सामग्री पहिला पुजारी स्वयंमले मुखाली गरी सवै जनालाई खुवाइन्छ । केटा पक्षको लत्ता, कपडा, गरगहना, सिंगार साधन जे छ सो केटीलाई केटाद्वारा  दिइन्छ । केटी पक्षको कपडा, उपहार जे छ सो केटालाई अर्पण गरिन्छ । लुगा, गहना, केटीले केटालाई, केटाले केटीलाई औंठी र माला लगाउने कार्यक्रम हुन्छ । त्यसपछि माइतीहरूले जोडी राखी गोडा धुने, टीका टालो गर्ने, दक्षिणा दिने उपहार दिने, आशिर्वाद दिने गरिन्छ । सबै इष्टमित्र बीच कार्यक्रम सकिए पछि ढोग भेटको क्रम शुरु हुन्छ । सबै नाता-गोता, इष्टमित्र, बन्धुवर्गबाट ढोग लिई सकेपछि खानपिनको व्यवस्था हुन्छ । करसिंगेबाट (मूलमान्छे) विदाईको खानाको व्यवस्था भएपछि बेहुली विदाई कार्यक्रम शुरु हुन्छ । पुनः टीका लगाई छोरी विदाई गरिन्छ ।

बेहुली बेहुलाको घर पुऱ्याई सकेपछि बेहुलीलाई अघि लगाई चेलीबेटीले दायाँ बायाँ बसी अगुवाई गर्दछन् । बेहुली पछि बेहुला हिँडाई सबै जन्ति भएर बर-बधुलाई घर भित्र भित्र्याउँछन् । एकै स्वरमा खुये भनी लक्ष्मी भित्र्याएकोमा खुशी मनाउँछन् । त्यसपछि बुहारीले पाथी भर्ने, कोठा, भकारी चिन्ने, तालाचावी दिने, घर व्यवहार सुम्पने कार्य गरिन्छ । त्यसपछि बेहुला बेहुलीलाई टीका लगाई आशिर्वाद दिई सगुन खुवाइन्छ ।

अर्को दिन प्रातः बेहुलीले घर लिप्ने रीत गरिन्छ । दाल भात खुवाउने कार्यक्रम हुन्छ । सबै दाजुभाइलाई बेहुलीको हातबाट दाल भात खुवाइन्छ । विवाह संस्कार यसरी अन्य जातिसँग पनि मिल्दो जुल्दो हुन्छ । तापनि कतिपय आफ्नै जातीयपनामा आधारित छ । यसरी सुनुवार जातिमा विवाह संस्कार गरिन्छ ।

विवाहका विभिन्न किसिमहरूमध्ये मागी विवाह नै सुनुवार समाजमा पहिलेदेखि नै लोकप्रिय हुँदै आएको देखिन्छ । हुन त यस जातिमा मागी विवाहको अतिरिक्त प्रेम विवाह र जारी विवाह पनि प्रचलित छ । एक-आपसमा मन पराएका केटा-केटी बीच कालान्तरमा आफू खुसी प्रेम विवाह पनि गर्ने गरिन्छ । जारी विवाह पहिले पहिले धेरै

नै भए पनि यस किसिमको विवाह हट्दै गएको छ । जुन विवाहमा अर्काकी पत्नी ल्याइने गरिन्छ । त्यस्तै आपसमा मन पराएका केटाकेटीले केटीलाई केटाले मेलापात र हाट बजार गएको मौकामा भगाएर लाने विवाह विधि पनि यस जातिमा निकै महत्त्वपूर्ण छ जसलाई भगाई लाने विवाह भनिन्छ । विवाहका प्रकार विविध भए पनि कटुञ्जेमा रहेका सुनुवार जातिहरूमा मागी विवाहको प्रचलन बढी छ । सानै उमेरमा मागी विवाह गर्ने यस जातिको प्रचलन रहेको छ ।

### ४.९.६ मृत्यु संस्कारसम्बन्धी विधिः

यस जातिमा गरिने मृत्यु संस्कार अन्य जातिमा धेरै नै मिल्दो जुल्दो रहेको पाइन्छ । जब मानिसको चोला उठ्छ त्यस पछिको मानव शरीर नै लास हो । समाजले आफ्नो परम्परा अनुसार दाह संस्कार गर्ने गर्दछन् ।

सुनुवार संस्कृतिको परम्परा अनुसार जब मानिसको मृत्यु हुन्छ त्यसपछि दाह संस्कारको पूर्व अभ्यासका कार्यहरू गरिन्छन् । सर्वप्रथम घर लिपपोत गरी शवलाई कात्रो (पिताम्बर) ओढाइन्छ । त्यसपछि गाउँ घरका सम्पूर्णलाई खबर गरिन्छ । खबर पाई सबै गाउँले जम्मा भएपछि लासलाई अन्तिम संस्कार गर्न एक-अर्कामा कामहरू गरिन्छ । घरमा लावा भुट्ने काम गरिन्छ । बाँसको खट बनाई राखिन्छ त्यसपछि लासको शिर र खुट्टामा बत्ती बाली दुईवटा बाँसको कप्टेराको ठ्याक् ठ्याक् बजाउने ट्अट् बजाइन्छ । शवलाई चिल्लो लगाई, कपडाले सिंगारिन्छ । त्यसपछि लासलाई बाँसको खटमा राखी ३ ठाउँमा बाँधिन्छ । यसरी शबलाई बाँधिसकेपछि १ प्वाड जाँडको भाँडो फुटाएर घाटतिर लास लाने सुरसार गरिन्छ । लासलाई खेद्नु अघि एकजना वृद्धा अघि लागि लाजा छर्नु पर्दछ र टाउको घर तिर र खुट्टा घाटतिर पारी घाटमा मलामीहरूका साथ लानु पर्दछ । यसरी लास उठाई लाँदा गाड्ने भए डाँडातिर र जलाउने भए खोलातिर लगिन्छ । लासलाई खोलातिर लाँदा मलामीहरूले अनिवार्य रूपमा दाउरा बोक्नु पर्दछ । सुनुवार जातिमा लासलाई जलाउने र गाड्ने दुवै परम्परा छ ।

यदि खोलातिर लासलाई दाह-संस्कार गर्न लाने हो भने सबैजनाले लास खोलामा पुऱ्याएपछि दाउरा विसाएर चित्ता बनाउने सुरसार गर्दछन् । जब चित्ता

बनाई सकिन्छ तत्पश्चात् लासलाई आफन्तद्वारा चित्ता माथि राखिन्छ । चित्तामा लास राखेपछि मृतकको छोराले घ्यू र चामल मोलेको (मट्टी) मुखमा राखिदिन्छ । उक्त मट्टी छोराले दिएपछि त्यही ठाउँमा बत्ती बालिदिन्छ । पहिले छोराले मट्टीदिई सकेपछि अन्य मलामीहरूले पनि क्रमशः मट्टी दिने गर्दछन् । साथै खोलाको पानी पनि मुखमा राखी ढोग्दछन् । सबै मलामीले मट्टी दिने काम सकेपछि मृतकका छोरा अर्थात् अन्य नजिकका आफन्तले चित्ताको चारैतिरबाट एकै साथ आगो सल्काउने कार्य गर्दछन् । जुन समयमा शंख पनि बजाइन्छ । यसरी लासमा आगो लगाई सकेपछि लास जली नसकुञ्जेलसम्म त्यही बसी लास सकिएपछि चित्ता पखालेर  र छोराले कपाल काटी शुद्ध सेता वस्त्र पहिऱ्याई सकेपछि मलामी फर्किन्छ । सेता वस्त्र पहिरनेलाई क्रियापुत्री भनिन्छ । मलामी घर फर्कने क्रममा बाटामा विशेष गरी दोबाटोमा मसान नआवस भन्ने उद्देश्यले काँडा थिची धूप हाल्ने काम गरिन्छ । मलामी टाढा-टाढाको भए मृतकका अन्य आफन्तले बाटोमा नै खानपिनको व्यवस्था पनि गर्ने गर्दछन् तर यो प्रचलन केही सीमितमा मात्र हुन्छ ।

त्यस्तै गरी लासलाई गाड्ने प्रचलन छ भने अग्लो डाँडामा सबै जना गई लासलाई खाल्डो खनी व्यवस्थित तरिकाले राख्ने गर्दछन् । त्यसै ठाउँमा मृतकका छोराले कपाल खौरी घर आउँदछन् ।

घरमा आइसकेपछि क्रियापुत्रीलाई कोरा मुनी छुट्टै राख्ने व्यवस्था गरिएको हुन्छ। उसले १३ दिनसम्म एक छाक पँधेरामा नुहाएर मात्र खानु पर्दछ । पँधेरामा पनि खाना खानु अघि मृतकलाई पिण्डदान गरेर मात्र खानु पर्दछ । पँधेरा जहाँ क्रियापुत्रीलाई खाना खुवाइन्छ, त्यहाँ छुट्टै जल चढाउने ढुङ्ग्री पनि राखिएको हुन्छ । यसरी जब १३ दिन पुग्दछ उक्त दिन पुरोहितद्वारा श्राद्ध गरी क्रियापुत्री लगायत अन्य आफन्तहरू चोखिने काम गर्दछन् । क्षेत्री, बाहुनको जस्तो गाईको गहुँतका साथै उनीहरूकै परम्परा बमोजिम जाँडद्वारा अभिशेक गरी चोखिने गरिन्छ । तर ब्राह्मण पुरोहित भएको ठाउँमा गहुँतद्वारा नै चोखिन्छ । त्यसपछि सबै जनाले खाना खाने गर्दछन् ।

तेह्र दिनको कार्य सकिएपछि प्रत्येक महिनामा  मासिक श्राद्ध  एक वर्षसम्म गर्दछन् । एक वर्ष पुगी बरखी भएपछि प्रत्येक वर्ष मरेको तिथिमा वर्षको एक पटक

श्राद्ध गर्ने गरिन्छ । तर कसै कसैले ४५ दिनसम्म जुठो बारी ४५ दिनका दिनदेखि नै पूर्ण रूपमा पनि चोखिन्छन् । सुनुवारहरूमा सेतो वस्त्र भने १२ दिनसम्म मात्र लगाउँदछन् ।

## ४.१० सुनुवार जातिमा मनाइने महत्वपूर्ण चाडपर्वहरू:

नेपालमा रहेका विभिन्न जातिजनजातिहरूले जाति विशेषका चाडपर्वका साथै सामूहिक चाडपर्व पनि मनाउने गर्दछन् । त्यस्तै नेपालको सुनुवार जातिले आफ्नो चाडपर्वका अतिरिक्त अन्य सामूहिक चाडपर्व पनि मनाउने गर्दछन् । सांस्कृतिक रूपमा सम्पन्न नेपालमा विभिन्न किसिमका चाडपर्व मनाइन्छन् । नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूले आफ्नो छुट्टै बाहुल्यता रहेको स्थानमा जाति विशेषका चाडपर्व बढी मनाउँदछन भने अन्य चाडपर्वहरू कम मान्ने गर्दछन् तर मिश्रित जातिहरूको बसोबास रहेको स्थानमा जाति विशेष र अन्य चाडपर्व जत्तिकै मनाउँदछन् । सुनुवार जातिले मनाउने प्रमुख चाडपर्वहरू तल प्रस्तुत गरिएको छ ।

### ४.१०.१ चण्डी पर्व:

सुनुवार जातिमा मनाइने एक महत्त्वपूर्ण पर्व चण्डी हो । जुन पर्व सुनुवार जातिमा वर्षको दुई पटक मनाइन्छ । बैशाख पूर्णिमामा मनाइने चाडलाई उभौली र मंसिर पूर्णिमामा मनाइने चाडलाई उधौली भनिन्छ ।

उभौली र उधौली मनाउँदा किराँत सुनुवारहरू बसोबास गरेको ठाउँ अनुसार परम्परागत भेषभूषा लगाई घरको चुला पुज्ने त्यसपछि बाहिर सार्वजनिक स्थलमा स्थापना गरिएको कुल थानमा गई मुन्धुम अनुसार पूजा गरिन्छ । उभौलीमा बैशाखे पूर्णिमादेखि पन्ध्र दिन औंसी तिथिसम्म र उभौली गर्दा मंसिरे पूर्णिमादेखि गाउँ-गाउँ र घर-घरमा नृत्य गरी मनाइन्छ । उक्त नृत्यको थालनी कुलथानमा स्याउला गाडी गरिन्छ भने विभिन्न नृत्यका भावहरू एक-अर्कामा माङमाको निर्देशन अनुसार प्रस्तुत गरिन्छ ।

चण्डी पर्व सांस्कृतिक एवम् सामाजिक महत्त्वको चाड हो । यस चाडमा नाचिने नृत्यहरू मानव जीवनको विभिन्न पक्षसँग पशुपंक्षी र प्रकृतिको सम्बन्धलाई प्रतिबिम्वित गर्ने खालका हुन्छन् । चण्डी पर्व आफन्त, छर-छिमेक र समुदायबीच

भेटघाट, आपसी सदभाव, मानमर्यादा अभिवृद्धि गर्नमा मनाइन्छ । यो पर्व मान्नाले रोगव्याधीको अन्त्य समेत हुने विश्वास गरिन्छ । यो पर्व मीठो-मीठो खाने, नयाँ लुगा लगाई रमाउने, टीका-टाला गर्ने, शुभ-कामना आदान-प्रदान गरी मनाइन्छ । जाँड, रक्सी र मासुको खोजिमेली गरेर खानुको साथै पाहुनाहरू समेतलाई खुवाउने गरिन्छ । चण्डीलाई पर्वको रूपमा मान्दा नियम अनुसार निश्चित बलि दिईंदैन भने पूजाको रुपमा मान्दा निश्चित बलि दिइन्छ । गरिब सुनुवारहरू चण्डीलाई पर्वको रूपमा परिवार पिच्छे मनाउने गर्दछन् ।

### ४.१०.२ मसेरानी पर्व:

सुनुवार जातिमा मनाइने विभिन्न चाडपर्वमध्ये मसेरानी पर्व पनि एक हो । जुन पर्व विशेष गरी खेतीपाती लगाई सकेपछि र खेतीपाती लगाउनुभन्दा पहिले मनाइन्छ । यो पर्व मनाउनका लागि टाढा-टाढाबाट आफन्तहरू घर आउने गर्दछन् । यो पर्वमा सुनुवारहरूले रातो, नीलो, हरियो कपडाले रङ्गिचङ्गी भई एक-अर्कामा स्नेह, सद्भाव र उपदेश दिई मनाउने गरिन्छ । कुखुराको मासु र सुंगुरको मासुका विभिन्न खालका परिकारहरू पनि यस चाडमा बढी खाने गरिन्छ । गच्छेअनुसार विभिन्न गर-गहनाहरू पनि लगाउने गर्दछन् । मसेरानी पर्वमा पञ्चेबाजाले हरेक घर-आँगनमा खुशियालीका साथ नाची; सामूहिक रुपमा जाँड, रक्सी खाने र विभिन्न हाउभाउ– जोगी, मगन्ते र झाँक्रीको अभिनय गरी मनाउने गरिन्छ ।

सुनुवार जातिमा यस पर्वमा सुनुवारहरूले अपफ्नो शीप प्रदर्शन गर्ने पनि गर्दछन् । यस पर्वबाट सुनुवारहरूले विभिन्न ज्ञानगुनका कुरा र शीपयुक्त कुराहरू सिक्ने गर्दछन् । शिवमाया सुनुवारका अनुसार– मसेरानी पर्वमा बृद्धादेखि युवासम्म भेला भई एक हप्तासम्म गाउँघर, टोल-छिमेकमा मीठो खाएर र राम्रो लगाएर खुशीसाथ सम्पन्न गर्ने गर्दछन् । यस पर्वले टाढा-टाढाका आफन्तसँग भेट गराउने हुँदा बढी महत्त्वपूर्ण मानिन्छ ।

### ४.१०.३ दशैं :

अन्य जाति सरह नै नेपालका सुनुवार जातिले पनि दशैं पर्व मनाउँदछन् । दशैं पर्व आश्विन शुक्ल प्रतिपदादेखि कोजाग्रत पूर्णिमा सम्म मनाइन्छ । उक्त पर्वलाई असत्य माथि सत्यको बिजय भएको शुभ उपलक्ष्य स्वरूप मनाइन्छ । नेपालका विभिन्न जातिहरूले यस पर्वलाई राष्ट्रिय पर्वका रूपमा मनाउँदछन् । सुनुवार समुदायले पनि यस पर्वलाई भव्यताका साथ सम्पन्न गर्दछन् । यस पर्वमा सुनुवारहरूले आफ्नो गच्छे अनुसार खानपिनको व्यवस्था गर्ने, मासु, जाँडको पूर्व तयारी गर्ने, आफ्नो वरपरको घर आगन चोक सफा गरी राख्ने गर्दछन् । टाढा टाढाबाट आफ्ना मान्यजनहरूको हातको टीका थाप्न स्वदेश तथा विदेशमा बसोबास गर्ने आफन्तहरू पनि घर आउने गर्दछन् । यस समुदायका मानिसहरूले विशेष गरी घटस्थापना देखि दशैं पर्व भव्यताका साथ मनाउँदछन् । दशैंको घटस्थापनामा जमरा राख्ने कार्य गर्दछन् भने फूलपातीका दिन अर्थात् (सप्तमी) मा फूलपाती आफ्नो घर र टोल छिमेकमा राख्ने गर्दछन् । त्यस्तै गरी अष्टमीका दिन खशी, राँगा, बोका, कुखुरा काटी भोज गर्ने गर्दछन् । भोजपछि एक आपसमा भेटघाटका साथ सार्वजनिक टोल छिमेकमा बसी छलफल र रमाइलो गर्ने र दिनमा २-३ घैला जाँड-रक्सी खाने र मस्तसँग रम्ने गर्दछन् । नवमीका दिन पनि यस समुदायमा दिनभर जस्तो भोज भतेर गर्ने, नाँचगान गरी रमाइलो गर्ने नै गर्दछन् । दशमीको दिन दशैंको विशेष दिन मानिन्छ, जुन दिन शुभ साहितमा टीका उठाई ज्येष्ठ सदस्यद्वारा अर्थात् मान्यजन मार्फत् टीका थाप्ने काम गरिन्छ । त्यस दिन टिकाटाला पश्चात् सामूहिक रूपमा भोज भतेर गर्ने पनि गरिन्छ । केटाकेटीदेखि बुढासम्म राम्रो लुगा र मीठो खानमा नै व्यस्त हुन्छन् । दशैंमा यस जातिमा नयाँ लुगा लगाउँदा काँचुली फेरेको महसुस हुन्छ । यसरी क्रमिक रूपमा मनाइने यस चाडमा पूर्णिमाको दिनसम्म कोसेली बोकी आफन्त र नातेदारहरूकोमा टीका लगाउन र भेटघाट गर्नमा व्यस्त हुन्छन् । यिनीहरूको यस दशैं पर्वलाई देवीले नयाँ काम शुरु गरेको भनी मनाउँदछन् । टीका लगाउन जाँदा जाँड र सेल रोटी अनिवार्य लानु पर्दछ ।

## ४.१०.४ तिहार:

तिहार अर्थात यमपञ्चक पर्व सुनुवार समुदायमा मनाइने एक महत्त्वपूर्ण पर्व हो। यस पर्वका पाँच दिन विशेष हर्षोल्लासका साथ मनाइन्छ । प्रथम दिन कागको पूजा गरी मनाइन्छ । त्यसदिन विहान सबेरै उठी घरका मुलीले सफा, सुग्घर भई यमदूतका सञ्चारवाहक कागलाई मीठो, मसिनो पनि खुवाइन्छ । त्यस्तै गरी क्रमशः दोस्रो दिन पनि कुकुरको पूजा पनि अघिल्लो दिन झैँ कागपूजा सरह नै गरिन्छ । तेश्रो दिन धनधान्यका देवी लक्ष्मीको पूजा घर आँगनमा दिपावलीका साथ मनाइन्छ । चौथो दिन हली तिहार, जुन दिन गोवर्द्धन (गोरु) पूजा गर्ने गरिन्छ । पाँचौँ दिन अर्थात् अन्तिम दिन दिदी बहिनीले आफ्ना दाजुभाइलाई टीका टालाका साथ मिष्ठान्न भोजन गराइन्छ । यसरी मनाइने यस चाडमा भैली खेल्ने र देउसी खेल्ने पनि गरिन्छ । यस पर्वमा सुनुवार समुदायका युवायुवतीहरू एक-आपसमा सद्भाव र प्रेमको आदान-प्रदान पनि गर्दछन् । बालकदेखि बृद्धासम्म १ हप्तासम्म तेल लगाउने र मान्यजनलाई उचित स्यार-सुसार गरी वर्षभरिको माया-ममता व्यक्त गर्ने गरिन्छ । आर्थिक रूपमा सम्पन्न सुनुवारहरूले बन्दुक पड्काएर, सबै नातेदार भेला गरी नाँचगान गर्ने र सामूहिक रूपमा बसी जाँड र सेल खाने गर्दछन् ।

## ४.१०.५ कृष्णाष्टमी:

भगवान कृष्णको जन्म दिनको रूपमा मनाइने यो पर्व सुनुवार समुदायमा निकै महत्त्वका साथ मनाइन्छ । यस दिन सुनुवारहरू स्नान गरी दिनभर निराहार व्रत बसेर मध्ये रातको समयमा आफ्ना पुरोहितद्वारा कृष्ण भगवान्को पूजा आराधना गर्दछन् । जब पूजा आराधना सम्पन्न हुन्छ तत्पश्चात् पुरोहितलाई भोजन गराई ब्रतालुले पनि पूजाको प्रसाद सवैलाई बाँडी खाना खाने गर्दछन् । त्यसपछि रातभर नाँचगान र जाग्राम बस्ने, एक-अर्कामा दोहोरी गीत गाउने र जाँड, रक्सी खाने गर्दछन् । उक्त रात ब्रतालुले नसुतिकन विताउनु पर्दछ ।

यसप्रकार सुनुवारहरूले दशैं, तिहार, कृष्णाष्टमी, चण्डी, मसेरानी चाडपर्वका साथै रामवनमी, तिज लगायतका अन्य पर्वहरू पनि मनाउँदछन् ।

### ४.१०.६ सारांश:

सुनुवार समुदायहरूमा अन्य जातजातिहरूले मनाउने विभिन्न चाडपर्वका साथै दशैं, तिहार, कृष्णाष्टमी पनि मनाउँदछन् । विभिन्न भूत, पिशाच, लगायतका दुष्ट तत्त्वले घर परिवार, छरछिमेकमा दुःख कष्ट दिन नसकोस् भन्ने उद्देश्यले सतर्क भई आफ्नो परम्परागत रीतिरिवाज प्रति अत्यन्त सजग हुन्छन् । अन्य जातिमाभन्दा चाडपर्वमा बढी रमाइलो र खर्च गर्दछन् ।

यस समुदायले आफ्नो बसोबास क्षेत्रमा परम्परादेखि चल्दै र मान्दै आएका मौलिक परम्परालाई अक्षुण्ण राख्न ज्यादै सजग रहन्छन् । आफ्नै मौलिक पोशाक, गरगहना, खानामा आफ्नो गर्व सम्झन्छन् । आफ्ना मूल्य, मान्यता प्रति अत्यन्त आस्थावान हुन्छन् ।

आफ्नो मौलिक संस्कारलाई प्यारो गर्ने यी जातिका मानिसहरू संस्कार अलिकति तलमाथि हुन गएको खण्डमा धामी, झाँक्रीद्वारा, पुरोहितद्वारा बलिपूजाका साथ देवदेवता बुझाई सुल्झाउने गर्दछन् । घर, टोल छिमेकका सम्पूर्ण देवदेवता खुशी पारेन भने त बाँच्न पनि गाह्रो हुन्छ, केटाकेटी, लालाबाला, खेतीपाती, बस्तुभाउ सबै सखाप हुन्छ भनी स्थानीय बृद्धाहरू बताउँदछन् ।

यसप्रकार आफ्ना धार्मिक, सांस्कृतिक चाडपर्व, मूल्य मान्यताप्रति सुनुवारहरू अत्यन्त सचेत रहन्छन् ।

# अध्याय - पाँच
# सुनुवार जातिको धार्मिक र आर्थिक अवस्था

यस जातिमा आफ्नै किसिमको धार्मिक विश्वास रहेको पाइन्छ । आफ्नो हिन्दू धर्म नै हो भन्ने भनाइ यस जातिको रहेको छ । लोकप्रिय सुनुवारका अनुसार केही सुनुवार जातिहरू जो पहाडी क्षेत्रको माथिल्लो भागमा बसोबास गर्दछन् उनीहरू बौद्ध धर्म एवम् बोन धर्म प्रति पनि आस्थावान रहेको पाइन्छ भनी बताइन्छ । तर पनि हिन्दू धर्मलाई पूर्ण रूपमा त्यागेको भने पाईदैन । तसर्थ यस समुदायमा हिन्दु एवम् बौद्ध दुबै धर्मको प्रभाव भेटिन्छ । तन्त्रमन्त्र एवम् धामीझाँक्रीमा समेत विश्वास गर्ने भएकोले बोन धर्म पनि मान्ने गरेको छ भन्ने भनाइ पाइन्छ । यस जातिले आफ्नो धार्मिक क्रियाकलाप (मुन्दुम) मुन्धुम भन्ने ग्रन्थबाट गराउँदछन् । धार्मिक विश्वास अनुरूप प्रकृतिपूजा, पितृपूजा, मुन्धुम अनुसार गर्ने गर्दछन् । धार्मिक क्रियाकलाप बाहुन पुरोहित र आफ्नै जातको नासो पुजारीमध्ये कुनै एकबाट गराउँदछन् । तर ओखलढुङ्गा कटुञ्जे गा.वि.स. मा रहेका सुनुवारहरू भने हिन्दू धर्म नै मान्ने गर्दछन् । आफ्नो मुन्धुम ग्रन्थबाट नै धार्मिक क्रियाकलाप नासोद्वारा गराउँदछन् । साथै ब्राह्मण पुरोहित मार्फत् पनि गर्ने गर्दछन् । तर हिन्दू ग्रन्थबाट नै ब्राह्मण पुरोहितले कार्य गराउँदछन् ।

## ५.१ सुनुवार जातिमा गरिने पूजा र विधिहरूः

सुनुवार जातिमा आफ्नै रीतिरिवाज र परम्परादेखि मनाउँदै आएका विभिन्न पूजाहरू छन् । जुन पूजा अन्य जातिमा नमनाई यस जातिमा मात्र मनाइन्छ । सुनुवारहरूमा धेरै पूजाहरू गर्ने परिपाटी रहेको छ । पूजा गर्दा सालको पात, थाल, कचौरा, ढुङ्ग्री, डालामा विविध पूजा सामग्री तयार गरिन्छ (चि.सं. ६) ।

### ५.१.१ गोठ धूप पूजा :

विशेष गरी गाईवस्तु बाँध्ने ठाउँमा गरिने पूजा नै गोठधूप पूजा हो । गोठधूप पूजामा गोठका देवताहरू गैडुगोसाइँ, कलोरानी, चाँई शिकारी आदि देवताको पूजा गरिन्छ । सुनुवार जातिहरूमा गोठधूप पूजा वर्षको २ पटक गरिन्छ । पहिलो पटक

वैशाख महिना र दोश्रो पटक मंसिरमा गरिन्छ। यो पूजा बस्तुभाउ सप्रिउन भन्ने उद्देश्यले गरिन्छ। गोठधूप पूजा गर्दा सबै गाउँलेहरू एक निश्चित गोठमा जम्मा भई सामूहिक रूपमा गर्दछन् । गोठधूप गर्ने दिन सबेरै कुमार केटाले गोठ सफा पार्नु पर्दछ। गोठधूप गर्दा गाईको थलोमा सफा गरी गरिन्छ। त्यस दिन विहानै मोही पारी धूप नहाली गोठपूजा गर्दा मात्र धूप हाल्ने गरिन्छ । गोठ पूजा गर्दा गोठ र गाईवस्तुलाई भित्र पारेर दूध, भाले, धूपौरो ३ जनाले बोकेर दायाँ पारेर घुमाउनु पर्छ। दूध बोक्नेले दूधको भाँडोमा तितेपातीको मुण्टाले छर्किदै, धूप बोक्नेले धूप हाल्दै दायाँ पारेर ३ पटक घुमाउनु पर्छ। घुमी सकेपछि सबै जनाको दूध मिसाई खिर पकाएर, चामलको पिठाको रेखी हाली खीर चढाएर देवता खुशी पार्ने गरिन्छ (चि.सं. ७)। उक्त खीर सबै जना बाँडीचूडी खाने गर्दछन् । यस पूजाले गाई वस्तु सप्रने जनविश्वास पनि छ।

गोठधूप गरी बाँडेर खाएको खीर बाँकी रहेका प्रत्येकका ढुङ्ग्रामा प्रसाद स्वरूप घरमा लगी सबैजना बाँडीचुडी खाने गर्दछन् । गोठका देवताप्रति सजग यिनीहरू त्यस दिन पवित्र जलले वस्तुभाउलाई छर्कने पनि गर्ने गर्दछन् ।

### ५.१.२ चण्डीपूजाः

हिन्दूहरूको प्रमुख आराध्यदेवी चण्डी भगवती हिन्दू धर्माबलम्बी किराँतहरूले इष्टदेवीको रूपमा पूजा आराधना गर्ने प्रक्रियालाई चण्डीपूजा भनिन्छ। सुनुवारहरूले इष्टदेवीको रूपमा बैशाख शुक्ल पूर्णिमाको दिन चण्डीपूजा गर्ने परम्परा छ। यो पूजा सुनुवार, राई, लिम्बूमध्ये सुनुवार र राईले आराध्य देवी चण्डीकाको चण्डी भगवतीको रूपमा विशेष धुमधामसँग मनाउने गरेको पाइन्छ।

लोकप्रिय सुनवारका भनाइ अनुसार लिच्छवि राजाबाट पराजित भएपछि पूर्वी नेपालतिर लागेका किराँत सुनुवारहरू वनेपामा चण्डी भगवतीको स्थापना गरी आफ्नो आराध्यदेवी चण्डी भगवतीको पूजा गर्ने गरेका थिए । विशेष गरी सुनुवार वल्लो किराँत, राई माझ किराँत, लिम्बू पल्लो किराँतको रूपमा बसोबास गर्दा इष्ट भगवती चण्डी र शान्तिको प्रतीक पंक्षी सुन ढुकुर ९न्यमिभल म्यखभ० लिएर गएका थिए भन्ने भनाइ रहेको छ।

लोकप्रिय सुनुवारका अनुसार– लोक कथन अनुसार सुनुवारहरूको इष्टदेवी चण्डीको मूल मन्दिर वनेपाको चण्डी भगवतीको मन्दिर हो । केही समयपछि लिखु खोलाका सुनुवारहरू मिली तान्त्रिक साधनाबाट पूजा आराधना गरी चण्डी भगवतीलाई त्यहीँ लगी स्थापना गरेर पूजाआराधना गरे । जसमा तान्त्रिक धामी (विजुवा) को अङ्गमा चढी भगवतीले बैशाख शुक्ल पूर्णिमाको दिन आ-आफ्नो गाउँमा मेरो मन्दिर स्थापना गरी पूजा गर्नू त्यो दिन म आई मलाई अर्पण गरेको बलि लिनेछु भनी वक्दा वनेपा चण्डेश्वरी मन्दिरबाट स्थापनाको शालिक, मूर्ति, फूलपाती आदि लिई ती सुनुवार भक्तहरू फर्किएर वैशाख शुक्ल पूर्णिमाको दिन भक्ति भावले चण्डी भगवतीको पूजा आराधना गर्ने गरेका हुन् भन्ने जनश्रुति रहेको छ ।

चण्डीपूजामा ३६० दिनको एक वर्ष सम्झी ३६० बलि दिनु पर्ने परम्परा छ । चण्डीदेवीलाई दैनिक खुशी पार्न दिनको एउटा बलि दिनु पर्नेमा दैनिक दिन नसक्दा वर्षको एक दिन सवै मिलेर यो चण्डीपूजा गर्ने गरिन्छ । यो पर्व सुनुवारहरूको बढी खर्चिलो हुने गर्दछ । यस चण्डी पूजामा टाढा-टाढा रहेका सुनुवार बन्धुहरू भेटघाट गर्न र पूजा उत्सवमा सहभागी हुन घर आउने र उत्सव मनाउने गर्दछन् (चि.सं. ८) ।

शिवमाया सुनुवारका अनुसार– चण्डी पूजाको दिन विहानै देखि निराहार उपवास बसी पुजारी नासो चण्डी स्थानमा पुग्दछन् । अन्य सुनुवार युवा-युवतीहरू ढोलहरू र पञ्चेबाजाका साथ नाँच्दै बाँसको लिङ्गो, चमर, ध्वजा लिई पुजारीलाई अगाडि लगाएर चण्डी स्थानमा पुग्दछन् (चि.सं. ९) । घरै पिच्छे एक माना चामलको भात पकाई त्यसमाथि अण्डा राखी आलम (सेतो, रातो कपडा) फूल सोली लिएर जाने गर्दछन् । चण्डीमा सवैभन्दा रमाइलो पनि यसै अवसरमा हुन्छ । यसबेला सबै धामी, झाँक्री, विजुवा काप्ने गर्दछन् । यसमा देवीको शक्ति हुन्छ भनिन्छ ।

यो पूजा सबैको घर परिवारमा लालाबालालाई राम्रो होस्, गाउँघरमा हैजा नआवस्, सुखशान्ति र संवृद्धि होस्, खेतीपाती राम्रो होस्, वस्तुभाउमा रोगव्याधी नआवस् भन्ने उद्देश्यले मनाइन्छ ।

### ५.१.३ गिल र छेंगु पूजाः

यी पूजा सुनुवार समुदायको महत्त्वपूर्ण पूजाको रूपमा लिइन्छ । गिल पूजामा कुलदेवता बुझाउने उद्देश्य रहेको हुन्छ । यो पूजा मार्ग, माघ, फाल्गुण महिनामा गरिन्छ । यो पूजा गर्नका लागि झाँक्रीद्वारा दिन बार जुराइन्छ । यस पूजाका लागि ६ महिना अगाडिदेखि जाँड तयार गरिन्छ । अन्य सामग्री छर-छिमेक र दाजुभाइबाट पनि गच्छे अनुसार लाने गरिन्छ ।

यस पूजाका लागि २०० गज सेतो कपडा, ३६० वटा जीवित जन्तुहरू (कुखुरा, राँगा, बोका) जन्तुमा ३ वर्ष पुगेको सुंगुरको विर, भेडा, राँगा, बोका, हाँस, परेवा, आदिको भोग दिनु पर्दछ (चि.सं. १०) । यो पूजा सम्पन्न गर्नका लागि चारजना पुजारीको आवश्यकता पर्दछ । भोग खाने र भोग नखाने देवताहरूका लागि छुट्टा-छुट्टै झाँक्रीहरूद्वारा पूजा गर्नु पर्दछ । यो पूजा अवधिभर आठ जना कन्याकेटी र ७२ जना कुमार केटाहरू लाग्नु पर्दछ । यसरी गर्ने गिलपूजा अहिले आएर परिवर्तन हुँदै कतै लोपको अवस्था समेत पुग्न लागेको छ ।

सुनुवार समुदायमा गरिने पूजामा छेगु कोरा पूजा अन्तर्गत पर्दछ । छेगु पूजालाई सुनुवार जातिको कुल पूजा मानिन्छ । यो पूजा अन्य जातिले गर्दैनन् । यो पूजा उधौली र उभौली गरी दुई प्रकारले दुई समयमा गरिन्छ । यस पूजाका लागि कार्तिक, मंसिर, फाल्गुण र वैशाख उत्तम महिना मानिन्छन् । साधारणतया यो पूजा ३ वर्षमा एक पटक गरिन्छ । आफ्ना शाखा सन्तान दुःखी, दरिद्र नहून्, सहकाल होस्, शुभाशुभ होस् भन्ने हेतुले यो पूजाको आयोजना गरिन्छ (चि.सं. ११) । यो पूजा पुराना बूढापाकाहरू भएको ठाउँमा अहिलेसम्म गरिन्छ ।

### ५.१.४ काँष र सुरोमपूजाः

सुनुवार जातिको आफ्नो मौलिक परम्परा बोकेको पूजा हो काँष । यो खर्चालु पूजा मानिन्छ । यो पूजा गर्नका लागि ३ दिनसम्म झाँक्री नाच्नु पर्दछ । काँष पूजालाई छेगु पूजाको ठूलो स्वरूप मानिन्छ । यस पूजामा बलि दिइदैन । सुनुवार जातिमा चिउरा जातीय पुर्ख्यौलीले राम्रो मानिदैन, त्यसकारण काँष पूजामा मात्र

सुनुवारहरूले चिउरा कुट्नु पर्दछ । तर यो प्रचलन वर्तमान समयमा भने कम हुँदै गएको छ । रामेछाप र ओखलढुङ्गामा बसोबास गर्नेले यो पूजा गर्दै आएका छन् । यस पूजामा चामलको तोर्म बनाई देवदेवताहरूको पूजाआराधना गरिन्छ । काँष पूजामा सुनचरीको रूपमा कुनै न कुनै चरा नभई नहुने परम्परा रहेको छ । भए जीवित र नभए मृत नै भए पनि हुने र दुबै सम्भव नभए कुखुराको चल्लाले पूजा चलाउनु पर्ने हुन्छ ।

सुनुवार समुदायमा अन्य देवीका रूपमा सुरोम पूजा गरिन्छ । सुरोम जम्मा १६ बहिनी भएको बताइन्छ । सुरोम देवी अन्न, धनसम्पत्ति, वस्तुभाउ, लालाबाला यावतको रक्षा गर्ने देवी हुन् । कसैले अन्न, ढुकुटी चोर्ने प्रयत्न गरेमा उक्त चोरलाई सुरोम देवी लाग्ने विश्वास गरिन्छ । सुरोम देवी लागेमा ढाड कुप्रो, कुँजो हुने, अपाङ्ग हुने जस्ता डरलाग्दा रोग लाग्दछन् । यसरी सुरोम देवी लागेमा घरमा धूप पोल्ने, दोबाटोमा धूप हाल्ने, कोठा, भकारीमा धूप पोल्ने, धूपवत्तीले साँझ वा रातमा सुरोम देवीको पूजा गर्नु पर्दछ ।

५.१.५ सेद र वासुराजा पूजाः

सुनुवारहरूको घरको रक्षक द्वारपाल देवको रूपमा पूजा गरिने देवताको नाम हो सेद । सेद १६ किसिमका हुन्छ । यस देवतालाई घरको मूल ढोकामा पूजा गरिन्छ । यसरी ढोकामा यस देवताको पूजा गर्दा अनिष्ट तत्त्वको प्रवेश घर भित्र हुन पाउँदैन । ढोकामा सदासर्वदा सेतो सर्पको रूपमा गुडुल्किएर बसेको धामी, झाँक्री जादूगर तथा मसान साधना गर्नेले प्रत्यक्ष देख्न सक्छन् र घरभित्र हतपत्त पस्न डराउँछन् । तर अरु सर्वसाधारण भने सजिलै प्रवेश गर्दछन् । तसर्थ यस पूजालाई रक्षक पूजाको रुपमा मान्ने गरिन्छ ।

सुनुवार जातिको अर्को एक प्रमुख देवता बासुराजा पनि हुन् । उनीहरूले यस राजालाई फकाई फुलाई गर्न साह्रै कठिन हुन्छ । हातचुरा, कानसुन, जामापगरी, लत्ताकपडा, जातजातका वस्त्रालङ्कार अर्पण गरी विविध मिष्ठान्न व्याञ्जन तयार गरी फकाई फुलाई ग्रहण गर्न लगाउनु पर्छ । वासुराजा रिसाए भने अनिष्ट पर्छ भन्ने

विश्वास रहेको छ । यी राजालाई खुशी गर्न सकियो भने मनोवाञ्छित फल पाइन्छ । धनधान्य, पुत्रपुत्री लाभ हुन्छ भन्ने मान्यता छ ।

विभिन्न उल्झनमा फसेकोलाई उल्झनबाट मुक्त पार्न वासुराजालाई जषिलो, बाषिलो, फेषिलो, पाइँषिलो भन्दै वस्त्रालंकार चढाउनु पर्छ । भोजनमा मद्यपान गराउनु पर्छ तथा अन्य खाद्य सामग्री जाँड, रक्सी, विभिन्न व्यञ्जन राखी, धूपद्वीप गरी, जामापगरी, सुनचुरा, लत्ताकपडा राखी बलि पूजा गर्नुपर्छ ।

### ५.१.६ अग्नि र देवपूजाः

यस समुदायमा अग्निदेवतालाई फुसदेवी पनि भनिन्छ । यसमा केही पनि जुठोवस्तु खसाउनु हुँदैन । आगोमा झ्वाइँ पार्नु पनि हुँदैन । यदी कसैले यस्तो कार्य गरेमा आँखा दुख्ने, सोला हान्ने हुन्छ । सधै पूरै अन्धोपन पनि हुन पुग्छ । जसको उपकारको लागि झाँक्रीद्वारा माफी माग्न लगाई विदाइ गर्नु पर्दछ ।

लोकप्रिय सुनुवारका अनुसार–सुनुवारहरूको धामी नासोद्वारा गरिने विभिन्न पूजाहरू मध्ये एक हो देवा पूजा । जुन पूजामा आदरपिदार देखि लिएर कुल धानी, मूल धानी, याब्रे, गब्रे, लागपर्गी, सिदाफिकी, फोलदेवा, मेसारेराजा, देउला होष ८ भाइ निम्लो, चण्डी भगवती, पशुपतिनाथ, किराँतेश्वर महादेव आदिको पूजा गरिन्छ ।

### ५.१.७ कोरा पूजाः

सुनुवार जातिमा अधिकांश पूजाहरू बलि दिएर गरिन्छ र बलि नदिई पनि गरिन्छ । बलि नदिई गरिने पूजाहरूमा रुद्री, महारुद्री, सप्ताह, ब्रत, तीर्थ बाह्रै महिना गर्ने गरिन्छ । जुन पूजा अन्य जातिले जस्तै गर्दछन् । सत्यनारायणको पूजा पनि कोरा पूजा अन्तर्गत नै पर्दछ । जसको प्रसाद क्षेत्री, बाहुन लगायत अन्य जातिले पनि खाने गर्दछन् ।

पूजामा गरिने खर्च विवरण

| क.सं. | पूजाहरू | खर्च (रूपियाँ) | प्रतिशत |
|---|---|---|---|
| १. | चण्डीपूजा | १०,०००।- | ४१.६७ |
| २. | गोठधूप पूजा | १,०००।- | ४.१७ |
| ३. | वासुराजा पूजा | ३,०००।- | १२.५ |
| ४. | कोरा पूजा (सत्यनारायण, रुद्री) | ५,०००।- | २०.८३ |
| ५. | अन्य | ५,०००।- | २०.८३ |
| | जम्माः | २४,०००।- | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०६५ ।

यसप्रकार सुनुवार समुदायमा गरिने विभिन्न पूजाहरूमध्ये सबैभन्दा बढी खर्चालु पूजा चण्डी पूजा हो । जुन पूजा विशेष हुने गर्दछ । त्यसपछि वासुराजा पूजा, सत्यनारायण बढी खर्च हुन्छ भने अन्य पूजा कम खर्चमा नै गर्न सकिन्छ ।

## ५.२ सुनुवार जातिको आर्थिक अवस्थाः

नेपालमा बसोबास गर्ने विभिन्न आदिवासी जनजातिहरू मध्ये सुनुवार पनि एक हो । यस जातिको बसोबास क्षेत्र पूर्वी नेपालको लिखु नदी, सुनकोशी नदी किनारा र रामेछाप, ओखलढुङ्गा, दोलखा जिल्ला हुन् । यो जातिले सुरु सुरुमा शिकार गरेर आफ्नो जीवन निर्वाह गर्दथ्यो भने अहिले शिकार पेशालाई छोडेर कृषि, पशुपालन, नोकरी, ज्याला मजदुरीलाई नै आय आर्जनको माध्यम बनाएका छन् । यस समुदायको प्रयाप्त जग्गा जमीन नभएकोले र सैनिक, प्रहरी बाहेक अन्य पेशामा ज्यादै थोरै मात्र भएकाले आर्थिक दृष्टिमा अन्य जातिको तुलनामा विपन्न नै देखिन्छन् ।

### ५.२.१ कृषिः

नेपालमा हरेक जातिहरूको मुख्य व्यावसाय कृषि नै हो । नेपालका अधिकांश मानिसहरू कृषि पेशामा नै बढी निर्भर छन् । त्यसमा पनि पहाडी क्षेत्रमा बस्ने मानिसहरूको त वैकल्पिक व्यावसाय ज्यादै नै कम देखिन्छ । नेपालको सुनुवार जाति जसको प्रमुख व्यावसाय कृषि नै हो । ओखलढुङ्गाको कटुञ्जे गा.वि.स.मा रहेका

सुनुवार जातिहरूको प्रमुख पेशा कृषि हो तर त्यहाँका सुनुवारहरू आर्थिक दृष्टिकोणले निकै पछि परेका छन् । कटुञ्जे गा.वि.स.को भौगोलिक स्वरूप भिरालो र खेतीपातीका लागि पाखो बारी मात्र बढी भएको र त्यो बारी पनि वनस्पतिहरूले ढाकिएको र मल वर्षाको पानीले बगाएर नदी किनारामा पुऱ्याउनाले उब्जाउ अति नै न्यून हुन्छ । कृषि गर्ने जमीन बढी बारी भएको र बारीमा सिंचाई सुविधाको व्यवस्था नभएकोले कोदो, मकै, फापर, जौ जस्ता अन्न बालीहरू मात्र लगाइन्छन् । कतै कतै खोरिया खनेर आलु रोप्ने पनि गरिन्छ । यसरी खोरिया खनी आलु रोप्दा सुरुको वर्षामा बढी हुने र अन्य वर्षमा उब्जाउ कम हुने गर्दछ । खेतको जमीन धेरै कम छ । गा.वि.स. को तल्लो भागमा खोला किनारमा एकदम थोरै मात्र धान रोप्ने खेत छ भने माथिल्लो भागमा पाखा खेत पनि ज्यादै कम छ । सुनुवारहरू रहेको क्षेत्रमा वर्षाको पानी माथि निर्भर रही खेती गर्ने पाखा खेत १-२ जनाको मात्र छ ।

खेती किसानमा विभिन्न तरकारी बालीहरू जस्तो– साग, मूला, आलु, करेला, सिमी, फर्सी, काँक्रो, भट्मास, स्कुस जस्ता तरकारी बालीहरू पनि लगाइन्छ र केही स्थानीय स्तरको हाट बजारमा लगेर विक्री गरी आय आर्जन गर्ने गर्दछन् ।

खेती गर्दा हलो, गोरुको प्रयोग गरेर गर्ने गर्दछन् । हलो, कोदालो, कोदाली, दाँदे, लिड्को, हसियाँ नै खेतीका लागि प्रयोग गरिने औजारहरू हुन् ।

खेती लगाउने र उत्पादन भित्र्याउने

| क्र.सं. | बालीहरू | खेती लगाउने महिना | खेती उठाउने महिना |
|---|---|---|---|
| १. | मकै | चैत्र | भाद्र |
| २. | कोदो | आषाढ | पुस |
| ३. | गहुँ/जौ | कार्तिक | फाल्गुण |
| ४. | आलु | कार्तिक | पुस |
| ५. | सिमी | वैशाख | भाद्र |

स्रोतः स्थलगत अध्ययन, २०६५ ।

यहाँ लगाइने प्रमुख बाली मकै, कोदो, गहुँ, आलु र सिमी हुन् । जुन बालीहरू विभिन्न समयमा (चैत्र, आषाढ, कार्तिक, वैशाख) मा लगाइन्छ र भाद्र, पुस, फाल्गुण, भाद्र महिनामा भित्र्याइन्छ ।

अन्न बालीको विवरण

| क्र.सं. | अन्न बालीहरू | घर | प्रतिशत |
|---|---|---|---|
| १. | मकै | ३० | १००.०० |
| २. | कोदो | २६ | ८६.६७ |
| ३. | गहुँ /जौ | १५ | ५०.०० |
| ४. | आलु | २५ | ८३.३३ |
| ५. | सिमी | २० | ६.६७ |

स्रोतः स्थलगत अध्ययन, २०६५ ।

माथिको तालिकामा देखिए अनुसार सबैभन्दा बढी मकै १०० प्रतिशत र क्रमशः कोदो (८६.६७%), गहुँ/जौ (५०.००%), आलु (८३.३३%) र सिमी (६६.६७%) लगाएको देखिन्छ ।

### ५.२.२ पशुपालनः

कृषि व्यावसाय सञ्चालन गर्नका लागि पशुपालन व्यावसाय एक अनिवार्य पेशा मानिन्छ । हरेक समुदायमा जस्तै कटुञ्जेको सुनुवार समुदायमा पनि पशुपालन व्यावसाय कृषि व्यावसायको परिपूरकको रूपमा गरिएको पाइन्छ । पशुपालन व्यवसायिक रूपमा नै पनि गरेको पाइन्छ (चि.सं. १२) । मासु, दूध, दही, घ्यू, आदि तत्त्वहरूको प्राप्तिका लागि पनि पशुपालन गरेको पाइन्छ । प्रयाप्त तरकारी लगायत अन्य उपभोग गर्ने वस्तुको अभावमा दही, दूध, घ्यू, महीका लागि हरेक घरमा पशुपालन व्यावसाय गरिएको पाइन्छ । खेती पातीका लागि आवश्यक पर्ने गोठे मलका निम्ति पनि पशुपालन अनिवार्य जस्तै छ । यहाँ पाल्ने पशुपंक्षीहरूमा गाई, भैंसी, भेडा बाखा, कुखुरा, हाँस, सुंगुर/बंगुर मुख्य रहेका छन् ।

पशुपंक्षीको विवरण

| क्र.सं. | पशुपंक्षीहरू | सङ्ख्या |
|---|---|---|
| १. | भैंसी/राँगा | ७५ |
| २. | गाई | ५० |
| ३. | सुंगुर/बंगुर | १०५ |
| ४. | भेडा/बाखा | २८० |
| ५. | कुखुरा | २०६ |
| | जम्माः | ७७० |

स्रोतः स्थलगत अध्ययन, २०६५ ।

यसरी यस तालिकालाई हेर्दा उनीहरूले गाई, भैंसी, राँगा, बाखा, कुखुरा, हाँस, सुंगुर/बंगुरलाई घरपालुवा जनावरका रूपमा पालेको देखिन्छ । कृषि व्यावसाय र त्यस व्यावसायलाई आवश्यक पर्ने मल र बेच-विखन गरेर आर्थिक समस्या समाधान गर्न पनि पशुपालन व्यावसाय नै महत्त्वपूर्ण भएको मानिन्छ । कुखुरा त यस जातिको मर्दा देखि पर्दासम्मको लागि अति नै महत्त्वपूर्ण ठानिन्छ । झारफूक गर्न, देवीदेवतालाई बुझाउन पनि कुखुरा अनिवार्य छ ।

## ५.२.३ नोकरी/सरकारी सेवाः

सुनुवार जातिले नेपालको सरकारी सेवामा महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । सरकारी सेवा मार्फत् देशमा ठूलो योगदान पुऱ्याएकोले पहिले पहिले सुनुवारहरूले किपट भूमि पनि पाएका थिए । तर यो प्रथा हाल रहेको छैन । भारतीय सेना, बृटिश सेनामा पनि सुनुवारहरूको ठूलो झुकाव छ । नोकरीका लागि धेरै पहिले देखि नै सुनुवार युवायुवतीहरू सेना, प्रहरीमा कोसिस गर्ने गर्दछन् । स्वदेशी तथा विदेशी सैन्य, प्रहरी सेवामा नै सुनुवारहरूको बढी आकर्षण हुन्छ । अन्य स्थानका साथै कटुञ्जेका सुनुवारहरूले पनि सैन्य सेवा मार्फत् नै देशको सेवा गरेका छन् । आफ्नो त जात विशेषकै पेशा सेना, प्रहरीको नोकरी हो भन्ने मान्यता यस जातिमा रहेको पाइन्छ । यहाँका सुनुवारहरू सैनिक पेशामा नै बढी छन् । प्रशासनिक र शैक्षिक क्षेत्रमा सुनुवारहरूको पहुँच न्यून छ ।

### ५.२.४ ज्यालामजदुरीः

हरेक जातिले आफ्नो घर परिवारको जग्गा जमीनले अर्थात् खेतीपातीले खान लगाउन नपुगेपछि दैनिक आवश्यकता पूरा गर्न ज्याला मजदुरी गर्दछन् । नेपालको धेरै जातिहरूको आफ्नो आर्थिक हैसियत अत्यन्त कमजोर छ । त्यसकारण आफ्नो जीविका निर्वाहका लागि ज्याला मजदुरी गर्ने गर्दछन् । त्यस मध्ये ओखलढुङ्गाको कटुञ्जेमा रहेका सुनुवारहरू जसको आर्थिक हैसियत कमजोर छ । आफ्नो आर्थिक अवस्था कमजोर भएकोले यहाँका सुनुवारहरू भारी बोक्ने, हलो जोत्ने, भरियाको काम गर्ने, चोयाका सामग्री निर्माण गर्न टाढा-टाढाका गाउँसम्म पुग्ने, डकर्मी, सिकर्मीको काम गर्ने, हिउँदको समयमा पर्यटकहरूको साथी भई काम गर्ने गर्दछन् ।

### ५.२.५ अन्य :

नेपालमा रहेका विभिन्न जातिहरूले आ-आफ्नो जाति विशेषको कार्य गरेको पाइन्छ । तर केही जातिहरूले भने खेतीपाती, सैन्य, प्रहरी सेवाका साथै जाति विशेषका कार्य गर्न नसक्दा आर्थिक आर्जनका लागि कोइला खानी जाने, जम्मु काश्मीर जाने, विदेश जाने गर्दछन् । ओखलढुङ्गाको कटुञ्जेमा रहेका सुनुवारहरू जो आफ्नो दैनिक आवश्यकता पूर्ति गर्नका लागि विदेशमा विभिन्न कामको खोजीमा जाने गर्दछन् ।

विदेशमा कामको खोजीमा जानेको विवरण

| क्र.सं. | देश | कामको खोजीमा जानेको सङ्ख्या |
|---|---|---|
| १. | भारत | २० |
| २. | हङकङ | ४ |
| ३. | कुवेत | १० |
| ४. | मलेसिया | १५ |
| ५. | दुबई | ६ |
| ६. | कतार | १० |

स्रोतः स्थलगत अध्ययन, २०६५ ।

सुनुवारहरूको घरेलु व्यावसायमा चोयाबाट तयार गरिने सामग्रीहरू, डोका, भकारी, थुन्से, डोली, चित्रा, काइँया, फिपी, मान्द्रो पर्दछन् (चि.सं. १३) । त्यस्तै गरी सुनुवार महिलाहरू जाली रुमाल, टोपी, झोला, जस्ता सामग्रीहरू बनाउने गर्दछन् । सुनुवार थुन्से, भकारी भनेर नेपालमा हालसम्म पनि प्रसिद्ध छ । यस व्यावसायबाट सुनुवारहरूले राम्रो आर्थिक आर्जन गरेको पाइन्छ । सुनुवारहरूले व्यवसायिक रूपमा नै चोयाबाट निर्मित सामग्रीहरू तयार गरी विक्री वितरण गर्दछन् । आफुले निर्माण गरेका वस्तुहरू विक्री वितरण गरी आय आर्जन गर्न स्थानीय हाटबजार लगायत टाढा टाढाका अन्य जिल्लासम्म पुग्दछन् ।

माथिको तालिकामा कटुन्जेका सुनुवारहरू जो आर्थिक आय आर्जनका लागि सबैभन्दा बढी भारत र त्यसपछि मलेसिया, कुबेत, कतार, दुबई, हङकङ गएको पाइन्छ । विदेश गई लाहुरे बन्ने र पैसा कमाउने उद्देश्यले यहाँका सुनुवारहरू विदेश जान थालेका छन् । यसरी विदेश जाने क्रम धेरै पछि मात्र सुरु भएको हो ।

खाना पुग्ने र नपुग्ने आधारमा घर धुरी विवरण

| क्र.सं. | खानाको प्रर्याप्तता महिना | घरसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ०-३ महिनासम्म खान पुग्ने | १२ | ४०.०० |
| २. | ३-६ महिनासम्म खान पुग्ने | ८ | २६.६७ |
| ३. | ६-९ महिनासम्म खान पुग्ने | ६ | २०.०० |
| ४. | ९-१२महिनासम्म खान पुग्ने | ४ | १३.३३ |
| | जम्माः | ३० | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०६५ ।

यस तालिकामा २६.६७ प्रतिशतले मात्र ६ महिनासम्म खान पुऱ्याउँदछन् । ४० प्रतिशत घरधुरीले ३ महिनामा नै आफ्नो वर्ष भरिको काम सकी अन्य पेशा व्यावसाय अर्थात् ज्यालामजदुरी गर्न हिँड्नु पर्दछ । वर्ष भरी खान पुऱ्याउनेको घरधुरी सङ्ख्या ४ रहेको छ । कटुन्जेका सुनुवारहरूले हालसम्मको अध्ययनबाट ज्यादै थोरै घर परिवारले मात्र वर्षभरी खान पुऱ्याएको देखिन्छ । यसबाट यस गा.वि.स.का सुनुवार समुदायले आफ्नो आर्थिक अवस्था धान्न धेरै नै संघर्ष गर्नु पर्ने देखिन्छ ।

### ५.२.६ सारांशः

आफ्ना परम्परादेखि मानिदै आएका देवी देवताको पूजा गरी विश्वस्त हुनका लागि विभिन्न पूजाआजा गर्नु पनि सुनुवार जातिमा देखिने धार्मिक प्रभाव हो । उनीहरूले हरेक क्रियाकलाप (वस्तुभाउ, घरपरिवार, खेतीपाती, रोगव्याधी) बाट बच्नका लागि विशेष दिन पारी पूजा आजा गर्ने गर्दछन् ।

नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूको प्रमुख पेशा कृषि, पशुपालन, ज्यालामजदुरी, सरकारी सेवा नै मानिन्छ । नेपालको पूर्वी पहाड ओखलढुङ्गा, रामेछाप जिल्ला र सुनकोशी क्षेत्रको आसपासमा बस्ने सुनुवार जसले आफ्नो आर्थिक आय आर्जनको प्रमुख माध्यम कृषि बनाएको छ । कृषिका अतिरिक्त पशुपालन, नोकरी भए पनि समग्रमा यस जातिको आर्थिक अवस्था मजवूत भने छैन । ओखलढुङ्गाको कटुञ्जेमा वस्ने सुनुवारहरू जसको आर्थिक आय आर्जनको माध्यम कृषि, पशुपालन, नोकरी भए पनि भर्खरैको प्रारम्भिक अवस्थामा छ । जुन पेशा, व्यावसायबाट आर्थिक अवस्था सक्षम देखिंदैन ।

यस गा.वि.स.मा रहेका अन्य जातिका तुलनामा यो जातिको आर्थिक अवस्था कमजोर देखिन्छ । भूमिको स्वामित्त्व नै कम भएको र भएको भूमि पनि कम उर्बर भएकोले सिंचाई नभएकोले लगानी अनुसारको प्रतिफल प्राप्त भएको पाइँदैन । त्यस्तै खेती गर्ने प्रचलन पनि परम्परादेखि कै भएकोले समयानुकूल हुन नसकी उब्जाउ कम छ । अशिक्षा, गरिबी जस्ता कारणले यहाँका सुनुवारहरूको आर्थिक अवस्थामा कुनै परिवर्तन आउन नसकेकोले पनि आर्थिक अवस्था मजवुत नभएको देखिन्छ ।

आर्थिक अवस्थामा कृषि, पशुपालन, ज्यालामजदुरी, नोकरी नै प्रमुख भए तापनि जमिनको स्वरूप, सिंचाईको अभाव, जनशक्तिको अभाव, परिवर्तित समय अनुरूप खेती प्रणालीमा सुधार नहुनु, अन्य जातिको तुलनामा आफूलाई सक्षम ठान्न नसक्नु, आफ्ना परम्परागत पूजा, चाडपर्वहरूमा फजुल खर्च बढी हुनु जस्ता कारणहरूले सुनुवारहरूको आर्थिक अवस्था कमजोर भएको देखिन्छ ।

# अध्याय - छ
# सुनुवार जातिमा देखिएको परिवर्तित स्थिति

## ६.१ बसाइँ सराइ :

कुनै पनि जातिहरूमा परिवर्तन आउने विभिन्न कारणहरू जिम्मेवार रहेका हुन्छन् । ती कारणहरू मध्ये एउटा महत्त्वपूर्ण कारण बसाई सराइ हो । मानिस विभिन्न उद्देश्यबाट आफू बसी रहेको स्थान छाडी अन्यत्र जाने गर्दछ । पेशा, रोजगार, सुरक्षा, घुमफिर जस्ता विभिन्न कारणबाट अन्यत्र जान्छन् । आफूलाई उपयुक्त लाग्ने स्थानमा पहिले बसेको स्थान छोडी हिँड्ने कार्य नै बसाई-सराई हो । आफ्नो पूर्खाहरू बसेको स्थानमा कुनै जातिहरू लामो समयसम्म बस्दछन् भने कुनै जाति छोटो समयसम्म बस्दछन् । आफ्ना इच्छाहरू पूर्ण हुन नसक्दा कुनै पनि जातिले वैकल्पिक उपायहरूको खोजी गर्ने क्रममा पनि अन्यत्र बसाई सर्ने गर्दछन् । आफू बसी रहेको स्थानको समाजमा मिलेर बस्न नसक्दा अर्थात् अन्य जातिहरू सरहको जीवन स्तरमा पुग्न नसकी अति गरिबीका कारणले पनि मानिसहरू छुट्टै गएर बस्ने उद्देश्यले बसाईं सर्दछन् । अर्को पक्ष आर्थिक दृष्टिकोणले सम्पन्न भई सहज जीवनयापन निर्वाह गर्नका लागि सुविधा सम्पन्न स्थानमा बसाई सरेर जाने गर्दछन् । बदलिंदो समय अनुरूप आफ्ना चाहनाहरूलाई पूरा गर्न पनि अन्यत्र जाने गर्दछन् । खान नपुगेर, समाजमा आफ्नो पहिचान नै नहुँदा मानिस बसाइँ सर्ने गर्दछ, जसले गर्दा आर्थिक एवम् सामाजिक दृष्टिले परिवर्तनको अवस्था सिर्जना हुन्छ ।

नेपालका सुनुवारहरू जो सिम्रौनगढबाट विस्तारै पूर्वी पहाडतर्फ गएको उल्लेख अघिल्लो अध्यायमा गरिएको छ । आफ्नो पेशा र व्यावसाय गर्ने सिलसिलामा नै पूर्वी पहाड रामेछाप, ओखलढुङ्गामा पुगेको देखिन्छ । जसले गर्दा भौगोलिक क्षेत्र अनुरूप पनि तिनीहरूको आर्थिक एवम् सामाजिक क्षेत्रमा परिवर्तन आएको पाइन्छ । शिवमाया सुनुवारका अनुसार कटुञ्जेमा रहेका सुनुवारहरू आफ्नो चोयाको पेशा व्यावसायबाट र नाता कुटुम्बसँग आवतजावत गर्ने क्रममा छिमेकी जिल्ला रामेछाप र आसपासका

गा.वि.स.बाट धेरै पहिलेदेखि आई बसेका हुन् भन्ने भनाइ रहेको बताउँदछिन् । यहाँका सम्पन्न सुनुवारहरू काठमाडौं, विराटनगर जस्ता शहरमा गएर पनि बसेका छन् ।

बसाई सरेर जाने क्रममा यहाँका केही सुनुवारहरूले आफ्नो जग्गा-जमीन र घर पूरै विक्री गरेर कोहीले त्यसै छोडेर पनि गएका छन् (चि.सं. १४) । त्यसै छोडेर जानेहरूको जग्गा जमीन दाजुभाइले कमाइ लगाउने र निश्चित समयपछि तोकिएको नगद वा जिन्सी  जे दिन सकिन्छ त्यो दिने गर्दछन् ।

## ६.२ पुरोहितको समस्या हुनुः

सुनुवार जातिमा आफ्नो संस्कार, संस्कृति, धर्म र रीतिरिवाजमा परिवर्तन आउने अर्को महत्त्वपूर्ण कारण पुरोहितको अभाव हो । सुनुवार समाजमा आफ्नै जातको पुरोहित नासो र ब्राह्मण पुरोहित दुबैको भूमिका रहेको छ । यसरी आफ्नै पुरोहितद्वारा गराउने संस्कार र ब्राह्मण पुरोहितद्वारा  गराउने संस्कारमा एक-अर्कामा अन्तर पाउने हुँदा पनि सुनुवार समाजमा पुरोहित कसलाई मान्ने भन्ने समस्या देखिन्छ । क्षेत्री, बाहुन भएको समाजमा पढे लेखेका शिक्षित वर्ग धेरै हुने र तिनीहरूले गर्ने केही संस्कार एवम् पूजाआजामा पनि सुनुवार जातिले छुट्टै नयाँपन पाउने र त्यसलाई अनुकरण गर्ने उद्देश्यले पुरोहित फेर्ने गर्दछन् । क्षेत्री, बाहुन रहेको समाजमा बसोबास गर्ने सुनुवारहरूले आफ्नो जातमा शिक्षित वर्गको अभाव हुनाले र समाजमा मिलेर वस्नका लागि पनि बाहुन पुरोहितलाई मान्ने गर्दछन् । समाजमा आफ्नो जातिको मात्र वर्चस्व भएको स्थानमा भने आफ्नै जातको पुरोहितलाई मान्ने गर्दछन्।

कटुञ्जे गा.वि.स.मा रहेका सुनुवारहरू आफ्नो मौलिक पूजा आजा गर्ने कार्यमा बाहेक श्राद्ध गर्ने, पुराण लगाउने, सत्यनारायणको पूजा गर्न, कृष्णाष्टमीको पूजा गर्नका लागि ब्राह्मण पुरोहितलाई पूज्ने गर्दछन् । यसरी आफ्ना भिन्न पूजा र चाडपर्वमा बाहेक अन्य  धार्मिक कार्यमा ब्राह्मण पुरोहित मान्दा, ब्राह्मण पुरोहित र समाजको प्रभावले उनीहरूको सांस्कृतिक पक्षमा प्रभाव परेको देखिन्छ ।

## ६.३ अन्य जातिसँगको सम्बन्धः

कुनै पनि जातिमा अन्य जातिहरूको सम्बन्धले गर्दा पनि परिवर्तन देखिन्छ । आफ्नो जातिको मात्र बाहुल्य रहेको स्थानमा भन्दा अन्य जाति रहेको स्थानमा बसोबास गर्ने जातिहरूले समाजमा एक-आपसमा मिलेर बस्नका लागि सम्बन्ध बढाउँदै लैजाने क्रममा धेरै परिवर्तनहरू एकाएक बढ्दै जान्छन् । सुनुवार समुदायहरूमा पनि अन्य जातिसँग सम्बन्ध रहेको देखिन्छ । कटुञ्जेमा रहेका अन्य जाति बाहुन, क्षेत्री, दमाई, कामी, गुरुङसँग पनि यस जातिको सम्पर्क रहेको छ । यहाँका सुनुवारहरू जसको आफ्नो खेतबारीमा उत्पादित अन्नबाट खान लगाउन नपुग्दा क्षेत्री, बाहुनहरूकोमा ज्याला मजदुरीमा काम गर्दै जाँदा एक-अर्कामा घनिष्ट सम्बन्ध रहेको पाइन्छ । यहाँका सम्पन्न लाहुरे गुरुङहरूको आर्थिक अवस्थालाई देखेर त्यस अनुरूप आफू पनि पुग्न खोज्ने प्रयास स्वरूप पनि सम्बन्ध विस्तारै सुदृढ हुँदै गएको देखिन्छ । जसले गर्दा पनि परिवर्तनको अवस्थातर्फ उन्मुख भएको र हिजोआज केही सुनुवारहरू गुरुङहरूको सम्बन्धबाट बृटिश लाहुरे र सैनिक पेशामा जाने क्रम बढ्दै गएको पाइन्छ । त्यस्तै बाहुनहरूको सम्बन्धले विस्तारै शिक्षा क्षेत्रतर्फ पनि लागेको पाइन्छ । यसरी एक अर्का जातिको सम्बन्धबाट पनि विस्तारै परिवर्तनतर्फ लागेको भेटिन्छ । यहाँका सुनुवारहरू अन्य जातिहरूसँग अत्यन्त नजिक भएर र राम्रो सम्बन्धका साथ बसोबास गरेको पाइन्छ ।

## ६.४ आधुनिकीकरण र शिक्षाः

आधुनिकताको प्रभावले पनि जुनसुकै जातिमा परिवर्तन देखिन्छ । पहिले पहिले घर घरमा रेडियो हुँदैनथ्यो जसले गर्दा कहाँ के भइरहेको छ भन्ने कुरा थाहा हुँदैनथ्यो । जब आधुनिकीकरणले गर्दा रेडियो, क्यासेट जस्ता सञ्चारका साधनले पनि परिवर्तन हुँदै गएको देखिन्छ । आधुनिकताका कारणले नै अन्य जातिहरूसँगको सम्बन्ध अन्धविश्वासहरूमा क्रमशः परिवर्तन आएको पाइन्छ । आधुनिकीकरणले बाह्य समाजलाई बुझ्दै जाने सिलसिलामा सुनुवारहरूले राजनीतितर्फ पनि चासो देखाउन थालेका छन् भने अन्य जातिले हडप्ने र थिचोमिचो गर्ने कार्यका बिरुद्ध सचेत भएका छन् । समयको क्रमसँगै कटुञ्जेका सुनुवारहरूमा पनि आधुनिकताको प्रभाव परेको

छ । बूढापाका सुनुवारहरूमा नभए पनि नव युवा-युवतिमा लवाई-खवाई, हिँडडुल गर्ने गीत सुन्ने, कार्यमा परिवर्तन भएको देखिन्छ ।

सुनुवार जातिमा परिवर्तन देखिने अर्को कारण शिक्षा हो । पुराना बूढाबूढीहरूले शिक्षा लिन पाएका थिएनन्  भने अहिले आएर हरेक गाउँहरूम ाविद्यालयको स्थापना हुन थाले पछि पढ्लेख गर्नका लागि विद्यालय जान थालेका छन् । माथिल्लो तहसम्मको शिक्षा केही सीमितले गरे पनि साक्षर हुने कार्यमा धेरै सुनुवार सक्षम भएका छन् । शिक्षाका कारणले गर्दा नै हिजोआज सुनुवारहरूले आफ्नो जात विशेषको हक, हित र आफ्नो मौलिक संस्कृति बचाउँन सुनुवार सेवा समाज, सुनुवार विद्यार्थी समाज, सुनुवार ग्रामीण समाज, जस्ता संघ-संस्थाको पनि स्थापना गरेका छन् ।

## ६.५ परिवर्तनको प्रभाव परेका क्षेत्रहरू:

सुनुवार समुदाय नेपालको पिछडिएको समुदाय भएको हुनाले हिजोको सुनुवार समुदाय र वर्तमान समयको यस समुदायको धेरै क्षेत्रहरूमा परिवर्तन आएको छ । यो समुदायमा हिजोका दिनहरूमा धेरै अभाव र रुढीवादी परम्परा बढी रहेको थियो । कटुञ्जेका स्थानीय महिला शिवमाया सुनुवार र ललितवहादुरका अनुसार–यहाँका सुनुवारहरूमा देहायका क्षेत्रमा परिवर्तन आएको बताउँछन् ।

### ६.५.१ खानपिन:

खानमा पहिले ढिँडो, गुन्द्रुक र जाँड नै बढी खाने परम्परा थियो भने अहिले खानामा माछा, मासु किनेर र चामल पनि किनेर खाने गरिएको छ । पहिले पहिले चामलको भात खान चाडपर्व र पूजाआजा नै आउनु पर्दथ्यो । शिवमाया सुनुवारका अनुसार अहिलेका सुनुवारहरू १५ दिनमा एक छाक मासु खाने गर्दछन् तर पहिले चाडपर्व नै आउनु पर्दथ्यो ।

### ६.५.२ पोशाक:

लवाईमा पहिलेको सुनुवार महिलाहरूले गुन्यू, चोली, लुंगी मात्र लगाउँदथे भने अहिलेका महिलाहरू कुर्ता-सुरुवाल पनि लगाउँदछन् । त्यस्तै पहिलेको पुरुषहरूले

दौरा-सुरुवाल, भोटो, टोपी लगाउँथे भने अहिले सर्ट-पाइन्ट पनि लगाउँदछन् । बूढापाकाहरू सधैँ पटुकमा खुकुरी भिर्ने गर्दछन् तर युवाहरू भने खुकुरी भिर्दैनन् । पुराना बूढापाका महिलाहरू काँडेदार गरगहना लगाउँदछन् भने अहिलेका युवती गरगहना सामान्य अरु क्षेत्री, बाहुन महिलाहरूले लगाउने सरहका नै लगाउँदछन् । तर कम आर्थिक हैसियत भएका महिलाले गहना नलगाई नाक, कान छेडेको मात्र पनि देखिन्छ ।

६.५.३ स्वास्थ्य:

स्वास्थ्यमा पहिले यो जातिमा विरामी हुँदा धामी, झाँक्रीमा बढी विश्वास गरिन्थ्यो भने अहिले आएर स्वास्थ्य चौकीमा पनि जान थालेका छन् । तर पनि धामी झाँक्रीको प्रभाव भने अझसम्म उत्तिकै छ । परिवार नियोजनका साधन भने प्रयोग गरेको पाइँदैन । धेरै केटाकेटी भएमा भगवानको कृपा हो भन्ने गर्दछन् ।

६.५.४ थर लेख्ने :

थरहरू लेख्दा पनि बूढापाका सुनुवारहरू 'सुनुवार' भन्ने थर लेख्छन् भने अहिलेका सुनुवारहरू सम्पन्न सुनुवारहरूले लेख्ने थर रापचा, मुखिया लेख्ने गर्दछन् । आफूलाई सम्पन्न भन्ने ठान्न र मुखिया थर लेख्ने सुनुवार बढी सम्पन्न भएको अरु थरका सुनुवार पनि मुखिया भनेर थर परिवर्तन गर्न थालेका छन् । केही सुनुवारहरूले आफ्नै थरमा पनि ठूलाबडा भएकाहरूको थर लेख्न मन पराउँदछन् ।

६.५.५ धार्मिक क्षेत्र:

धार्मिक क्रियाकलापमा पहिलेका सुनुवारहरू आफ्नै धर्म, चाडपर्वप्रति चासो राख्दथे भने अहिलेका सुनुवारहरू सम्पन्न क्षेत्री, बाहुनका धार्मिक क्रियाकलाप र धार्मिक आस्था प्रति पनि लाग्न थालेका छन् । आफूलाई सम्पन्न र उच्च जातिको ठान्न अरु सम्पन्न समुदायले मान्ने धर्म नै मान्दछन्, पूजाआजा र दर्शन गर्न हिन्दू

धर्मका मठ मन्दिरमा पनि जान्छन् । सुनुवारहरूले हिन्दू अन्तर्गत बाहुन र बाछी चलाउन पाउने उल्लेख पनि छ ।[६घ]

### ६.५.६. राजनीतिः

राजनीतिक रूपमा पनि गा.वि.स. सदस्य लगायतका पदमा बसी अहिलेका सुनुवारहरूले काम गरिसकेका छन् । पहिले पहिले राजनीतिमा कुनै पदमा रहेर काम गरेको पाइँदैनथ्यो । कटुञ्जे गा.वि.स.मा स्व. अमर बहादुर ङवचाले गा.वि.स. सदस्य भएर राजनीति गरेका थिए । वर्तमान समयमा राजनीतितर्फ धेरैको चासो बढेर गएको पाइन्छ ।

### ६.५.७ बस्ती बस्नेः

बस्ती बसाई र घरको बनावटमा हिजो एकतले खरले छाएका साना साना घरहरू थिए भने अहिले ढुङ्गा र जस्ता (टीन) को छानाले छाएर पनि घर बनाउन थालेका छन् (चि.सं.१५) । भिरालो पाखोयुक्त जमीनमा नबसी सम्म जमीनतर्फ पनि बस्न सुरु गरेको पाइन्छ ।

### ६.५.८ पुरोहित मान्नेः

यस जातिको चाडपर्व पहिले ज्यादै नै परम्परावादी ढङ्गले गरिन्थ्यो भने अहिले समय सापेक्ष ढङ्गले गर्न थालेको पाइन्छ । ब्राह्मण पुरोहितद्वारा धार्मिक कार्य गराउँदा ब्राह्मणले धार्मिक कार्य गरुञ्जेल जाँड रक्सीको प्रयोग गर्दैनन् र ब्राह्मण पुरोहित हिँडे पछि मात्र त्यसको प्रयोग गर्दछन् ।

## ६.६ सारांशः

सुनुवार जातिमा अहिले धेरै पक्षमा परिवर्तन आएको देखिन्छ । यस जातिमा पहिले पहिले गरिबी र अभाव धेरै थियो भने अहिले यस जातिमा आर्थिक, राजनीतिक क्षेत्रमा धेरै परिवर्तन आएको देखिन्छ । केही सम्पन्न सुनुवारहरू जो आफ्नो बसोबास क्षेत्रबाट अन्य सुविधायुक्त क्षेत्रमा गई बसोबास गर्न थालेका छन् ।

---

[६घ] राजकुमार सनुवार, "सुनुवार जातिको बारे एक चर्चा", कोंइचबू, वर्ष ७, अङ्क १, सुनुवार सेवा समाज, वि.सं. २०५५, पृ. १६ ।

अन्य जातिहरूसँग पनि यो जाति निकै मिलेर बसेको पाइन्छ । मिजासिलो र सरल स्वभावका कारण यो जाति अन्य जातिका मानिससँग तुरुन्त मिलेर बस्न सक्दछन् । आफूले गर्ने धार्मिक क्रियाकलापमा आफ्नै थरको नासो पुजारीद्वारा गर्ने पूजापाठ र संस्कारहरूमा ब्राह्मण पुरोहितको पनि प्रयोग गरेका छन् । लाहूर गएर कमाउन सक्नेले अरु जातका सम्पन्न जातिका सरहको जीवन स्तर (लवाई खवाई, बसोबास) गरेका छन् भने गरीब र पिछडिएका सनुवारहरूले ज्यालामजदुरी र हलो-कोदालो गरेर नै जीवन निर्वाह गरेका छन् ।

शैक्षिक दृष्टिमा आजसम्म पनि धेरै पछाडि रहेका यस जातिका मानिसहरूको हिजोको शैक्षिक अवस्था शून्य नै छ । बूढापाका सुनुवारहरूले  पढेलेखेको पाइँदैन । धेरै पछि आएर यस गा.वि.स. का थोरै औंलाले गन्न सकिने सुनुवारहरूले मात्र पढ्लेख गरेको र त्यसमा पनि अधिकांश सुनुवारहरूले पढ्दा पढ्दै बीचैमा पढाई छोडेर जागिर खान थालेको देखिन्छ । आधुनिकीकरणको प्रभाव र अन्य जातिका मानिसहरूको शैक्षिक एवम् आर्थिक अवस्था देखेर पनि अहिले पहिलेका भन्दा बढी सचेत भई आफ्नोबारे सक्रिय भएको पाइन्छ ।

# अध्याय - सात
# सारांश, निष्कर्ष र सुझावहरू

## ७.१ सारांशः

यस शोधपत्रको मुख्य उद्देश्य कटुञ्जे गा.वि.स. मा बसोबास गर्ने सुनुवार जातिको सामाजिक, सांस्कृतिक पक्षको अध्ययन र विश्लेषण गर्नु हो । साथै यो जातिको सामाजिक स्तर, जीवन निर्वाहको अवस्था कस्तो छ भनी थाहा पाउनु पनि मुख्य उद्देश्य हो ।

यस शोधपत्रमा अन्तर्वार्ता, सहभागी अवलोकन विधि अङ्गाली वि.सं. २०६४ चैतको अन्तिमदेखि अध्ययन अनुसन्धान कार्य सुरु गरिएको हो । हुन त शोधकर्ता स्वयंमको जन्मस्थल पनि कटुञ्जे गा.वि.स. मा नै भएको र सुनुवारहरूको छिमेकमा हुर्केकोले अध्ययन अनुसन्धानका लागि कठीन नभए पनि यस जातिको उत्पत्ति, बसोबास क्षेत्र, परम्परागत संस्कार र संस्कृतिको अध्ययनका लागि लामो समय नै दिनु परेको छ ।

यो जाति सिम्रौनगढबाट नेपालको विभिन्न जिल्ला र नदी किनाराहरूमा छरिएर बसेको पाइन्छ । किराँत वंशको एक प्रमुख हाँगाको रूपमा यस जातिलाई लिइएको छ ।

यस जातिको आफ्नै सुनुवारी भाषा छ । जुन भाषामा साहित्यहरूको रचना भने गरिएको पाईंदैन । त्रिवोली शब्दकोष र सुनुवार भाषा बोलीचालीका केही पुस्तकहरू भर्खरै प्रकाशित भएका छन् । सुनुवारहरू आफ्नो परिवारमा र जातिमा सुनुवार भाषा नै बोल्ने गरेको भए तापनि अन्य जातिसँग नेपाली भाषा नै प्रयोग गरेको देखिन्छ । यिनीहरूले बोल्ने भाषा भोट-बर्मेली भाषा परिवार भित्रको भाषा हो ।

यिनीहरूका चाडपर्वहरू मसेरानी, चण्डी, दशैं, तिहार, कृष्णाष्टमी अन्य जाति सरह भए पनि यी चाडपर्वहरूमा मीठो खाने र राम्रो लाउने परम्पराले आफूमा काँचुली नै फेरेको महसुस गर्दछन् र घरमा खाने, लगाउने चीज कम भए पनि खोजीमेली गरेर भए पनि अत्यन्त तडक भडकका साथ मनाउँदछन् ।

- धर्ममा यो जातिले आफ्नै मुन्धुम नामक ग्रन्थद्वारा निर्देशित कुराहरू पालना गर्ने गर्दछन् । चण्डीपूजा, गिल, काँष, छेगु, गोठधूप पूजा, कूलपूजा यिनीहरू ज्यादै सतर्क भई मान्य गर्दछन् । तसर्थ धार्मिक क्षेत्रमा यिनीहरूको ठूलो प्रभाव परेको देखिन्छ ।
- धामी, झाँक्रीमा यस जातिको ठूलो आस्था छ । विरामी भएमा सर्वप्रथम धामी, झाँक्रीद्वारा नै उपचार गराइन्छ र उनीहरूद्वारा उपचार सम्भव नभए मात्र स्वास्थ्य संस्थामा लाने गरिन्छ ।
- यिनीहरूमा पहिला संयुक्त परिवार प्रथा भएकोमा हाल एकात्मक परिवार पनि बस्न थालेका छन् । सुनुवार समाज पुरुष प्रधान समाज भए पनि महिलाहरूको स्थान पनि उत्तिकै छ । महिलाहरूको काममा घरभित्र खाना पकाउने, घरधन्दा गर्ने, बालबच्चाको स्याहार सुसार गर्ने, घर बाहिर खेतीपातीका साथै घाँस काट्ने जस्ता कामहरू गर्दछन् ।
- यिनीहरूको मुख्य खाना ढिँडो, गुन्द्रुक, माछा, मासु, जाँड, रक्सी प्रमुख मानिन्छ । जाँड-रक्सी यिनीहरूको धेरै महत्त्वपूर्ण पेय पदार्थ मानिन्छ । जुन धार्मिक कार्य र संस्कार सम्पन्न गर्न, गराउन  पनि प्रयोग गर्ने गर्दछन् ।
- संस्कारहरूमा जन्म, न्वारान, अन्नप्राशन, विवाह, मृत्यु रहेका छन् । यी संस्कार सम्पन्न गर्दा ब्राह्मण पुरोहित र आफ्नै नासो पुरोहित वा पुजारीबाट गराइन्छ । विवाह संस्कारमा भाइ खुवाउने र रीत बुझाउने प्रचलन छ । मागी, प्रेम, भगाई लाने विवाह नै प्रमुख मानिन्छन् । त्यस्तै मृत्यु संस्कारमा जलाउने र गाड्ने दुबै प्रचलन भए तापनि हाल आएर जलाउने संस्कार नै बढी भएको देखिन्छ ।
- आर्थिक दृष्टिकोणमा यिनीहरू विपन्न वर्गका मानिन्छन् । खेतीयोग्य जमीन कम हुने र भएको पनि पाखो र सिंचाई सुविधा कम भएको हुँदा उत्पादन ज्यादै कम हुन्छ । विदेश गई कमाउने र सैन्य, प्रहरी सेवातर्फ गई जागिर खानेहरूको भने आर्थिक अवस्था राम्रो छ तर यस किसिमका सुनुवारहरूको सङ्ख्या ज्यादै थोरै नै छ । सम्पन्न केही सुनुवारहरू सुविधायुक्त ठाउँमा बसाईं सरी जाने र विपन्न सुनुवारहरू ज्यालामजदुरी गरेर जीवन निर्वाह गरी बसेका छन् ।

## ७.२ निष्कर्ष:

कटुञ्जे गा.वि.स.का सुनुवारहरूको सामाजिक, सांस्कृतिक अध्ययन अनुसार यिनीहरूका पूर्खा किराँत जाति भएको र तिनै किराँतका सन्तान विभिन्न ठाउँमा गई बसोबास गर्ने क्रममा सुनकोशी वारी बस्नेलाई सुनुवार भनिन थालियो । यो जाति आज पनि सुनकोशी, लिखु नदी किनार, रामेछाप, दोलखा र ओखलढुङ्गा जिल्लामा नै बढी रहेको पाइन्छ ।

सुनुवारहरूमा १२ थरे सुनुवार, १० थरे सुनुवार, जिरेल, सुरेल र हायु रहेका छन् । यिनमा पनि विभिन्न उपथर (पाछा) हरू रहेका छन् । जसको विवरण विभिन्न जिल्लाहरूमा जस्तो सिन्धुली, रामेछाप लगायतका ठाउँमा पाइन्छ ।

आर्थिक अवस्था कमजोर भएकै कारणले शिक्षाको क्षेत्रबाट बञ्चित रहेको देखिन्छ । केही सम्पन्न सुनुवारहरूले मात्र उच्च शिक्षा लिएका छन् । सुनुवारका पुराना पुस्ताका मानिसहरू निरक्षर छन् । शिक्षाका कारणले गर्दा नै नोकरीमा र अन्य सुनौला अवसरहरूबाट यो जाति पछाडि परेको पाइन्छ । यिनीहरूमा रुढीवादी परम्परा र अन्धविश्वास बढी भएको कारणले पनि आर्थिक क्षेत्र र नोकरीका क्षेत्रमा कम उपस्थिति भएको पाइन्छ । अशिक्षा कै कारणले यस जातिले आफूलाई धामी, झाँक्री, बोक्सी जस्ता अन्धविश्वास र रुढीवादी परम्पराबाट छुट्कारा पाउन सकेका छैनन् । त्यस्तै बस्ती बसाई रहेका क्षेत्रमा भएको जमीनको स्वरूप पनि पाखोयुक्त जमीन बढी र सिंचाई सुविधाको अभावले उत्पादनमा वृद्धि हुन नसकेको पाइन्छ । शिक्षाको अभाव, परम्परावादी सोचले गाज्नु जस्ता कारणले आफ्नो संस्कृति, परम्परामा नै ह्रास आएको कारणले यी कुराहरूको संरक्षण गर्न लक्षित कार्यक्रम संचालन गर्न सरकारले पनि सहयोग गर्नु पर्ने देखिन्छ ।

सुनुवार जाति अत्यन्त सोझा, मिलनसार, मृदुभाषी र अरुको सम्मान गर्ने तथा परिश्रमी छन् । जसले सैन्य र प्रहरी सेवामा केही हदसम्म सेवा गरी आर्थिक सुधार गरेका छन् । यिनीहरू परिश्रमी भएको कारणले ज्यालामजदुरीबाट आफ्नो जीवन निर्वाह गर्ने गर्दछन् ।

सामाजिक संस्कार एवम् चाडपर्वमा आफ्नो हैसियत भन्दा बाहिर गएर गर्ने खर्चले स्वयंममा ठूलो प्रभाव पारेको छ । आर्थिक, सामाजिक, जस्ता क्षेत्रमा भएको अनावश्यक खर्चलाई व्यवस्थापन गर्नु पर्ने पनि देखिन्छ ।

आफ्नो जातित्त्वको बारेमा सचेत भई जातीय उत्थान र कल्याणका लागि सुनुवार सेवा समाज, महिला सेवा समाज, सुनुवार विद्यार्थी समाज जस्ता संस्थाहरूको स्थापना भएका छन् । कुनै पनि जातिको जातीय उत्थान, कल्याण, सांस्कृतिक मूल्य मान्यताको जगेर्ना गर्न यस प्रकारका संस्थाको भूमिका महत्त्वपूर्ण रहन्छ । देशका विभिन्न जातजातिहरूको संरक्षण गर्ने राष्ट्रिय नीति अनुरूप नेपाल सरकारले यस प्रकारका संस्थाहरूलाई सहयोग र प्रोत्साहन दिनु आवश्यक देखिन्छ ।

## ७.३ सुझावहरू:

नेपाल एक बहुजातीय, बहुभाषी र बहुसांस्कृतिक सम्पन्न विविधतामा एकता भएको राष्ट्र हो । यहाँ विभिन्न जाति, धर्म, संस्कृति, भाषा, भाषीको समिश्रण पाइन्छ । यस प्रकारको विविध जातजाती मध्ये नेपालको किराँत वंश भित्रको एक प्रमुख जाति सुनुवार पनि हो । यस जातिको पनि आफ्नो भाषा, संस्कृति र परम्परा रहेको छ । यस जातिको संरक्षण, सम्वर्द्धन र उत्थानका लागि सरकारी तथा गैर-सरकारी संघ-संस्था र अन्य निकायहरूले निम्न बमोजिमका कार्यक्रमहरू संचालन गर्नु पर्ने देखिन्छ ।

(१) आफ्नो छुट्टै सामाजिक एवम् सांस्कृतिक मूल्य, मान्यता भएको अल्पसंख्यक र पिछडिएको यस जातिको उत्पत्ति, सांस्कृतिक परम्परा जस्ता विषयको बारेमा संरक्षण गर्न राष्ट्रिय स्तरबाट विस्तृत अध्ययन, अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

(२) यस जातिको जीवन स्तर र जनचेतना अभिवृद्धि गर्नका लागि निश्चित तहसम्म निशुल्क शैक्षिक कार्यक्रम ल्याउनु पर्दछ ।

(३) नेपाल सरकारले यस जातिको सर्वपक्षीय क्षेत्रको विकास गर्न सम्बन्धित क्षेत्रमा लक्षित कार्यक्रम ल्याउनु पर्दछ ।

(४) बालशिक्षा, प्रौढ शिक्षाको क्षेत्रमा लगानी गरी त्यस क्षेत्रको समय-समयमा अनुगमन एवम् मूल्याङ्कन गर्ने परिपाटीको विकास राष्ट्रिय तथा स्थानीय दुबै तहबाट गर्नु जरुरी हुन्छ ।

(५) सम्बन्धित जातिकै अभिभावकहरूलाई छोराछोरीलाई विद्यालय पठाउनु पर्छ भन्ने उचित सल्लाह एवम् जानकारी दिनु पर्दछ । साथै यस जातिका बालबालिकाहरूलाई विद्यालयबाट दिन मिल्ने सहुलियत र सुविधा पनि दिनु पर्दछ ।

(६) महिला विरुद्ध गरिने भेदभावलाई अन्त्य गर्न विशेष कार्यक्रम र सहुलियत, सुविधाको व्यवस्था गर्नु पर्दछ । जसले गर्दा स्वयंम् महिलाहरू सचेत भई अगाडी बढ्न सक्दछन् ।

(७) गाउँमा स्वास्थ्य सम्बन्धी जनचेतनाको अभाव र कमीले गर्दा विभिन्न रोगको शिकार बन्न पुगेका सुनुवारहरूलाई सम्बन्धित ठाउँमा स्वास्थ्य केन्द्रको व्यवस्था र घुम्ती स्वास्थ्य कार्यक्रम संचालन गरी स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउने काम गर्नु पर्दछ ।

(८) आर्थिक अवस्थामा परिवर्तन गर्नका लागि आयमूलक व्यावसाय संचालन गर्न सम्बन्धित वित्तिय संस्थाबाट विना धितो सुलभ तरिकाले ऋण दिने व्यवस्था गर्नु पर्दछ ।

(९) सुनुवार जातिले गर्दै आएका परम्परागत घरेलु व्यावसाय जस्तै– डोको, डालो, नाम्लो, भकारी, थुन्से, सोली, फिपी, राडी, लकुनी, रुमाल बुन्ने जस्ता कार्यहरूलाई उद्योगको रूप दिई उचित बजारको प्रवन्ध गर्नु पर्दछ ।

(१०) कृषि क्षेत्रमा विकास गर्नका लागि उत्पादकत्त्व बढाउने उन्नत बीउ, मलको व्यवस्था र सिंचाईको व्यवस्था गरी आधुनिक खेती प्रणालीतर्फ लाग्न प्रेरित गर्नु पर्दछ ।

(११) पूजापाठ र संस्कार गर्दा गरिने अनावश्यक तडक भडकलाई छोडी विधि-सम्मत् सहज र सरल बनाउन सल्लाह, सुझाव दिनु पर्दछ ।

(१२) सुनुवार जातिहरू आफैं संगठित भई विशुद्ध जातीय संघ, संस्था बनाई वैधानिकता प्राप्त गरी जातीय उत्थान, संरक्षण गर्न लागेर आफ्नो धर्म, संस्कृति, भाषा, समाजबारे नयाँ आउने पिँढीलाई जानकारी दिन राष्ट्रिय स्तरमा आवाज उठाउनु पर्दछ ।

यस प्रकारका कार्यक्रम संचालन गरेर र राष्ट्रिय एवम् स्थानीय स्तरबाट अघि बढ्न प्रेरित गर्न सकेको खण्डमा केही हदसम्म भए पनि सामाजिक, आर्थिक, सांस्कृतिक पक्षमा सुधार भई परिवर्तन र विकासोन्मुख हुने अवस्थाको विकास हुन्छ ।

# सन्दर्भ सामग्रीहरू


नेपाली

१. उपाध्याय, श्रीरामप्रसाद, नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास, काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०६२ ।

२. के.सी., टंक, नेपालका जनजाति र मौलिक परम्परा, काठमाडौंः लोक संगीत कला प्रतिष्ठान नेपाल, वि.सं. २०५९ ।

३. खत्री, प्रेम, नेपाली समाज र संस्कृति, ललितपुर : साझा प्रकाशन, वि.सं. २०४४ ।

४. खत्री, प्रेमकुमार, नेपालका धार्मिक मत र सामाजिक संरचना, काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स, वि.सं. २०५४ ।

५. चेमजोङ, इमानसिङ, किराँत इतिहास र संस्कृति, झापा : शनिश्चरे गा.वि.स. ६ शालवाडी, वि.सं. २०५१ ।

६. पाण्डे, मधुसूदन, नेपालका जनजातिहरू, काठमाडौं : पैरवी प्रकाशन, वि.सं. २०६४ ।

७. बराल, वासु, हिन्दू सामाजिक सङ्गठनको प्रारुप, ललितपुर : साझा प्रकाशन, वि.सं. २०५८ ।

८. बाँस्कोटा, कृष्णहरि, सामाजिक अध्ययन, काठमाडौं : फूल्चोकी पुस्तक तथा मसलन्द भण्डार, वि.सं. २०५४ ।

९. विष्ट, डोरबहादुर, सबै जातको फूलबारी, ललितपुर : साझा प्रकाशन, वि.सं. २०३० ।

१०. शर्मा, जनकलाल, हाम्रो समाज एक अध्ययन, ललितपुर : साझा प्रकाशन, वि.सं. २०३९ ।

११. शर्मा, नगेन्द्र, नेपाली जनजीवन, ललितपुर : साझा प्रकाशन, वि.सं. २०५८ ।

१२. सूचना विभाग, हाम्रो संस्कृति, काठमाडौं : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, वि.सं. २०३७ ।

१३ सूचना विभाग, पूर्व मेचीदेखि महाकाली भाग एक, काठमाडौं : श्री ५ को सरकार, सञ्चार मन्त्रालय, वि.सं. २०३१ ।

१४. सूचना विभाग, नेपाल अधिराज्यको सङ्क्षिप्त परिचय, काठमाडौं : श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय, वि.सं. २०६१ ।

१५. सुनुवार, लोकप्रिय, त्रिबोली शब्दकोश, काठमाडौंः सुनुवार सेवा समाज, वि.सं. २०६० ।

लेख तथा पत्र-पत्रिकाहरू

१. अधिकारी, नवराज (सं.), "नेपालका आदिवासी र जनजाति", अन्तर्राष्ट्रिय मञ्च, वर्ष २०, अङ्क १२, वि.सं. २०६१ असोज ।

२. कुवँर, धनवहादुर, हायू लोक संस्कृति अध्ययन, (अप्रकाशित अनुसन्धान प्रतिवेदन) कीर्तिपुर : त्रि.वि. शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान मशाखा, वि.सं. २०४१ ।

३. कोर्मोचा, महेश, “ओखलढुङ्गाः पर्यटन विकासको सङ्क्षिप्त जानकारी”, कोंइचबु वर्ष ७, अङ्क १, काठमाडौं : सुनुवार सेवा समाज, वि.सं. २०५५ ।

४. केन्द्रीय तथ्याङ्क विभाग, ओखलढुङ्गा जिल्ला एक चिनारी, काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६१ ।

५. गा.वि.स. कार्यालय कटुञ्जे, गा.वि.स. को पार्श्व चित्र, (भिलेज प्रोफाईल), ओखलढुङ्गाः कटुञ्जे गा.वि.स., वि.सं. २०५९ ।

६. मुखिया, तेजवहादुर, “सुनुवार जाति एक परिचय”, कोंइचबु, वर्ष ३, अङ्क १, काठमाडौंः सुनुवार सेवा समाज, वि.सं. २०५९ ।

७. मुखिया, समीर (सं.), “सुनुवारको सम्बन्ध”, चेतना, वर्ष १, अङ्क २, काठमाडौं : सुनुवार विद्यार्थी समाज, वि.सं. २०५८ ।

८. सुनुवार, राजकुमार, “सुनुवार जातिको एक चर्चा”, कोंइचबु, वर्ष ७, अङ्क १, काठमाडौं : सुनुवार सेवा समाज, वि.सं. २०५६ ।

९. सुनुवार, लालवहादुर, “किराँत कोइँच भाषाको आवश्यकता र लोपका कारणहरू”, जेम्लाहास, वर्ष १, अङ्क १, काठमाडौं : सुनुवार सेवा समाज, वि.सं. २०६३ ।

**द्ययपक बलम व्यगचलबकिस**

ज्ञ। द्यष्कतब, म्यच द्यबजबमगच, **एभयउभि या ल्भउर्बा**, प्वतक्रबलमग स च्वतलब एगकतबप द्यजबलमबच, ज्ञढटठ बम

द्द। द्यष्कतब, म्यच द्यबजबमगच, ूत्जभ क्ालगधबचू, **प्यष्तकदग** , प्वतक्रबलमगस क्ालगधबच क्भधब क्कबव, द्दण्छट द्या९

घ। ऋभलतचर्बा द्यगचभबग या क्तबतष्कतष्अक, **क्तबतष्कतष्अर्बा एयअपभत द्ययप ल्भउर्बा**, प्वतक्रबलमग स ऋभलतचर्बा द्यगचभबग या क्तबतष्कतष्अक, द्दण्ण्ज्ञ बम

द्ध। ऋजभ्रवयलन, क्ष्बलकष्लनज, **ज्ष्कतयचथ बलम ऋगतिगचभ या प्च्बत एभयउभि**, प्वतक्रबलमग स एगकउब च्वतलब क्बनबच, ज्ञढटठ बम

# परिशिष्ट - १

## घर सर्वेक्षण गर्दा सोधिएका प्रश्नावलीहरूको नमुना

(१) तपाईंको घरमुलीको नाम थर के हो ?

(२) तपाईंहरूको घर परिवारमा कति सदस्यहरू हुनुहुन्छ ?

(३) कटुञ्जे गा.वि.स.मा तपाईहरू कहाँबाट आएर बस्नु भएको हो ?

(४) कुन-कुन वडामा सुनुवार बस्ती रहेको छ ।

(५) तपाईंहरूको घर परिवार रहेको जमीन आफ्नै हो कि अरुको कमाएर बस्नु भएको हो?

(६) खेतीपाती लगाउँदा कुन-कुन बालीहरू लगाउनु हुन्छ ?

(७) सुनुवार समुदायमा गरिने प्रमुख व्यावसायहरू के के हुन् ?

(८) सुनुवार जातिमा मनाइने ठूलो चाड कुन हो ?

(९) चाडपर्वहरूमा के कति खर्च गर्नु हुन्छ?

(१०) तपाईंहरूले गर्ने पूजाहरू के के हुन् ?

(११) तपाईंहरूको आफ्नै भाषा छ कि छैन ?

(१२) तपाईहरू सुनुवार भाषा बोल्नु हुन्छ कि नेपाली भाषा बोल्नु हुन्छ ?

(१३) तपाईंहरूको जातीय तह छन् कि छैन ?

(१४) तपाईंहरूका थर कति रहेका छन् ?

(१५) जन्मदेखि मृत्युसम्म सम्पन्न गरिने प्रमुख संस्कार के-के हुन् ?

(१६) संस्कार सम्पन्न गर्दा पुरोहित कसलाई मान्नु हुन्छ ?

(क) ब्राह्मण (ख) नासो (ग) दुबै

(१७) तपाईंहरू कस्तो परिवारमा बस्नु हुन्छ ?

(क) एकल (ख) संयुक्त

(१८) विवाह गर्दा कुन किसिमको विवाह गर्नु हुन्छ ?

(क) मागी (ख) चोरी (ग) प्रेम (घ) जारी

(१९) विवाह संस्कारमा कुन-कुन विधि प्रयोग गर्नु हुन्छ ?

(२०) तपाईंहरू ज्यालामजदुरीमा काम गर्नु हुन्छ कि गर्नु हुन्न ?

(२१) परिवारमा महिला र पुरुष कस्को भूमिका महत्त्वपूर्ण हुन्छ ?

(२२) तपाईंहरूले चाडपर्व एवम् संस्कार सम्पन्न गर्दा प्रयोग गरिने खाना के के हुन् ?

(२३) तपाईहरूले लगाउने पोशाक र गरगहनाहरू के के हुन् ?

(२४) तपाईंहरू भूत-प्रेत, धामी-झाँक्रीमा कत्तिको विश्वास राख्नु हुन्छ ?

(२५) धामी-झाँक्रीको स्थान कस्तो हुन्छ ?

(२६) तपाईंहरूका आम्दानीका स्रोतहरू के के हुन् ?

(२७) तपाईंहरूको समाजमा शिक्षाको अवस्था कस्तो छ ?

(२८) युवाहरू र वृद्धाहरूको समाजमा कस्तो प्रभाव छ ?

(२९) तपाईंहरूको अन्य जातिसँगको सम्बन्ध कस्तो छ ?

(३०) तपाईंहरूको समाजमा कूल देवताको अतिरिक्त अन्य कुन कुन देवताहरूको पूजा गरिन्छ ?

(३१) पूजाआजा गर्नका लागि देवस्थलमा जानु हुन्छ कि जानु हुन्न ?

(३२) रोजगारका लागि तपाईंहरूको परिवारबाट कोही विदेश जानु भएको छ कि छैन ?

(३३) तपाईंहरूले गर्ने अन्य पेशाहरू कुन-कुन छन् ?

(क) चोयाको काम (ख) रुमाल बुन्ने (तानको काम)

(३४) तपाईंहरूको समाजमा देखिएका प्रमुख समस्याहरू के छन् ?

(क) आर्थिक (ख) सामाजिक (ग) शैक्षिक एवम् रोजगार

(३५) सुनुवार जातिको उत्थानको लागि के-कस्ता संघ-संस्थाहरू छन् ?

## परिशिष्ट - २
## अन्तर्वाता लिएका व्यक्तिहरूको विवरण

१. शिवमाया सनुवार

२. पद्मवहादुर बिजे

३. मनमाया सुनुवार

४. गंगा सुनुवार

५. ललितवहादुर सुनुवार

६. खडोस सुनुवार

७. महेशकुमार कोर्मोचा

८. लोकप्रिय सुनुवार

९. धनकुमारी सुनुवार

१०. दिनेशवहादुर सुनुवार

११. ज्ञानेन्द्र भट्टराई

१२. हरिलाल भट्टराई

१३. तुलाराम पराजुली

१४. श्यामवहादुर कट्वाल

१५. तिलवहादुर कट्वाल